अन्तर्राष्ट्रिय विकास
साझेदार समूह, नेपाल

# लैंगिक समानता
# तथा
# सामाजिक समावेशीकरणको लागि
## साझा प्रारूप (फ्रेमवर्क)



लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्य समूह

अन्तर्राष्ट्रिय विकास साझेदार समूह, नेपाल

# लैंगिक समानता
## तथा
# सामाजिक समावेशीकरणको लागि
## साझा प्रारुप (फ्रेमवर्क)

लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्य समूह

लैंगिक समानता तथा
सामाजिक समावेशीकरणको
लागि साझा प्रारूप (फ्रेमवर्क)

© **सर्वाधिकार २०१७**

**प्रकाशक :** जेसी कार्य समूह, २०१७ : लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्य समूह, अन्तर्राष्ट्रिय विकास साझेदार समूह, नेपाल

यो पुस्तकको कुनै पनि अंश पूर्व स्विकृतिबिना कुनै पनि माध्यमबाट प्रयोग गर्न (तस्बिर, इलेक्ट्रोनिक, मेकानिकल, फोटोकपी, रेकर्ड, सूचना भण्डार) वा पनरुत्पादन गर्न पाइने छैन ।

**डिजाइन र मुद्रण :** प्रिन्ट कम्युनिकेशन प्रा. लि., १०-४२४४१४८
info@printcommunication.com.np




UN Women, Nepal


ICIMOD Nepal

# जेसी कार्य समूहका तर्फबाट केही भनाइ

लैंगिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी विकास साझेदार समूहहरू (डेभलपमेन्ट पार्टनर्स) बीच साझा बुझाइ निर्माण गर्न मद्दत पुऱ्याउने उद्धेश्यले यो प्रारूप (फ्रेमवर्क) तयार गरिएको हो । सकारात्मक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताका कारणले लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा महत्वपूर्ण प्रगति भएका छन् । तापनि नेपालको जनसंख्याको ठूलो भाग विभेदबाट अझै प्रभावित भइरहेको छ । विकास साझेदार समूहबीचको स्पष्ट कार्यनीतिले नेपाल सरकारलाई समन्वयकारी सहयोग पुऱ्याउन मद्दत पुग्दछ ।

लैंगिक समानता तथा सामाजिक समावेशीकरण (जेसी) कार्य समूह (सामाजिक समावेशीकरण कार्य समूह, सियागको मार्च २०१६ मा रूपान्तरित नाम), अन्तर्राष्ट्रिय विकास साझेदार समूह (आइ.डी.पी.जी.) को सामाजिक 'क्लस्टर' अन्तर्गतको एउटा कार्य समूह हो (आइ.डी.पी.जी., जेसी कार्य समूहका सदस्यहरूको सूची अनुसूची १ मा संलग्न रहेको छ) । जेसी कार्य समूहले आइ.डी.पी.जी. र अन्य विकास साझेदार र सरोकारवालाहरूलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरणका विषयमा रणनीतिक सहयोग प्रदान गर्दछ । मार्च २०१६ स्विस सरकार विकास सहयोग (एस.डि.सि.) र संयुक्त राष्ट्र संघ आवासीय प्रतिनिधिको कार्यालयको अध्यक्षता पछि हाल यु.एस.ए.आइ.डी. र यु.एन.वुमन यसको सह-अध्यक्ष भएका छन् ।

स्विस सरकार विकास सहयोग (एस.डि.सि.) र अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यु.एस.ए.आइ.डि.) को आर्थिक सहयोगमा जेसी कार्य समूहले विशेषज्ञको रूपमा छायाँ झालाई यो प्रारूप बनाउने कार्यभार सुम्पियो । त्यसका लागि अन्तर्राष्ट्रिय जेसी विशेषज्ञको रूपमा डा. लिन बेनेटले राष्ट्रिय विशेषज्ञ झा र जेसी कार्य समूहलाई सहयोग गर्नुभएको थियो । उहाँहरूले विभिन्न मन्त्रालयले जारी गरेको जेसी निर्देशिका, त्यसका परिभाषा र विधिको समीक्षा गर्नुभयो । साथै, विभिन्न सरकारी निकाय, विकास साझेदार संस्था, नागरिक समाज तथा समुदायका सरोकारवाला संलग्न स्थानीय, जिल्ला र राष्ट्रिय स्तरमा प्रत्येक विकास क्षेत्रका पाँच जिल्लामा परामर्श गोष्ठी आयोजना गरी सुझाव संकलन गर्नुभयो । काठमाडौँमा जेसी कार्य समूहले विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र विभिन्न मन्त्रालयका लैंगिक समानता सम्पर्क अधिकारीलाई सहभागी गराई परामर्श गोष्ठीहरू आयोजना गऱ्यो । यी परामर्श गोष्ठीहरूले नेपालमा अभ्यासमा रहेका प्रभावकारी पद्धतिहरू र महिला, विपन्न, जोखिममा परेका तथा वञ्चितीकरणमा परेका समूहहरूको क्षमता अभिवृद्धि र त्यससँग सम्बन्धित चुनौतीहरू सम्बोधन गर्न आवश्यक मुख्य पक्षहरूलाई यो प्रारूपमा समेट्न सघाउ पुऱ्याएको थियो ।

जेसी कार्य समूह आफू र विकास साझेदारहरूबीच यसबारे साझा अवधारणा निर्माण हुँदा विकास साझेदारहरू बीच समन्वय र सामञ्जस्यतामा सुधार हुने, जसबाट नयाँ संविधानमा उल्लेखित 'समावेशी' लक्ष्य पूरा गर्न र विविधतायुक्त नेपाली समाजको सकारात्मक विकासमा राज्य र गैरसरकारी क्षेत्रलाई प्रभावकारी सहयोग पुग्नेछ भन्ने पनि विश्वास गर्दछ ।

जेसी कार्य समूह नेपाल सरकारलाई आफ्ना जेसी लक्ष्य हासिल गर्न सहयोग गर्न प्रतिबद्ध छ । यो कार्य समूह समावेशी विकासका लागि प्रतिफल प्राप्त गर्न र त्यसको लक्ष्य प्राप्त गर्न आफ्ना विकास साझेदार र सरकारी निकायलाई सहयोग गर्न प्रतिबद्ध छ ।

**क्रिष्टिन रे**
कार्यक्रम निर्देशक, यु.एस.ए.आइ.डि./नेपाल

**वेनी कुसुमा**
प्रतिनिधि, यु.एन.वुमन, नेपाल

सह-अध्यक्ष, जेसी कार्य समूह

# विषय सूची

जेसी कार्य समूहका तर्फबाट केही भनाई ङ
शब्द संक्षेप ज

१ **लैंगिक समानता तथा सामाजिक समावेशीकरण (जेसी): के हो र किन ?** १
१.१ परिचय १
१.१.१ औचित्य १
१.१.२ विधि १
१.२ जेसी नेपालको लागि किन महत्वपूर्ण छ ? १
१.२.१ समावेशी राज्य बनाउने संवैधानिक ध्येयलाई पूरा गर्न १
१.२.२ दिगो विकासका मुख्य लक्ष्यको प्राप्ति २
१.३ जेसी के हो ? एकरूपता र भिन्नताका पक्षहरू ३
१.३.१ जेसीको नेपालमा उत्पत्ति र व्यापक अभ्यास ३
१.३.२ राज्यको जेसीसम्बन्धी प्रावधानहरू ३
१.३.३ नेपालका विकास साझेदारहरूको जेसी सम्बन्धी नीतिगत कार्यदेश र अभ्यासहरू ५
१.३.४ एकरूपताका क्षेत्र ६
१.३.५ पर्याप्त परिभाषा र अवधारणा स्पष्ट नभएका क्षेत्र ८

२ **परिवर्तनका साझा सिद्धान्त तर्फः**
**असमानता र वञ्चितीकरणबाट समानता र समावेशीतिर** १५

३ **जेसी कसरी कार्यान्वयन (क्रियाशील बनाउने) 'गर्ने' ?** २१
३.१ जेसीलाई नीतिहरूमा जोड्ने उपायहरू २१
३.२ आयोजना/कार्यक्रम चक्रमा जेसीको एकिकृत २३
३.२.१ वञ्चित र जोखिममा परेका समूहहरूको स्पष्ट पहिचान गर्ने २४
३.२.२ बाधा र क्षमताको अवस्था विश्लेषण २४
३.२.३ जेसी मैत्री योजना २५
३.२.४ कार्यक्रम तर्जुमा र बजेट निर्माणमा जेसी २६
३.२.५ जेसी मैत्री अनुगमन, रिपोर्टिङ र मूल्यांकन २७
३.३ जेसीको लागि संस्थागत व्यवस्था २९

## अनुसूची


अनुसूची १: आइ.डि.पी.जी. जेसी कार्य समूहका सदस्यहरूको सूची (वर्णक्रम अनुसार) ३२
अनुसूची २: परामर्श गरिएका व्यक्तिहरूको सूची ३४
अनुसूची ३: विकास साझेदारहरू बीच जेसीसम्बन्धी एकरूपता र भिन्नताका नक्शांकन ३६
अनुसूची ४: नेपाल सरकारको निर्देशिकाहरूबाट लिइएका परिभाषाहरू ४०
अनुसूची ५: जेसी साझा परिवर्तनको सिद्धान्तमा अभिव्यक्त हुने विभिन्न विकास साझेदारहरूको मुख्य धारणा ४२
अनुसूची ६: आयोजना तहमा परिवर्तनको सिद्धान्तका (टिओसी) अवधारणालाई अनुगमन गर्न सकिने कार्यक्रमका यर्थाथ रूपान्तरण ४६


## चित्र सूची


चित्र १ वञ्चितीकरणबाट समावेशीतिरः व्यक्तिले संस्थाहरू निर्माण गर्दछन्: संस्थाले व्यक्तिलाई बदल्छन् १५
चित्र २ वञ्चितीकरणबाट समावेशीतिरः राज्य, अर्थतन्त्र र समाज निर्माणमा यी संस्थाहरूका कस्ता व्यक्तिले बढी प्रभाव पार्दछन् ? १६
चित्र ३ वञ्चितीकरणबाट समावेशीतिरः नेपालमा को सामाजिक वञ्चितीकरणमा परेका छन् र को समावेशी छन् ? १७
चित्र ४ वञ्चितीकरणलाई घटाउन र 'शक्ति पुनःसन्तुलन' गर्न के गर्न सकिन्छ ? १८


## तालिका सूची


तालिका १ जेसीसम्बन्धी नेपाल सरकारको संस्थागत संयन्त्र ५
तालिका २ संविधान २०१५ मा कल्याणकारी, विकास सहायता र सकारात्मक पहलका लागि योग्यताको व्याख्या ९
तालिका ३ जेसी कार्य समूह सदस्यले हाल लक्षित गरेका वञ्चितीकरणमा/जोखिममा परेका समूहको सूची ११
तालिका ४ जेसीलाई नीतिमा जोड्ने उपायहरू २३
तालिका ५ बाधा र क्षमताहरूको अवस्था विश्लेषण गर्दा जेसीलाई एकीकृत गर्ने उपाय २४
तालिका ६ जेसी मैत्री योजना निर्माणका उपायहरू २५
तालिका ७ जेसी मैत्री कार्ययोजना र बजेट निर्माणका उपायहरू २७
तालिका ८ जेसी मैत्री अनुगमन, रिपोर्टिङ र मूल्यांकनका उपायहरू २८
तालिका ९ जेसी मैत्री संस्थागत व्यवस्थाका लागि उपायहरू २९

# शब्द संक्षेप

| | |
|---|---|
| **ADB** | Asian Development Bank (एसियाली विकास बैंक) |
| **AIN** | Association of International NGOs (अन्तर्राष्ट्रिय गैसस संघ) |
| **BCC** | Behavior Change Communication (व्यवहार परिवर्तन सञ्चार) |
| **CA** | Constituent Assembly (संविधान सभा) |
| **DAGs** | Disadvantaged Groups (लाभबाट वञ्चित समूह) |
| **DDC** | District Development Committee (जिल्ला विकास समिति) |
| **DFAT** | Department of Foreign Affairs and Trade (परराष्ट्र मामिला तथा व्यापार विभाग) |
| **DFID** | Department for International Development (संयुक्त अधिराज्यस्थित अन्तर्राष्ट्रिय विकास विभाग) |
| **DPs** | Development Partners (विकास साझेदारहरू) |
| **FFA** | Fund Flow Analysis (वित्तीय प्रवाह विश्लेषण) |
| **FGD** | Focus Group Discussions (विषय केन्द्रित समूह छलफल) |
| **GBV** | Gender-based Violence (लैंगिक आधारमा हुने हिंसा ) |
| **GESI** | Gender Equality and Social Inclusion (लैंगिक समानता तथा सामाजिक समावेशीकरण (जेसी)) |
| **GIZ** | Deutsche GesellschaftfürInternationale Zusammenarbeit (जर्मन विकास नियोग) |
| **GoN** | Government of Nepal (नेपाल सरकार) |
| **GRB** | Gender Responsive Budgeting (लैंगिक मैत्री बजेट विनियोजन ) |
| **IDPG** | International Development Partners Group (आइ.डि.पि.जी–अन्तर्राष्ट्रिय विकास साझेदार समूह) |
| **INGOs** | International Non-Governmental Organisations (अन्तर्राष्ट्रिय गैरसरकारी संस्था) |
| **M&E** | Monitoring and Evaluation (अनुगमन र मूल्यांकन) |
| **MOFALD** | Ministry of Federal Affairs and Local Development (संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय) |
| **MOFSC** | Ministry of Forest and Soil Conservation (वन तथा भूसंरक्षण मन्त्रालय) |
| **MOH** | Ministry of Health (स्वास्थ्य मन्त्रालय) |
| **MOUD** | Ministry of Urban Development (शहरी विकास मन्त्रालय) |
| **MWCSW** | Ministry of Women, Children and Social Welfare (महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय) |
| **NGOs** | Non-Governmental Organisations (गैरसरकारी संस्था) |
| **NPC** | National Planning Commission (राष्ट्रिय योजना आयोग) |
| **OBC** | Other Backward Class (अन्य पिछडा वर्ग) |
| **SDC** | Swiss Agency for Development and Cooperation (स्विस सरकार विकास सहयोग) |
| **SDGs** | Sustainable Development Goals (दिगो विकास लक्ष्य) |
| **SIAG** | Social Inclusion Action Group (सामाजिक समावेशीकरण कार्य समूह) |
| **SNV** | Netherlands Development Organisation Nepal (नेदरल्याण्ड विकास संस्था नेपाल) |
| **TYP** | Three Year Plan (त्रिवर्षीय योजना) |
| **UNDP** | United Nations Development Programme (संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम) |
| **UNFPA** | United Nations Population Fund (संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष) |
| **UNICEF** | United Nations Children's Fund (संयुक्त राष्ट्रसंघीय बालबालिका कोष) |
| **USAID** | United States Agency for International Development (अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग) |
| **UN Women** | United Nations Entity for Gender Equality and Empowerment of Women (संयुक्त राष्ट्रसंघीय लैंगिक समानता र महिला शसक्तीकरण निकाय) |
| **VDC** | Village Development Committee, (गाउँ विकास समिति) |
| **WB** | The World Bank (विश्व बैंक) |
| **WCO** | Women and Children Office (महिला तथा बालबालिका कार्यालय) |



WB/DFID



SDC Nepal

अध्याय १

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण (जेसी): के हो र किन ?

## १.१ परिचय

### १.१.१ औचित्य

लैंगिक समानता तथा सामाजिक समावेशीकरण (जेसी) कार्य समूह[१] अन्तर्राष्ट्रिय विकास साझेदार समूह (आइ.डि.पि.जि.) को सामाजिक क्षेत्र 'क्लस्टर' अन्तर्गतको एउटा कार्य समूह हो। नेपालमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रको सहयोगमा संलग्न विकास साझेदारहरूको लागि यो कार्य समूहले एक सिकाइको स्रोत र समन्वय संयन्त्रको रूपमा काम गर्दछ । समानता र सामाजिक समावेशीकरण एउटा जटिल विषय हो । तथापि यदि यसलाई निश्चित सांस्कृतिक, ऐतिहासिक र सामाजिक-आर्थिक परिवेशको सन्दर्भमा बुझ्ने र कार्यान्वयन गर्ने हो भने लैंगिक समानता तथा सामाजिक समावेशीकरणले समाजमा रूपान्तरण ल्याउन सक्छ भन्ने जेसीका सदस्यहरूको मान्यता छ ।[२] नेपाल सरकारको निकायहरूसँगको साझेदारी र सञ्जाल अझै बलियो बनाउने सिलसिलामा सामाजिक समावेशीकरण/वञ्चितीकरणबारे विकास साझेदारहरू बीच फरक मत भएको मनन जेसी कार्य समूहले गरेको छ । कार्य समूहले आफ्नो कार्यकालको दोश्रो दशकलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरणको साझा अवधारणात्मक प्रारूपको निरूपणबाट थाल्ने निधो गरेको थियो । यो प्रारूप (फ्रेमवर्क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण (जेसी) को अभ्यासहरूमा देखिएका अवधारणाहरूमा स्पष्टता ल्याउन, परिवर्तनको सिद्धान्त (Theory of Change) निर्क्योल गर्न, र मूल विषयवस्तुहरूलाई परिभाषित र मार्गनिर्देशन गर्ने पहल हो ।

### १.१.२ विधि

यो प्रारूप जेसी कार्य समूहको मार्गनिर्देशनमा विविध क्षेत्रमा संलग्न सरोकारवालाबीच गरिएको परामर्शबाट तयार पारिएको हो । यो प्रारूपको आयाम परिभाषित गर्न जेसी कार्य समूहसँग बैठकहरू आयोजना गरिएको थियो र नेपालको संविधान २०७२, १४औं त्रिवर्षीय योजनाको अवधारणा पत्र, विभिन्न मन्त्रालयहरूका जेसीसम्बन्धी निर्देशिकाहरू लगायतका विभिन्न सरकारी दस्तावेजहरूको अध्ययन विश्लेषण गरिएको थियो । काठमाडौंमा ६ वटा विभिन्न मन्त्रालय/विभाग, ६ नागरिक समाजका संगठनहरू र तीन राष्ट्रिय संवैधानिक आयोगका प्रतिनिधिहरूसँग छलफल गरिएको थियो । पहाड, हिमाल र तराई मधेशका समुदायहरू र देशको सबै भौगोलिक क्षेत्रलाई समेट्ने गरी पाँच वटा जिल्लामा[३] स्थलगत अध्ययन गरियो । यी अध्ययनमा कुल ३४ जना सूचनादातासँग अन्तर्वार्ता गर्नुका साथै १५ विषयकेन्द्रित समूहसँग छलफल गरिएको थियो । यी छलफलमा विविध जातजाति, धार्मिक समूहबाट ३६५ जना व्यक्तिहरू सहभागी भएका थिए, जसमध्ये ७३ प्रतिशत महिला र २७ प्रतिशत पुरुष थिए । जम्मा ७ वटा कार्यशाला गोष्ठी आयोजना गरियो, जसमा सबै जिल्लाका नागरिक समाजका प्रतिनिधिहरू सहभागी थिए । काठमाडौंमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदार र सरकारी निकायका प्रतिनिधिहरूसँग छलफल गरिएको थियो ।

जेसीसँग सम्बन्धित संस्थागत नीति तथा कार्यक्रमबारे सूचनाका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संघ (एआइएन) सँग सम्बद्ध सबै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय विकास साझेदार समूह (आइ.डि.पि.जि.) का सदस्यहरूलाई अनुरोध गरियो । तीमध्ये १३ संस्थाबाट सूचना उपलब्ध भयो । प्राप्त सूचनाका विश्लेषणको आधारमा तयार पारिएको मस्यौदा प्रारूप जेसी कार्य समूहबीच आदानप्रदान र छलफल भई जेसी कार्य समूहको गत वर्षको मध्य अक्टोबरमा भएको गोष्ठीमा अन्तिम मस्यौदा प्रस्तुत गरी गत नोभेम्बरमा पारित गऱ्यो (यो प्रारूप तयार पार्नका लागि परामर्श गरिएका व्यक्तिहरूको सूची अनुसूची २ मा दिइएको छ) ।

## १.२ जेसी नेपालको लागि किन महत्वपूर्ण छ ?

### १.२.१ समावेशी राज्य बनाउने संवैधानिक ध्येयलाई पूरा गर्न

नेपालको संविधान २०७२ ले समावेशी राज्यको परिकल्पना गरेको छ र सबै नागरिकहरूलाई समानताको अधिकारको सुनिश्चितता गरेको छ ।[४] परिवर्तनको प्रक्रियामा आएको

---

१. जेसी कार्य समूह सन् २००५ मा स्थापना भई विगत दशकमा विकासका अभ्यासहरूमा लैगिंक समानता तथा सामाजिक समावेशीकरणबारे सहि बुझाई र प्रतिबद्धता प्रवर्धनका लागि काम गरिरहेको सामाजिक समावेशी कार्य समूह, (सियाग) बाट रूपान्तरण भएको हो । सेप्टेम्बर ४, २०१५ मा भएको सियाग सदस्यहरूको बैठकले यसको नाम परिवर्तन गर्नुको साथै यसले लैगिंक समानता तथा सामाजिक समावेशीकरणमा थप प्रतिबद्धता व्यक्त गरेको थियो ।

२ Naila Kabeer (2000) 'Social Exclusion, Poverty and Discrimination: Towards an Analytical Framework', IDS Bulletin 31(4).

३. मोरङ, कास्की, बाँके, डडेलधुरा र दोलखा ।

समावेशी र समानताको यो संवैधानिक व्यवस्थाको कार्यान्वनमा योगदान पुऱ्याउनका लागि प्राप्त अवसर यतिखेर जेसी कार्य समूहका लागि निकै महत्वपूर्ण छ । विभिन्न अन्तर्राष्ट्रिय अभिसन्धिहरूको पक्ष राष्ट्र भएकोले नेपाल जेसीका लागि कानुनी रूपमा पनि प्रतिबद्ध छ । नेपाल सरकार र विकास साझेदारहरूले यो कार्यदेश (म्यान्डेट) पालनाका निम्ति विभिन्न कार्यक्रमहरू पनि गर्दै आएको छ । नेपाल सरकारका ७ मन्त्रालयहरूको जेसीसम्बन्धी नीति तथा निर्देशिकाहरूले समावेशी राज्य निर्माणको प्रतिबद्धतालाई यथार्थमा उतार्न दुई मुख्य कार्य गरेको छः *१) सरकारको जेसी प्रतिको प्रतिबद्धता, र २) जेसीको कार्यान्वियनका लागि व्यवहारिक मार्गनिर्देश ।*

हाल ७ मुख्य मन्त्रालय (कृषि, शिक्षा, वन, स्वास्थ्य, संघीय मामिला तथा स्थानीय विकास, सहरी विकास र खानेपानी तथा सरसफाइ) ले जेसी नीति तथा निर्देशिका जारी गरेको छ र त्यसको कार्यान्वयन उत्साहप्रद रहेको छ। धेरैजसो मन्त्रालयले उपलब्धिहरूको अनुगमन गर्न दक्ष कर्मचारी र संयन्त्र सहितको जेसी एकाइहरू स्थापना गरेका छन् ।

त्यस अतिरिक्त महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा सबै सरकारी निकायहरूमा लागू हुनेगरी लैंगिक समानतासम्बन्धी नीति तर्जुमा गर्ने कामले पूर्णता पाउँदैछ । स्थलगत अवलोकलनले के देखाउँछ भने जिल्लाहरूमा सरकारी अधिकारीहरू आफ्ना मन्त्रालयबाट जारी भएका निर्देशनहरूलाई गम्भीरतापूर्वक लिने र त्यसलाई कार्यान्वयन गर्न लगनका साथ लाग्ने गरेका छन् । तथापि स्थानीय तहमा जेसी कार्यान्वयन पक्षलाई झन् सशक्त बनाउन थप पहलको आवश्यकता छ ।

## १.२.२ दिगो विकासका मुख्य लक्ष्यको प्राप्ति

भिन्न-भिन्न समूहबीच अन्तर भए पनि नेपालमा कल्याणकारी कार्यक्रमहरूको उपलब्धि सुधारात्मक रहेको छ । गएको केही दशक यता गरिबीको दर सबैतिर सुधारोन्मुख भएको छ । तर, सामाजिक पहिचान र भौगोलिक स्थानको विविधताले असमानताहरू विद्यमान छन् । उदाहरणका लागि, नेपाल जीविकास्तर मापन सर्वेक्षण (एन.एल.एस.एस.) २०११ ले नेपालमा गरिबीको रेखामुनि रहेको जनसंख्या २००३/०४ मा ३१ प्रतिशत रहेकोमा २०१०/११ मा २५ प्रतिशतमा झरेको देखाएको छ । सर्वेक्षणले के पनि देखाएको छ भने दलितहरूले गरिबीको भार (४२ प्रतिशत) गैर दलितहरूको (२३ प्रतिशत) अनुपातमा अत्याधिक बेहोर्नु परिरहेको छ ।[५] त्यसैगरी नेपाल जनसंख्या तथा घरधुरी सर्वेक्षण (एन.डि.एच.एस.) २०११ अनुसार नेपालका ४० प्रतिशत महिला शिक्षाबाट वञ्चित (निरक्षर) छन्, जबकि निरक्षर पुरुषको प्रतिशत १४ मात्रै छ । त्यसैगरी तराईका ६० प्रतिशत महिला शिक्षाबाट वञ्चित छन् जबकि पहाड र हिमालमा ३२ प्रतिशत महिला मात्र शिक्षाबाट वञ्चित छन् । औसतमा नेपाली महिलाले पुरुषको तुलनामा आयवृद्धिको काममा एक घण्टा कम समय बिताउँछन् तर उनीहरूले ज्याला नपाउने काममा पुरुषले भन्दा तीन गुणा बढी (महिलाले ६ घण्टा र पुरुषले १.५ घण्टा) बिताउनु पर्ने अवस्था छ ।[६] संविधान सभाका (वर्तमान संसद) ६०१ जना सभासदमध्ये केवल १७५ जना मात्रै महिला छन् । सन् २०१४ मा निजामती सेवामा महिलाहरू १० प्रतिशत मात्र थिए र त्यसमा पनि अधिकांश राजपत्रांकित श्रेणीविहीन वर्गमा पर्दथे ।[७] नेपाल जनसंख्या तथा घरधुरी सर्वेक्षण र एसिया फाउण्डेसनले गरेको पछिल्लो सर्वेक्षणअनुसार २० देखि ५० प्रतिशत नेपाली महिलाले आफ्नो जीवनकालमा लैंगिक हिंसाको सिकार हुन बाध्य छन् ।[८]

महिला, पुरुष र विभिन्न सामाजिक समूहहरू बीचको असमानतालाई आत्मसात् र सम्बोधन नगरिएसम्म नेपालले समावेशी समृद्धिको लक्ष्य वा सन् २०३० सम्म दिगो विकास लक्ष्य १ (निरपेक्ष गरिबीको उन्मुलन र गरिबी निवारण आधा घटाउने) हासिल गर्न सक्ने छैन । दिगो विकास लक्ष्य १० (देशभित्र र अन्तर्राष्ट्रिय समानतालाई घटाउने लक्ष्य) र दिगो विकास लक्ष्य १६ (दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको निर्माण गर्ने, सबैलाई न्यायको पहुँच पुऱ्याउने र प्रभावकारी, उत्तरदायी र समावेशी संस्थाहरूको निर्माण सबै तहहरूमा गर्ने) प्राप्त गर्न अग्रसर रहेमा मात्र नेपालले लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा पनि प्रगति हासिल गर्न सक्छ । दिगो विकास लक्ष्यले केवल वञ्चितीकरणमा परेकाहरूको समावेशी गर्न मात्र नभई समावेशी संस्थाहरू तथा प्रणालीहरूको विकास र तिनको निरन्तरतालाई पनि उत्तिकै जोड दिएको छ ।

संयुक्त राष्ट्रसंघीय संकल्प ७०/१ 'हाम्रो विश्वको रूपान्तरणः दिगो विकासका लागि सन् २०३० को एजेण्डा' मा अति विपन्नता लगायत सबै खालका गरिबीको उन्मुलन र ' कोही पनि पछाडि नछोडिउन् (Leave No One Behind) भन्ने

---

४. संविधानको प्रस्तावना 'सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै;' 'बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै' लेखिएको छ । त्यसै गरी मौलिक अधिकार अर्न्तगत समानताको हकको दफामा 'उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन, (३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।' भन्ने लेखिएको छ ।[५] तथ्यांङ्क विभाग २०११, काठमाडौः केन्द्रिय तथ्यांङ्क विभाग, राष्टिय योजना आयोग, नेपाल सरकार ।

६. Background Document of 6th April 2016, 'DFID Nepal Support for the Economic Empowerment of Women and Girls – the Sabalaa Programme.'

७. Sahabagi et al, Progress of Women in Nepal (1995-2015), Substantive Equality, Non-Negotiable, UN Women.

८. Asia Foundation Study on Violence against Women (2010), नेपाल जनसंख्या तथा घरधुरी सर्वेक्षण (एन.डि.एच. एस.) २०११, स्वास्थ तथा जनसंख्या मन्त्रालय, नेपाल सरकार

प्रतिज्ञा जाहेर गरिएको छ ।[९] १७ दिगो विकासका लक्ष्यहरू र १६९ उद्देश्यहरू हासिल गर्दै सबैको मानव अधिकार सुरक्षित गर्ने, लैंगिक समानता र सम्पूर्ण महिला तथा बालिकाहरूको सशक्तीकरण गर्ने र सबैभन्दा पछाडि परेकाहरू सम्म पुग्ने सोच राखेको छ ।[१०]

दिगो विकास लक्ष्यको प्रमुख मान्यता 'कोही पनि पछाडि नछोडिउन्' भन्ने हो । दिगो विकास लक्ष्यले सबैभन्दा बढि लाभबाट वञ्चित समूह, जो केवल गरिबीको कारणले मात्र होइन भूगोल, भाषा, लिङ्ग, लैंगिक पहिचान, यौनिक दृष्टिकोण, भौतिक र मानिसक क्षमता, जाति वा उमेरका कारण पनि लाभबाट वञ्चित रहन बाध्य छन्, तिनीहरू सम्म पुग्ने माग गर्दछ । दिगो विकास लक्ष्य सम्बन्धी राष्ट्रिय योजना आयोगको प्रतिवेदनमा भनिएको छ ।[११]

*सहश्राब्दी विकास लक्ष्य र मानव विकास उपलब्धिहरूमा नेपाल लैंगिक, सामाजिक, भौगोलिक वञ्चितीकरण र असमानताबाट ग्रसित छ । त्यसैले विकासबाट वञ्चित भएका र हालसम्म उपेक्षामा परेका समाजको त्यो भाग जहाँ पुग्न अत्यन्त कठिन छ, त्यहाँसम्म विकास सेवाहरूलाई प्रभावकारी तरिकाले लक्षित गर्नु आवश्यक छ ।*

नेपाल सरकारको यो प्राथमिकतालाई जेसी कार्य समूह पूर्ण रूपले समर्थन गर्दछ र यो जेसी अवधारणागत प्रारूपको प्रकाशनले यसैसँग सम्बन्धित तलका कुराहरूमा सहयोग पुऱ्याउने अपेक्षा राख्दछ :

क) महिला, विपन्न, जोखिममा परेका तथा वञ्चितीकरणमा परेका समूहलाई लाभबाट विमुख गर्ने आपसमा अन्तरसम्बन्धित रहेका विभिन्न तहहरूबारे विकास कार्यले आवश्यक ध्यान दिने,

ख) प्रत्येक तहका तत्वहरूले पार्ने बाधाहरूको विश्लेषण गर्ने र

ग) एकीकृत र तथ्यमा आधारित विकास पद्धति र कार्यक्रम तर्जुमा गरी बहुआयामिक वञ्चितीकरण र बहिस्करणलाई सफलतापूर्वक सम्बोधन गर्ने ।

एक प्रकारले जेसीलाई लक्षित समूह केन्द्रित विकास विधिको रूपमा हेर्न सकिन्छ तर जेसी यो भन्दा बृहत्तर अवधारणा हो । जेसी विकासको एउटा बुझाइ हो । यो एउटा प्रक्रिया हो र विकासको एक अभ्यास हो, जसले सबैको लागि कार्यान्वयन भएका सरकारी सेवाहरू र विकास कार्यक्रमहरूबाट कोही पनि वञ्चित नरहोस् भन्ने उद्देश्य प्राप्तिलाई सहयोग गर्दछ ।

## १.३ जेसी के हो ? एकरूपता र भिन्नताका पक्षहरू

### १.३.१ जेसीको नेपालमा उत्पत्ति र व्यापक अभ्यास

विभिन्न मुलुकहरूले बहुआयामिक गरिबी, लैंगिक असमानता, वञ्चितीकरण र जोखिमका कुराहरूलाई आफ्नो विकास कार्यहरूमा सम्बोधन गरेका छन् । तथापि यस प्रारूपमा हामीले अवलम्बन गरेको जेसीको पद्धति नेपालको विशिष्ट उपज हो । विकासका लाभहरूमा महिलाहरूको समान पहुँच पुऱ्याउन पहिलो पटक सन् १९७० को सुरुमा यसबारे बृहत्तर छलफल सुरु भएको हो । नेपाली महिलाहरूको चेतना र क्षमता अभिवृद्धिसँगै यो समान अधिकार र शासनमा प्रतिनिधित्वका मागमा रूपान्तरण भयो । वि.सं. २०४६ सालको पहिलो जनआन्दोलनले बहुदलीय प्रजातन्त्र पुन:स्थापना गऱ्यो । त्यसपछि नेपालका विभिन्न सामाजिक समूहहरू, आदिबासी जनजाति, दलित, मधेसी, मुस्लिम, अन्य अल्पसंख्यक धार्मिक समुदायका सदस्यहरू र लेस्बियन, गे, बाइसेक्सुअल, ट्रान्सजेण्डर र इन्टरसेक्सुअल (एल.जि.बि.टि.आइ.) समुदायले समानताका मागहरू उठाउन थाले । १० वर्षे सशस्त्र द्वन्द्वको दौरान र त्यसपछिका दिनहरूमा यी विषयहरू अझ सबल हुँदै गयो । जेसीको यो पद्धति विपन्न समुदायको कल्याणकारी कार्यभन्दा पनि समान अधिकार, अवसर र सबैलाई मूल प्रवाहमा ल्याउनमा केन्द्रित छ । औपचारिक र अनौपचारिक संस्थाहरू र ती संस्थाहरूमा निहित शक्तिसम्बन्धले महिला, विपन्न, जोखिममा परेका र सामाजिक रूपले वञ्चितीकरणमा परेकाहरूलाई शक्तिहीन बनाउँछ भन्ने कुरालाई यो पद्धतिले मनन गर्दछ ।

नेपालमा अभ्यासमा रहेका जेसी सम्बन्धी कार्यदेश (म्यान्डेट) र तिनको अभ्यासबारे तलका परिच्छेदहरूमा संक्षिप्त समीक्षा प्रस्तुत गरिएको छ ।[१२]

### १.३.२ राज्यको जेसी सम्बन्धी प्रावधानहरू

**राष्ट्रिय तहका जेसी सम्बन्धी प्रावधानहरू**

***नेपालको संविधान :*** जेसीको लागि नेपालको संविधान २०७२ एउटा कोशेढुंगा हो, जसमा महिला, विपन्न, जोखिममा परेका र विभिन्न सामाजिक समूहका जनताहरूलाई समान हक सुनिश्चित गरिएको छ । इतिहासदेखिको विभेदलाई सम्बोधन गर्नका लागि सकारात्मक पहल र लैंगिक, जातजातिको आधारमा

---

९. This UN Resolution 70/1, signed by 193 countries including Nepal, commits to "a just, equitable, tolerant, open and socially inclusive world" in which the needs of the poorest, the most vulnerable, children, youth and all women and girls are met. UN Resolution 70/1, 21 October 2015

१०. A RES 70/1 General, 21 October 2015_Transforming our world_the 2030 Agenda for Sustainable Development.pdf, UN General Assembly; Resolution adopted by the General Assembly on 25 September 2015

११. NPC, 2015. Sustainable Development Goals, 2016-2030, National (Preliminary) Report, National Planning Commission, Page 5, Kathmandu.

१२. Refer to the Background Report on Defining GESI framework and Roadmap for detailed analysis of the Constitution of 2015, Approach Paper to 14th TYP, GESI guidelines and policy mandates of DPs, existing program and practices on GESI and inputs from the field work and consultations.

गरिने विभेदमाथि  प्रतिबन्ध जस्ता असल प्रावधानहरू यसमा सुनिश्चित गरिएको छ । महिला अधिकारको दफाले वंशजको समान अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको अधिकार, राज्यका सबै निकायहरूमा सहभागी हुन पाउने हक, पारिवारिक मामिला तथा सम्पत्ति माथिको हक, शिक्षा, स्वास्थ, रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक पहललाई सुनिश्चित गर्दछ । समानताको हक सम्बन्धी दफाले सामाजिक र सांस्कृतिक रूपले पछाडि पारिएकाहरू, नागरिकहरूको सुरक्षा, सशक्तीकरण र विकासको लागि विशेष प्रावधानहरूको व्यवस्था गरेको छ । सामाजिक न्यायको हकले राज्यका अंगहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको आधारमा सहभागी पाउने अधिकार स्थापित गरेको छ ।

***चौधौं त्रिवर्षीय योजनाको आधार पत्रः*** चौधौ त्रिवर्षीय योजना (आर्थिक वर्ष २०७३/७४-२०७५/७६) को आधार पत्रमा, नेपाल सरकारले सामाजिक न्याय सहितको आर्थिक समृद्धि हाँसिल गर्ने उद्देश्य राखेको छ । यो आधार-पत्रले लैंगिक विभेदको अवस्थामा सुधार ल्याउन र पछाडि परेका क्षेत्र, वर्ग, समुदाय र वञ्चित समूहहरूको मुद्दालाई सम्बोधन गर्नका लागि लक्षित कार्यक्रम, श्रोतहरूको समतामूलक वितरण, गरिबी निवारणको लागि सामाजिक सुरक्षा जस्ता सचेत प्रयासको जरुरत पर्दछ भन्ने मान्यता राख्दछ। लैंगिक समानता र महिला सशक्तिकरणको दफा (६.१) र समावेशीकरण दफा (६.२) लाई अन्तरसम्बन्धित विषयवस्तुको रूपमा लिँदै, छुट्टै परिच्छेदको व्यवस्था गरेको छ ।  नेपालको समावेशी विकासका लागि आधारपत्रले सबै नागरिकहरूको अर्थपूर्ण सहभागिता हुनुपर्नेमा जोड दिएको छ । आर्थिक र सामाजिक रूपले पछाडि पारिएकाहरूको मानव विकास र सशक्तिकरण सुचांकमा सुधार गर्ने लक्ष्य राखेको छ । यी समूहहरूमा, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, अन्य पिछडिएका वर्ग (ओ.बी.सी.)[१३], अल्पसंख्यक, सीमान्तकृत, अपाङ्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, पिछडिएका क्षेत्रका जनता र विपन्न खसआर्यलाई राखिएको छ ।

***मन्त्रालयहरूका जेसी सम्बन्धी नीति/रणनीति/निर्देशिका***

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको जेसी नीति, सहरी विकास मन्त्रालयको जेसी मार्गदर्शन, वन तथा भूसंरक्षण मन्त्रालयको जेसी रणनीति, शिक्षा मन्त्रालयको विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१ र स्वास्थ्य मन्त्रालयको जेसी रणनीति, लगायतका नेपाल सरकारका विभिन्न जेसी नीति तथा निर्देशिकाहरूले मन्त्रालयहरूको आफ्नो उद्देश्य पूर्तिका निम्ति जेसीका मुद्दालाई कार्यक्रम र संस्थागत तहमा सम्बोधन गर्नुपर्ने आत्मसात् गरेको छ ।

यी सबै जेसी नीति तथा निर्देशिकाहरूले महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग, वञ्चितीकरणमा परेका समुदायको आफ्नो क्षेत्रसँग सम्बन्धित नीति, योजना, कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा सहभागिता हुनुपर्नेमा जोड दिएको छ । सम्बन्धित क्षेत्रमा महिला, विपन्न र वञ्चितीकरणमा परेको समुदायले कस्ता कठिनाई/बाधा सामना गर्न बाध्य छन् भनी पहिचान गर्नुपर्ने कुरालाई मनन गरिएको छ । यस कामका लागि उपयोग गरिएका केही उपायमध्ये, गा.वि.स. नक्सांकन, गरिबी नक्सांकन, सहभागितामूलक योजना तर्जुमा, सामाजिक परिचालन/सशक्तीकरण, व्यवहार परिवर्तनको लागि संचार, सेवा प्रदान गर्नको लागि उपभोक्ता समूह, समितिहरूमा र मुख्य पदहरूमा आरक्षण, व्यक्ति र समुदायहरूको क्षमतामा अभिवृद्धि, 'कहाँ पुग्न सकिएन र कस्कोमा पुग्न सकिएन' भन्ने कुराको प्रमाणमा आधारित योजना र समीक्षा प्रक्रिया जस्ता उपायहरू रहेको देखिन्छ ।

यी सबै निर्देशिकाले छुट्टाछुट्टै तथ्य/सूचना र प्रमाणहरूको माग गर्दछ । तर आधिकारिक हिसाबले एकरूपता दिने सामाजिक समूहहरूको वर्गीकरणको अभावमा भिन्नभिन्न क्षेत्रहरूमा फरक फरक तहका तथ्यांक खण्डीकरणका तरिकाहरू प्रचलनमा ल्याइएको छ । नेपाल सरकारको तर्फबाट एउटा साझा जेसी अवधारणा पत्रबाट वर्गीकरणमा एकरूपता कायम गर्न र सबै क्षेत्रले एकै किसिमले प्रतिवेदन प्रस्तुत गर्न सहयोग पुग्छ । मन्त्रालय स्तरमा आफ्नो कार्यदेश (म्यान्डेट) लाई बढी प्रभावकारी बनाई महिला, विपन्न, वञ्चित र सीमान्तकृत सामाजिक समूहहरू माथि भएको गहिरो र संरचनागत विभेदका पक्षहरूलाई सम्बोधन गर्न मद्दत पुग्छ ।

**जेसी सम्बन्धी नेपाल सरकारको संस्थागत संरचना**

नेपाल सरकारले लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न विगतका वर्षमा केन्द्रदेखि जिल्ला र गा.वि.स. तहसम्म विभिन्न संस्थागत संयन्त्र र संरचनाहरू निर्माण गरेको छ ।  तालिका १ ले ती विभिन्न संयन्त्रहरूलाइ देखाउँछ ।

[१३] पछाडि पारिएको वर्ग (ओ.वि.सी.) अन्तर्गत मधेशी जात समूहका भित्र ३५ भन्दा बढी उपसमूहहरू समाविष्ठ छन । यी मध्ये केही आर्थिक हिसाबले सम्पन्न छन र अन्य धेरै नेपालको विपन्नहरूमध्ये पर्दछन् । सामान्यतया सबै पछाडि पारिएका वर्गका जात समूहहरूमा लिङ्गमा आधारित विभेदका अभ्यास रहेको छ । उनीहरूको एउटा महासंघ छ र आफूलाई पछाडि पारिएका वर्ग वा अदर व्याकवार्ड क्लास (ओ.वि.सी.) संज्ञा आफ्नो परिचयको रूपमा लिएका छन् । सरकारी दस्तावेजहरूले यो शव्दावली प्रयोगलाई समेटेको पाइन्छ ।

[१४] राष्टिय आयोगहरूको यो सूची र तिनले समेटने समूहहरूको सूची संविधानको दफा २५९ (क) बाट लिइएको हो ।

**तालिका १: जेसी सम्बन्धी नेपाल सरकारको संस्थागत संयन्त्र**

| तह | जेसी संयन्त्र |
|---|---|
| केन्द्र | राष्ट्रिय योजना आयोग; महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र यस अर्न्तगतका महिला विकास विभाग; संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र यस अर्न्तगतका दलित र आदिवासी जनजाति समन्वय समितिहरू; संवैधानिक रूपमा स्थापित हुने महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, थारू आयोगहरू र राष्ट्रिय समावेशी आयोग जसले खसआर्य, पिछडिएका वर्ग, अपाङ्ग, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक तथा सीमान्तकृत समुदाय, कर्णालीका समुदाय[१४]; राष्ट्रिय योजना आयोग; संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय; महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा शिक्षा, स्वास्थ, सहरी विकास, वन र कृषि मन्त्रालयहरूमा भएका लैंगिक/जेसी सम्पर्क अधिकृतहरू । |
| जिल्ला | महिला तथा बालबालिका शाखाहरू, जिल्ला विकास समितिका सामाजिक विकास अधिकृत सहितका सामाजिक समितिहरू, आदिवासी जनजाति समन्वय समिति, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, लैंगिक मूलप्रवाहीकरण समन्वय समिति, जेसी कार्यान्वयन समितिहरू । |
| गा.वि.स. र नगरपालिका | हरेक गा.वि.स.मा रहेका प्रतिनिधिमूलक एकिकृत योजना समिति, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रहरू । |

**श्रोतः** Adapted from UN Women information, GESI Operational Guidelines of MOUD and from the Sectoral Monograph series of ADB, DFID, WB and the Nepal Constitution (2015)

गा.वि.स. र नगरपालिका तहको कुरा गर्दा यी संयन्त्रहरू धेरै स्थानहरूमा वडा तहका समुदायहरूको आवाज स्थानीय विकास योजना तर्जुमा प्रक्रियासम्म पुयाउन प्रभावकारी हुँदै गएको छ । माथिल्लो तहहरूमा चाहिँ स्थापना गरिएका संस्थागत संयन्त्रहरूले अपर्याप्त स्रोत र कमजोर संस्थागत प्रक्रियाको कठिनाइ बेहोर्नु परिरहेको छ । त्यसैले लैंगिक समानता तथा सामाजिक समावेशीकरणका मान्यताहरूलाई प्रभावकारी ढंगले संरक्षण गर्न सकिएको छैन ।

## १.३.३ नेपालका विकास साझेदारहरूको जेसी सम्बन्धी नीतिगत कार्यदेश र अभ्यासहरू

### नीति, पद्धति र विधि

विकास साझेदारहरू र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको अभियान निर्देशन, नीतिहरू तथा देश र क्षेत्रगत रणनीतिहरूले महिला सशक्तीकरण, लैंगिक समानता र सामाजिक विविधताका सवालहरूलाई बाध्यकारी रूपमा सम्बोधन गर्न भनेको छ । अधिकांश विकास साझेदारले आफ्नो विश्वव्यापी कार्यदेश (म्यान्डेट) को राष्ट्रिय नीतिका दस्तावेजहरूमा नेपाल केन्द्रित सामाजिक समावेशीकरणको निर्देशिकाहरू थपेका छन् । सर्वेक्षण गरिएका विकास साझेदारहरू र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबीच साझा रूपमा देखिएका विधिमा, जिल्ला विकास समितिको १४ तहको योजना तर्जुमा प्रक्रियासँगै लैंगिक/जेसी मूलप्रवाहीकरण, लक्षित सेवा वितरण, सामाजिक परिचालन/सशक्तीकरण, लैंगिक विश्लेषण, सामाजिक विश्लेषण, सहभागिमूलक ग्रामीण लेखाजोखा (पि.आर.ए), गरिबी नक्सांकन, सामाजिक नक्सांकन, जस्ता पद्धति र विधिहरू विकास साझेदारहरूले महिला, विपन्न, जोखिममा परेका र वञ्चितीकरणमा परेकाहरू पहिचान गर्न र तिनका मुद्दाहरू सम्बोधन गर्न उपयोग गरेको पाइन्छ । परियोजनाका उद्देश्यहरू र नतिजा सूचांकमा जेसीसँग सम्बन्धित उपलब्धिहरू समावेश गर्नुपर्ने र सामुदायिक समूहमा ३३ प्रतिशत महिला सहभागी हुनुपर्नेछ । साथै यी समूहहरूमा कम्तीमा पनि एक महिला निर्णायक पदमा राख्नैपर्ने प्रावधान विकास साझेदारहरूबाट सहायता प्रदान गरिएका सबै आयोजनाहरूमा हुनुपर्ने व्यवस्था छ । त्यसैगरी कतिपय आयोजनाहरूमा अल्पसंख्यक र सीमान्तकृत समुदायका सदस्यहरू सामुदायिक समूहहरूको कार्यकारी समितिमा प्रतिनिधित्व गर्नुपर्ने व्यवस्था गरिएको छ । धेरै विकास साझेदार र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले अधिकारमा आधारित वकालत, जीविकोपार्जन सुधार र सेवा प्रदान गर्ने पद्धतिहरू पनि अंगालेको पाइन्छ । धेरैले महिला र बालिकाहरूमाथि हुने हिंसा सम्बोधन हुने विशेष कार्यक्रमहरू पनि कार्यान्वयन गरिरहेका छन् ।

### बजेट निर्माण/आर्थिक स्रोतनिर्धारण/व्यय विश्लेषण

विकास साझेदारहरूले जेसी मैत्री बजेट निर्माण/आर्थिक स्रोत निर्धारण/व्यय विश्लेषणको धेरै किसिमको विधिहरू अपनाएका छन् । उदाहरणको लागि, यु.एन.वुमनले नेपाल सरकारलाई लैंगिक मैत्री बजेटिङ (जि.आर.बि.) प्रक्रियाको लागि केन्द्रीय तहमा सहयोग पुऱ्याउँछ र हाल स्थानीय तथा जिल्ला तहमा यो प्रक्रियालाई अगाडि बढाउने क्रममा छ । सबै विकास साझेदारहरूले सरकारलाई पुऱ्याइएको सहयोगको 'एड म्यान्जमेन्ट सिस्टम प्लाटफर्म' अर्न्तगत सरकारको लैंगिक मैत्री बजेटिङ (जि.आर.बि.) वर्गीकरणको प्रयोगको आधारमा छुटयाएर हेरिन्छ (http://amis.mof.gov.np/portal/) । स्वीस सरकार विकास सहयोगको आफ्नै वित्तीय प्रवाह विश्लेषणको प्रणाली छ र अमेरिकी अर्न्तराष्ट्रिय विकास नियोगको जेसीसम्बन्धी बजेट निर्धारण गर्ने आफ्नै बजेट विश्लेषण प्रणाली छ । यी दुवै प्रणालीको उद्देश्य आर्थिक श्रोतको प्रवाह महिला र वञ्चित समूहसँग गरिने कामको लागि सुनिश्चित गर्नु हो ।

### अनुगमन

विकास साझेदारहरूले सामान्यतयाः विकास क्रियाकलापहरूमा प्रतिनिधित्व र सेवाहरूमा पहुँचको अनुगमन गर्दछन् ।

तथ्यांकहरूको लैंगिक खण्डीकरण सामान्यतया सबैतिर अभ्यासमा रहेको छ र गएको दशक यता जात र जातिगत हिसाबले खण्डीकृत (छुट्टाछुट्टै) विषयअनुसार तथ्यांङ्क निकाल्ने कार्य साझा अभ्यास बनेको छ तर यसमा एकरूपता पाइँदैन । अत्याधिक उत्पीडनमा परेका समुदायमा भएका उपलब्धिहरू समावेश गर्न धेरैजसो असफल रहेको देखिन्छ । धेरैजसो अवस्थामा संकलित सूचनाहरूको न त विश्लेषण गरिन्छ, न त तिनको उपयोग कार्यक्रम वा सुधारमार्फत वञ्चितीकरणमा परेका समुदायमा प्रभाव पार्न नै प्रयोग हुन्छ ।

**संस्थागत व्यवस्था**

यस सर्वेक्षणमा प्रतिक्रिया दिने सबैजसो विकास साभेदारहरू र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले लैंगिक वा सामाजिक विकास सल्लाहकार राखेको, महिला र वञ्चितीकरणमा परेका सामाजिक समूहहरूबाट कर्मचारी भर्नामा सकरात्मक पहल गरेको, महिला र वञ्चितीकरणमा परेका सामाजिक समूहहरूको क्षमता अभिवृद्धिको लागि 'इन्टर्नसीप' नीतिहरू अवलम्बन गरेको र महिला तथा पुरुषलाई सुत्केरी बिदा र शोक बिदाको व्यवस्था गरेको बताए । केही संस्थाहरूमा जेसीको जिम्मेवारी संगठनका सबै क्षेत्रमा विस्तार गरिएको छ। तर तिनमा केही फरक व्यवस्था पनि छन्। केही संस्थामा पूर्णकालीन जेसी सल्लाहकार छन् भने केहीमा निश्चित कर्मचारीले केही प्रतिशत समय दिने गरेका छन्। यस्तो व्यवस्थामा साझेदारबीचको समानता र फरकको जानकारीका लागि अनुसूची ३ हेर्नुहोस् ।

**साझा जेसी प्रारूपको आवश्यकता**

माथिको छलफलले विकास साझेदारबीच साझा जेसी प्रारूपको आवश्यकता भएको स्पष्ट हुन्छ। नेपालको संविधानको समावेशी राज्य बनाउने परिकल्पनालाई धरातलीय यर्थाथको रूपमा रूपान्तरण गर्न र दिगो विकास लक्ष्य प्राप्तिमा 'कोही पनि पछाडि नछोडिउन्' भन्ने सुनिश्चिता गर्ने हो । यसका लागि जेसीसम्बन्धी स्पष्ट बुझाइ र सशक्त सहयोगको आवश्यकता पर्छ । विकास प्रक्रियामा सामान्यतया पछाडि परेका महिला तथा वञ्चितीकरणमा पारिएका समुदायलाई लक्षित गर्ने विधिको रूपमा जेसीलाई साझा रूपमा बुझ्ने गरिएको छ । तर जेसीका विभिन्न विषयगत निकायबीच यसको अवधारणा तथा परिभाषामा र विशेषगरी जेसीद्वारा लक्षित कार्यक्रमहरूमा वञ्चितीकरणमा परेकाहरू र अन्य विपन्नवर्गहरूलाई परिभाषित गर्ने कुरामा समान धारणा छैन ।

जेसी कार्य समूहका केही सदस्यहरू संस्थाका कार्यदेशले वञ्चितीकरणमा परेका समुदायहरू मध्येको कुनै उपसमूह, जस्तै महिला, बालबालिका वा मानव वेचबिखनबाट जोगिएकाहरूमा पूर्ण रूपले वा प्राथमिक रूपमा केन्द्रित हुने रहेको देखिन्छ ।

केही विकास साझेदारहरूले आफ्नो सम्पूर्ण कार्यक्रममा जेसीलाई मूलप्रवाहीकरण गर्ने र कसैले जेसी केन्द्रित भिन्नै एकल प्रकृतिका आयोजनाहरू सञ्चालन गरेको देखिन्छ। कसैले आफ्नो कामलाई नीतिगत तहमा वा सुशासन र सामाजिक न्यायको अन्तर सम्बन्धित सवालको रूपमा केन्द्रित गरेको पाइन्छ भने कसैले निश्चित विषयगत क्षेत्रमा वञ्चितीकरणमा परेकाहरूलाई प्रदान गरिने सेवाहरूमा सुधार गर्ने काममा ध्यान दिएको पाइन्छ । कार्यान्वयनमा देखिएका यी सबै विविधतामा आफ्ना सबल पक्षहरू छन् तथापि साझा अवधारणा र शब्दावलीको अभावमा जेसी कार्य समूहका सदस्यहरूको लागि असमानता र वञ्चितीकरणका अन्तरनीहित संरचनागत आधारभूत सवालहरूलाई सम्बोधन गर्न वा निरन्तर रहिरहने समस्यालाई समाधान गर्न कस्ता पद्धति र विधि बढी प्रभावकारी हुने रहेछ भन्ने तुलना गर्न र त्यसबाट सिक्न कठिनाई पैदा हुन्छ । साझा जेसी अवधारणाले विकास साझेदारबीचको समन्वय र सामन्जस्यतालाई सुधार गर्न र त्यसबाट राज्य र गैरराज्य पक्षहरूलाई नयाँ संविधानमा सुनिश्चित भएको 'समावेशी' ध्येयलाई व्यवहारमा कार्यान्वन गर्न अझै प्रभावकारी सहयोग पुऱ्याउन मद्दत पुग्नेमा जेसी कार्य समूह विश्वस्त छ ।

यसै परिप्रेक्ष्यमा जेसी कार्य समूहले जेसी सम्बन्धी साझा अवधारणा र परिभाषाहरूको निर्क्यौल गर्ने कामको थालनी गरेको छ। तर यो अवधारणा अनिवार्य हो भन्ने बुझ्नु हुँदैन । यो दिशा निर्देशनको लागि एउटा साझा स्रोत हो र विभिन्न क्षेत्रहरूमा जेसीको लक्ष्य प्राप्तिको लागि विकास साझेदारहरूको आफ्नो कार्यदेश अनुसारको विविधतालाई र प्राविधिक दक्षतामा रहेको भिन्नतालाई यसले सम्मान गर्छ ।

## १.३.४ एकरूपताका क्षेत्र

**लक्ष्य तहमा सामञ्जस्यता**

नेपालको विकास प्रक्रियाको जटिलता र तिनलाई सम्बोधन गर्न आवश्यक विधि/पद्धतिहरूका आवश्यकता हुँदाहुँदै पनि धेरै कुराहरूमा एकरूपता छ जसले जेसी कार्य समूहलाई साझा अवधारणा निर्माणका लागि दिशाबोध गर्दछ । राष्ट्रिय स्तरको लक्ष्य तहमा सामञ्जस्यता रहनु नै सबैभन्दा सबल पक्ष रह्यो । माथिको परिच्छेद १.३.२ मा गरिएका राष्ट्रिय स्तरका प्रतिबद्धता कसरी विभिन्न मन्त्रालय, विभाग र मातहतका जिल्ला र गा.वि.स. स्तरसम्म पुग्यो भन्ने कुरा चर्चा गरिएको छ ।

यसै किसिमको सामाञ्जस्यता विकास साझेदारमाझ पनि पाइन्छ। महिला, स्वास्थ, शिक्षा, र सामाजिक, आर्थिक र राजनीतिक सशक्तीकरणको प्रबर्द्धन र लैंगिक आधारमा हुने हिंसा, महिला तथा बालिकामाथि हुने हिंसाविरुद्धका काममा सहायता प्रदान गर्दै, सबैले लैंगिक समानतामा जोड दिएको पाइन्छ। सम्बन्धित देशका विकास साझेदारहरूको राष्ट्रिय कार्यक्रममा सामाजिक रूपले वञ्चितीकरणमा परेका समुदायहरूलाई सहयोग गर्ने चाहना पनि प्रष्ट देखिन्छ । जेसीको अवधारणासहित विकास साझेदारहरू नेपाल सरकारसँग काम गर्न र आदिवासी/जनजाति, दलित, मुस्लिम, मधेसी समुदायको स्वास्थ, शिक्षा, खानेपानी र सरसफाई, वन, सडक, कृषि, आयवृद्धि कार्यक्रम र सहरी विकासको राष्ट्रिय

कार्यक्रमहरूमा पहुँच वृद्धि गर्न विशेष संयन्त्रहरू निर्माण गर्न समर्थ भएका छन् ।

**जेसीको परिभाषा र सम्बन्धित पक्षको बृहत्तर सहमति**

लैंगिक समानतालाई मूलप्रवाहीकरण गर्न दशकौंदेखिको कार्य र सामाजिक वञ्चितीकरण र समावेशीकरणको राष्ट्रिय बहस पछि, लैंगिक समानता र सामाजिक वञ्चितीकरण र समावेशीकरण के हो र नेपालमा यो विषय कसरी प्रतिबिम्बित हुन्छ भन्ने विकास साझेदारबीच बृहत्तर समान धारणा भएको पाइन्छ ।[१५]

'लैंगिक समानता' सम्बन्धी परिभाषामा धेरैले 'महिला र पुरुषबीचको सामाजिक रूपले निर्मित शक्ति सम्बन्ध' भन्ने उल्लेख गरेका थिए र 'जुनसुकै लिङ्ग र सामाजिक पहिचान भए तापनि सबै व्यक्तिहरूको समान अधिकार, अवसर र सम्मान' सुनिश्चित गर्न त्यस्तो सम्बन्धको 'पुनःसन्तुलन' हुनुपर्ने पक्षलाई समेटेको छ ।[१६]

सामाजिक पहिचान र लैंगिक विषयवस्तु दुवैलाई एक साथ हेरेर यो परिभाषाले सामाजिक समावेशीकरण/वञ्चितीकरणलाई बुझ्नको लागि चाहिने अत्यन्त महत्वपूर्ण अवधारणा 'अन्तरपक्षीयता' (intersectionality) लाई पनि समेटेको छ । अन्तरपक्षीयताको अवधारणा भन्नाले हरेक व्यक्तिको पहिचानको धेरै पत्र हुन्छन् । हरेक पत्र नकरात्मक वा सकरात्मक विशेषतासँग जोडिएको हुन्छ । जसले गर्दा सम्बन्धित समाजभित्र व्यक्तिको शक्ति र स्रोतमा पहुँच अवरुद्ध वा खुला गर्छ भन्ने बुझाउँछ । उदाहरणका लागि विपन्न ब्राह्मण महिलाले गरिबी र लैंगिक व्यवधानका कारणले वञ्चितीकरणको सामाना गर्नुपर्छ भने उनको ब्राह्मण जातीय पहिचानबाट उनले केही सम्मान र लाभ हांसिल गर्न सक्छिन् । त्यसैगरी, आदिवासी/जनजाति, मधेसी, दलित वा मुस्लिम महिलालाई उनको पहिचानको कारणले गरिबीबाट मुक्ति पाउन विभिन्न बाधाको सामना गर्नुपर्छ । उनीहरूले अस्थायी रूपमा गरिबीबाट उन्मुक्ति पाइहाले पनि जीविकोपार्जन सुरक्षित गर्न सहयोग गर्ने सामाजिक, आर्थिक र राजनैतिक सम्पर्क र संस्थाहरू (social capital) मा पहुँच तथा प्रतिनिधित्वमा छुवाछूतको परम्परा, जातीय पहिचान, धार्मिक आस्थाको कारणलले अवरोध सामना गर्नुपर्छ । सामाजिक वञ्चितीकरणको यो अवधारणाले आर्थिक वर्ग र लिङ्गको प्रभाव[१७] भन्दा अघि बढेर बहिस्करणमा सामाजिक पहिचानको जटिल आयामहरूलाई बुझ्न मद्दत गर्दछ । सर्वेक्षणको क्रममा दिइएको उत्तरहरूले, केही जेसी कार्य समूहका सदस्यहरू अन्तरपक्षीयताबारे र लक्षित कार्यक्रमको मुद्दा र संवेदनशील कार्यक्रम तर्जुमामा यसले पुर्‍याउने थप जटिलताका सवालहरूबारे चासो र सचेतता राखेको पाइयो ।[१८]

अन्तरपक्षीयताको अवधारणाले निश्चित समूह (जस्तै महिला वा बालबालिका) सँग मात्र काम गर्ने कार्यदेश भएका संस्थाहरूलाई पनि वञ्चितीकरणतिर धकेल्ने पहिचानको आयामलाई अन्तर-सम्बन्धित आयामको रूपमा सम्बोधन गर्न सहयोग गर्दछ । जेसी कार्य समूहका सदस्यहरू आफ्नो म्यान्डेटमा भएका लक्षित समूहहरूमा रहेको विविधताबारे सचेत छन् । समाजका निश्चित सदस्यहरू जबसम्म विकासका लाभ अर्थात् शासनमा सहभागी हुन सक्ने छैनन्, तबसम्म तिनीहरूले सामना गरिरहेको जात/जातीय पहिचान, गरिबी वा विशिष्ट परिस्थितिहरूले पार्ने अड्चनहरू हटाउन सक्दैनन् ।

जेसी कार्य समूहका सदस्यहरूले सामाजिक वञ्चितीकरण र समावेशीताबारे दिएको परिभाषा पनि यी धारणासँग मिल्दोजुल्दो छ । वञ्चितीकरण (प्रणालीको) तहमा भइरहेको हुन्छ । यो पुस्तान्तर हुँदै जाने र औपचारिक तथा अनौपचारिक संस्थाहरूको इतिहासमा निहित रहेको र वर्तमान शक्ति सम्बन्ध प्रतिबिम्बित गर्ने र मानवीय अन्तरक्रियालाई निर्दिष्ट पार्ने हुन्छ ।[१९]सर्वेक्षणको क्रममा आएका उत्तरहरूबाट जेसी कार्य समूहका सदस्यहरूले लैंगिक असमानता वञ्चितीकरणको एउटा रूप हो भन्ने मान्यता राख्छन् । यस अर्न्तगत एक प्रकारका पहिचानजन्य समूहरूलाई (महिला, यौनिक तथा लैंगिक अल्पसंख्यकहरू) समान मान्यता नदिइने र फलस्वरूप श्रोतमा उनीहरूको समान पहुँच नदिई उनीहरूलाई मानव अधिकार उपभोग गर्नबाट वञ्चित गरिन्छ । मूलभूत रूपमा संस्थाहरू र पितृसत्तात्मक समाजमा अपेक्षा गरिने अन्तरसम्बन्धले पुरुषलाई ऐतिहासिक रूपमा प्रभुत्वशाली हेपाहा समूहको रूपमा स्थापित गर्दछ ।

लैंगिक पक्ष बाहेक नेपालमा वञ्चितीकरण र सीमान्तीकरणसँग घनिष्टता राख्ने सामाजिक पहिचानका भौतिक तथा क्षेत्रगत पक्षहरूमा पनि जेसी कार्य समूहका सदस्यहरू सरोकार राख्दछन् । यस अर्न्तगत, सामाजिक पहिचानका आयामहरू जस्तै जातिप्रथा (दलित, अन्य पिछडा वर्ग), जातीयता (आदिवासी/जनजाति, थारू), क्षेत्र (मधेश), धर्म (इस्लाम वा अन्य गैर हिन्दुधर्मालम्बी), वा लैंगिक पहिचान/यौनिक झुकाव (एलजिबिटिआइ समुदाय) वा यी समूहगत पक्षहरूको अन्तरसम्बन्धित क्षेत्र पर्दछन् । यी सबै समूहहरूले विभिन्न प्रकारका विभेदहरू व्यहोर्नु पर्दछ ।

१५. अध्ययन टोलीले 'विकास साझेदारहरू र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू अवलम्बन गरेको जेसीको परिभाषा र कार्यान्वयनको लागि अपनाइएका पद्धतिहरूको नक्शांकनको लागि 'म्याट्रिक्स' (हेर्नुहोस Background Report on Defining Common GESI framework submitted to SDC, July 2016) विकास गरेको थियो । यसमा सोधिएको सूचनाहरू पठाउन सबै जेसी कार्य समूहका सदस्यहरू र अन्तर्राष्ट्रिय गैसस संस्थाका सदस्यहरूलाई अनुरोध गरिएको थियो । यस मध्ये, १३ सदस्यहरूले सूचना प्रदान गर्‍यो, र केहीले प्रश्नहरूको उत्तर अत्यन्त संक्षिप्त रूपमा दिएका थिए र धेरै प्रश्नहरूको उत्तर दिन छुटाएका थिए भने कतिले विस्तृत रूपमा उत्तर दिंदै नयाँ सिकाईहरू पनि प्रस्तुत गरेका थिए । सरकारसँग सम्बन्धित सूचनाहरू विभिन्न दस्तावेजहरूबाट र जेसी विभिन्न मन्त्रालयका फोकल अधिकारीहरूसँगको परामर्श गोष्ठीमा संकलन गरिएको थियो ।

१६. एडिबी, डिएफआइडी, विश्वबैंक ले यो शव्दावलीको प्रयोग गरेको थियो तर शक्ति सम्बन्धको पुःन सन्तुलनको बुंदा, यू.एस.आइ.डी, यूएन, एसडिसी, जिआइजेड, केयर, अक्सफाम र एसएनभि मा चर्चा थियो । हेर्नुहोस्: Background Report on Defining Common GESI framework for the specific definitions used by different DP agencies and GoN Ministries.

१७. हेर्नुहोस, CDSA/TU, 2014, Perspectives on Social Exclusion in Nepal. Edited by Gurung, Tamang and Turin. Kathmandu, Nepal.

१८. विस्तृत विवरणको लागि हेर्नुहोस, Background Report on Defining Common GESI Framework.

१९. विस्तृत विवरणको लागि हेर्नुहोस, Background Report on Defining Common GESI Framework

त्यसैले यिनीहरूलाई वञ्चितीकरणमा परेका समूहहरूको रूपमा परिभाषित गर्न सकिन्छ ।

सर्वेक्षणका धेरै उत्तरदाताहरूले *भौतिक विशेषताबाट* परिचित हुने आधारमा (अपाङ्गता भएका व्यक्तिहरू), उमेर वा *जीवन चरणको* आधारमा (बालबालिका, युवा र वृद्ध), *बसाइँको स्थान* (हिमाल, पहाड, ग्रामीण र दुर्गम), वा बाढी, भुईंचालो, जलवायु परिवर्तन वा द्वन्द्वजस्ता प्राकृतिक वा मानव सिर्जित प्रकोपबाट पीडित हुनुपर्ने अवस्थासमेतलाई  लिएर पनि केही समूहलाई वञ्चितीकरणमा परेका समूहहरूको रूपमा सूचीकृत गरेका छन् । धेरै समाजहरूमा केहि समूहहरू (अपाङ्गता भएका, एचआइभी, एडस्‌बाट ग्रसित) पनि विभेद र सामाजिक वञ्चितीकरणमा परेका हुन्छन् । धेरैका लागि यस प्रकारको सीमान्तीकरण सामाजिक पहिचानमा गहिरो रूपमा जोडिएको वञ्चितीकरणभन्दा पनि *विशेष परिस्थिति* (जुन कहिलेकाहीँ अस्थायी पनि हुने गर्दछ) का कारणले हुन्छ जसले जीवनको त्यस क्षणमा परेका संकटसँग जुध्ने क्षमतालाई कमजोर बनाइ दिन्छ । त्यसैले, सीमान्तकरण वा सीमान्तीकरणका जोखिमहरू संरचनागत नभइ परिस्थितिजन्य हुन्छ, त्यस्तो समूहलाई *वञ्चितीकरणमा* परेका भन्दा पनि *जोखिममा परेका* समूहको रूपमा परिभाषित गर्नु उपयुक्त देखिन्छ ।

सबै विकास साझेदारहरू आफ्ना कार्यक्रममार्फत विपन्नसम्म पुग्न चाहन्छन् र सबैजसोले गरिबीमा परेकाहरूलाई (विशेषगरी *आर्थिक वञ्चितीकरण*) वञ्चितीकरणबाट प्रभावित समूहको रूपमा चित्रण गरेको पाइन्छ । धेरै उत्तरदाताहरूले आर्थिक वञ्चितीकरण सबै जात/जाति, स्थान र लिङ्गका वर्गहरूमा विद्यमान हुने कुरामा जोडदिएका थिए । *भौगोलिक वञ्चितीकरण* (दुर्गम क्षेत्र, भौगोलक रूपले पुग्न गाह्रो हुने स्थानहरू) लाई पनि धेरैजसो विकास साझेदारहरूले सम्बोधन गरेका छन् ।

यसबाट के स्पष्ट हुन्छ भने सामाजिक समावेशीकरणको लागि वञ्चितीकरणको उन्मूलन मात्रै पर्याप्त हुँदैन र त्यसका लागि थप कुराहरू पनि आवश्यक हुन्छ । यसको लागि असमान सम्बन्धहरूमा परिवर्तन गरी विविधता वा बहुलताको सम्मान र मान्यता सहितको समानता हुनुपर्ने देखिन्छ ।[२०] २०४६ र २०६२-६३ का जनआन्दोलनहरूले न्यायपूर्ण र समावेशी समाजको लागि उठाइने आवाजहरूलाई सशक्त पारेको छ र नेपालको संविधान २०७२ ले आपसी सम्मान, मान्यता र फरक समूहबीच, समाज र राज्यबीच समावेशी सामाजिक सम्बन्धलाई जोडदिएको छ ।

अगाडि छलफल भएका सबै जटिल विषयबस्तुहरूलाई यसले समेट्न नसके पनि, जेसीको परिभाषामा (परिभाषाका अन्य उदाहरणको लागि अनुसूची ४ हेर्नुहोला) स्वास्थ तथा जनसंख्या मन्त्रालय (हाल स्वास्थ मन्त्रालय) ले आफ्नो निर्देशिकामा अवलम्बन गरेको परिभाषाको सारभूत पक्षहरूलाई समेटेको देखिन्छ यसलाई जेसी कार्य समूहका सदस्यहरूको साझा परिभाषाको रूपमा अगाडि सारेको छ ।

*लैंगिक समानता तथा सामाजिक समावेशीकरण (जेसी) को अवधारणा भनेको महिला, पुरुष र विभिन्न सामाजिक समूहबीचको लिङ्ग, आर्थिक अवस्था, क्षमता, स्थान, जात/जाति, भाषा र शक्ति वा यी आयामहरूको मेलको आधारमा मानिसहरूले अनुभूत गर्ने असमान शक्ति सम्बन्धलाई  सम्बोधन गर्ने अवधारणा हो । यी शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलनमा ल्याउन, आपसी खाडल घटाउन र जुनसुकै सामाजिक पहिचानको पृष्ठभूमि भए तापनि सबै व्यक्तिले समान अधिकार, अवसर र सम्मान सुनिश्चित गर्ने गतिविधिमा यो केन्द्रित रहन्छ ।*[२१]

## १.३.५ पर्याप्त परिभाषा र अवधारणा स्पष्ट नभएका क्षेत्र

**वञ्चितीकरणमा को परेका छन् ?**

माथिको छलफलबाट जेसीको काममा संलग्न धेरैजसो विकास साझेदारहरू तीन मुख्य समूहसम्म पुग्न चाहन्छन् भन्ने देखिन्छः १) *सामाजिक रूपमा वञ्चितीकरणमा* परेका महिला समेतको समूह, २) स्थान, भौतिक, स्वास्थको अवस्था, उमेर, वा प्राकृतिक वा मानव सिर्जित प्रकोपका सिकार भई विशेष किसिमले *जोखिममा परेका समूह* र ३) *विपन्न वा आर्थिक रूपले वञ्चित समूह* । तर सामाजिक र आर्थिक रूपले वञ्चित र जोखिममा परेका उपसमूह बीचको भिन्नताहरूलाई स्पष्ट रूपमा पहिल्याउन विकास साझेदारहरू असफल छन् ।

वञ्चितीकरण तथा जोखिममा परेका यी समूहलाई अवसर र लाभमा समान पहुँच पुऱ्याउनु आवश्यक छ र त्यसका लागि लक्षित सहायताको आवश्यकता पर्दछ । उपलब्ध प्रमाणले के देखाउँछ भने आपत्‌कालीन घटनाहरू जस्तो बाढी, भुईंचालो आदि र जीवनका जोखिमपूर्ण अवस्था, जस्तै बाल्यकाल, युवावस्था र वृद्धावस्थामा महिला, विपन्न, जोखिममा परेका, सामाजिक रूपले वञ्चितीकरणमा परेकाहरूले नै बढी पीडा भोग्नुपर्ने अवस्था अहिले छ ।[२२] मूलप्रवाहीकरण र लक्षित कार्यक्रम दुवैलाई जेसीमुखी बनाउनुपर्छ । यो काम निकै महत्वपूर्ण छ । तर हामीले यस्तो कामको योजना बनाउँदा र कार्यान्वयन गर्दा सामाजिक रूपले वञ्चित र परिस्थितिजन्य

२०. हेर्नुहोस्, CDSA/TU, 2014, Perspectives on Social Exclusion in Nepal. Edited by Gurung, Tamang and Turin.  Kathmandu, Nepal.

२१. श्रोतः Operational Guidelines for Gender Equality and Social Inclusion Mainstreaming in the Health Sector, MOHP/GoN, 2013 मा दिइएको जेसीका परिभाषाबाट लिइएको । नेपाल सरकारको जेसी सम्पर्क अधिकारीहरू र विकास साझेदारहरू बीचको परामर्श गोष्ठीमा शक्ति भन्ने भाषाको प्रयोगले लैंगिक समानता भनेको पुरुषले गुमाउने र महिलाले लाभ प्राप्त गर्ने सिमित जोड घटाउको खेल हो भन्ने भान पार्न सक्छ कि भन्ने सरोकार अभिव्यक्त गरिएका थिए । तर यो सरोकार त्यतिखेर मात्रै सान्दर्भिक हुन आउँछ, जतिखेर लोकतान्त्रिक मुल्य मान्यता, आपसी सहयोग र संवादलाई नभई उत्पीडन र त्यसको स्विकारोक्तिलाई सामाजिक सम्बन्धको प्राकृतिक स्वरूपको रूपमा लिइन्छ ।

२२. Social Inclusion Action Group, 2015.“Towards More Inclusive Disaster Relief in Nepal.”

जोखिममा परेकाहरूको बीचको भिन्नता भने स्पष्ट पार्नुपर्ने हुन्छ। सामाजिक र आर्थिक वञ्चितीकरणमा पर्नुका धेरै गहिरो संरचनागत कारण र मानिसका हेर्ने दृष्टिकोण अदृश्य हुन्छ जसलाई सम्बोधन गरिनुपर्छ । संविधानको समावेशी राज्य निर्माण गर्ने प्रतिबद्धतालाई पूरा गर्न हामीले जोखिम न्यूनीकरण कार्यप्रगतिको अनुगमनलाई वञ्चितीकरण न्यूनीकरण गर्ने कामसँग स्पष्ट छुट्याउनुपर्ने हुन्छ । तिनीहरूको नतिजा र सूचकहरू पनि भिन्नाभिन्नै हुनुपर्दछ ।

फरकफरक निकायहरूले भिन्नाभिन्नै समयमा वञ्चितीकरणमा परेका समूहहरूहरूको आ-आफ्नै सूची जारी गर्नु विकास साझेदारहरूबीच वञ्चितीकरणमा परेका समूहहरूबारेको परिभाषामा अस्पष्टता देखिने अर्को कारण हो। नेपाल सरकारले 'वञ्चितीकरणमा परेका', 'सीमान्तीकृत' वा 'पछाडि परेका' समूहको आधिकारिक वर्गीकरण र त्यसको सैद्धान्तिक आधारहरूबारे स्पष्ट विज्ञप्ति जारी गरेको छैन । नेपालको संविधान २०७२ मा पछाडि पारिएका र वञ्चितीकरणमा परेका समूहका दुईवटा सूची रहेको देखिन्छ, जसलाई राज्यले कुनै न कुनै तरिकाले लाभबाट वञ्चित समूह मानेको छ। त्यसकारणले उनीहरूलाई भिन्न प्रकारको सरकारी सहायताको भागीदारको रूपमा राखिएको छ। लाभबाट वञ्चितहरूको एउटा सूची (तलको तालिका २ को बायाँतिर रहेको) संविधानको 'समानताको हक' को भागमा रहेको छ। त्यस सूचीमा राज्यबाट सुरक्षा, सशक्तीकरण र विकासको लागि भागीदारहरूको चर्चा गरिएको छ। दोस्रो सूची (तलको तालिका २ को दायाँतिर रहेको) 'सामाजिक न्यायको हक' को भागमा रहेको छ, जसको 'समावेशी सिद्धान्तको आधारमा राज्यका निकायहरूमा सहभागी हुने हक' सुनिश्चित गर्नका लागि राज्यले विशेष प्रावधानहरूको (सकरात्मक पहल) व्यवस्था गर्नुपर्दछ ।

त्यसैले, नेपाली जनसमुदाय भित्रको केही पाटाहरूको लागि राज्यले पुनःउपचारको व्यवस्था गर्नुपर्ने कमीका दुई भिन्न पक्षहरूलाई संविधानले आत्मसात् गरेको छ, १) न्यून मानव विकासको स्तरमा रहेका र आर्थिक र विकासका अवसरहरूमा कम पहुँच भएका समूहहरू, (पहिलो कोलममा सूचीकृत गरिएको), २) न्यून राजनीतिक सहभागिता र प्रतिनिधित्व भएका समूहहरू (दोस्रो कोलममा सूचीकृत गरिएको) । धेरै समूहहरू दुवै कोलममा देखा पर्दछ। जसको आधारभूत मानव तथा आर्थिक विकास र राजनीतिक प्रतिनिधित्व दुवैमा कमी छ । तथापि केही समूहहरू जस्तै विपन्न, किसान, श्रमिक, युवा, बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला, र अपाङ्गता भएका व्यक्तिहरू, र अरु 'उत्पीडित समूह' को अस्पष्ट वर्गीकरणमा परेका; जुन पहिलो कोलममा मात्रै सूचीकृत गरिएको छ। उनीहरू राजनीतिक प्रतिनिधित्व पर्याप्त भएको र यस पक्षमा सकरात्मक पहल आवश्यक नपर्ने वर्गमा रहेको अनुमान गर्न सकिन्छ । पहिलो कोलममा सूचीकृत भएका धेरै समूहहरू (उदाहरणको लागि युवा, बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला) लाभबाट वञ्चित रहनुपर्ने कारण सामाजिक पहिचानको कारणले मात्रै नभइ परिस्थितिजन्य भएकोले यस प्रारूपमा वञ्चितीकरण नभई जोखिममा परेका समूहको रूपमा वर्गीकरण गरिएको छ। तर संविधानले गरेको वर्गीकरण यही आधारमा हो वा होइन भन्ने किटानी गर्न सकिँदैन किनभने अपाङ्गता भएका व्यक्तिहरू दुवै कोलममा राखिएको छ ।

तलको तालिकाको दुई सूचीहरूमा दिइएको समूहहरूलाई कस्तो किसिमको निर्दिष्ट कल्याणकारी सुविधा र सकरात्मक

**तालिका २: संविधान २०७२ मा कल्याणकारी, विकास सहायता र सकरात्मक पहलका लागि योग्यताको व्याख्या**

| समानताको हक अर्न्तगत समाविष्ट समूहहरू (राज्यको कल्याणकारी र विकास सहायता प्रावधानहरू) | सामाजिक न्यायको हक अर्न्तगत समाविष्ट समूहहरू (सकारात्मक पहल र राज्यका निकायहरूमा समावेशी सहभागिताका लागि प्रावधानहरू) |
|---|---|
| विपन्न (The Poor) | |
| सामाजिक र सांस्कृतिक रूपले पिछडिएका महिला (Socio-Culturally Backward Women) | सामाजिक र सांस्कृतिक रूपले पिछडिएका महिला (Socio-Culturally Backward Women) |
| दलित (Dalits) | दलित (Dalits) |
| आदिवासी/जनता (Indigenous Peoples) | आदिवासी/जनता (Indigenous Peoples) |
| आदिवासी/जनजाति (Indigenous Nationalities) | आदिवासी/जनजाति (Indigenous Nationalities) |
| मधेसी (Madhesis) | मधेसी (Madhesis) |
| थारू (Tharus) | थारू (Tharus) |
| मुस्लिम (Muslims) | मुस्लिम (Muslims) |
| उत्पीडित वर्ग (Oppressed Classes) | |
| अन्य पिछडावर्ग (Other Backward Classes) | अन्य पिछडावर्ग (Other Backward Classes) |
| अल्पसंख्यक (Minorities) | अल्पसंख्यक (Minorities) |
| सीमान्तीकृत समुदाय (Marginalized Communities) | सीमान्तीकृत समुदाय (Marginalized Communities) |
| किसान (Farmers/Peasants) | |
| श्रमिक (Labourers) | |

| **समानताको हक अर्न्तगत समाविष्ट समूहहरू**<br>(राज्यको कल्याणकारी र विकास सहायता प्रावधानहरू) | **सामाजिक न्यायको हक अर्न्तगत समाविष्ट समूहहरू**<br>(सकारात्मक पहल र राज्यका निकायहरूमा समावेशी सहभागिताका लागि प्रावधानहरू) |
|---|---|
| युवा (Youths) | |
| बालबालिका (Children) | |
| वृद्धवृद्धा (Senior Citizens) | |
| लैंगिक तथा यौनिक अल्पसंख्यक (Gender and Sexual Minorities) | लैंगिक तथा यौनिक अल्पसंख्यक (Gender and Sexual Minorities) |
| अपाङ्गगता भएका व्यक्तिहरू (Persons with Disabilities) | अपाङ्गगता भएका व्यक्तिहरू (Persons with Disabilities) |
| गर्भवती महिलाहरू (Women in Pregnancy) | |
| क्षमता ह्रास वा असहाय व्यक्तिहरू (Incapacitated and Helpless People) | |
| पिछडिएका क्षेत्रका जनताहरू (People from Backward Regions) | पिछडिएका क्षेत्रका जनताहरू (People from Backward Regions) |
| विपन्न खसआर्य (Poor KhasArya) | विपन्न खसआर्य (Poor KhasArya) |

पहलहरूको प्रावधान हुनेछ भन्ने किटान भइसकेको छैन । तर सरकारले प्रदान गर्ने यी विशेष प्रावधानहरूले यी विभिन्न समूहमा रहेका वञ्चितिकरणका तह सरकारी तथ्यांकको उपलब्धता अनुसार लक्षित कार्यक्रमलाई अझ बढी केन्द्रित गर्न मद्दत पुग्ने देखिन्छ ।

माथिको सूचीले अन्य प्रश्नहरू पनि जन्माएको छ । उदाहरणको लागि संविधानले सबै महिलाहरूलाई समानता र सामाजिक न्यायको हक प्राप्तिको लागि सरकारी सहायताको आवश्यकता ठानेको छैन । 'सामाजिक र सांस्कृतिक रूपले पछाडि परेका महिलाहरू' को लागि मात्रै सहायता आवश्यक पर्छ भन्ने व्यवस्था गरेको छ । तर यस वर्गमा पर्ने महिलाहरू को-को हुन् भन्ने पनि स्पष्ट पारिएको छैन । सूचीमा रहेका धेरै समूहहरू दोहोरिएका छन्– उदाहरणका लागि सबै प्रकारका विपन्न र विपन्न खसआर्य ।[२३] 'वञ्चितीकरणमा परेका समूह' लाई 'सीमान्तीकृत समूह' को रूपमा पनि उल्लेख गरिएको छ, तर 'वञ्चितीकरणमा परेका समूह' र 'सीमान्तीकृत समूह' बीचको भिन्नता स्पष्ट पारिएको छैन ।[२४] यी दुई वर्गीकरण एक आपसमा मात्रै होइन धेरै सूचीमा राखिएका अन्य समूहहरू पनि दोहोरिएको छ । जनजाति समूह र मधेसी समूह पनि अल्मल्याउने खालको छ ।[२५] आदिवासी जनता र आदिवासी जनजाति बीचको भिन्नता उल्लेख गरिएको छैन न त उत्पीडित वर्ग र सीमान्तीकृत समुदायको फरक नै छुट्याइएको छ । अझ थारूलाई आदिवासी जनजातिभित्रकै एउटा समूहको रूपमा नराखी फरक समूहको रूपमा सूचीमा राख्नुको कारण स्पष्ट छैन ।

सामान्यतया सरकारको वञ्चितीकरणसम्बन्धी परिभाषा क्षेत्रगत रणनीतिहरूमा स्पष्ट छ । उदाहरणका लागि स्वास्थ्य मन्त्रालयको जेसी रणनीतिमा 'महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा, र राष्ट्रको विकासको लाभ लिन नसकेका दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता' लाई वञ्चितीकरणमा परेको समूहको रूपमा परिभाषित गरिएको छ ।[२६]

विकास साझेदारहरू धेरैजसो वञ्चितीकरणमा परेका समूहहरूका सीमित परिभाषामा रहेर काम गरेको देखियो । धेरैजसो निकायहरूले 'वञ्चितीकरणमा परेका समूहहरू' का रूपमा ठम्याएका निश्चित समूहहरू भएता पनि 'सामाजिक/राजनीतिक वञ्चितीकरण', 'आर्थिक वञ्चितीकरण', 'जोखिममा परेका' हरू बीचको भिन्नता किटानी गर्न सकेको देखिँदैन । तलको तालिका ३ मा पहिलो कोलममा १३ विकास साझेदारहरूले लक्षित गरेका विभिन्न समूहहरूको सूची छ भने, दोश्रो कोलममा ती समूहहरू कुन वर्ग, अर्थात् १) सामाजिक वा राजनीतिक वञ्चितीकरणमा परेका, २) आर्थिक वञ्चितीकरणमा परेका वा विपन्न, ३) जोखिममा परेका समूह अर्न्तगत छ भन्ने देखाइएको छ । तिनलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्नेबारे चर्चा गरिएको छ । अन्तरपक्षीय वा एकआपसमा जेलिएका पहिचानको जटिलताकाबारेमा प्रकाश पारिएको छ ।

चित्र २ मा देखाइएझैं सबै विकास साझेदारहरूले महिलालाई वञ्चितीकरणमा परेका समूहमा राखेको पाइन्छ । यसले दिगो विकास लक्ष्य अनुरूप नै लाभबाट वञ्चित सामाजिक समूहका

२३. संविधानमा खसआर्यको उल्लेख सुरुमा बिना व्याख्या गरिएको थियो तर विरोधपछि संविधान संशोधन गर्दै विपन्न खसआर्य भन्ने व्याख्या थपिएको थियो ।

२४. नेपालको संविधान २०७२ को भाग ३४ ले सिमान्तीकृत समूह भन्नाले संघीय कानुन बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक रूपले पछाडि परेका समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

२५. जनजातिय समूहले थारू, आदिवासी समूह र लोपोन्मुख समुदायलाई समेटनु पर्ने हो जुन आदिवासी जनजाती महासंघ (नेफिन) ले जनजाती समूहभित्र लोपोन्मुख समूहमा वर्गीकरण गरेका छन । मधेशी वर्गीकरणले अन्य पिछडा वर्ग (गैर दलितहरूको एक समूह तर तल्लो जात र अधिकांश गरिबीमा परेका तराईका समुदाय जसलाई छिमेकी भारतमा अन्य पिछडा वर्ग (Other Backward Castes or OBC) को रूपमा वर्गीकृत गरिएको छ । नेपालमा पनि यस समुदायले यहि नामलाई चुनेको छ । मधेसी वर्गीकरणले तराई क्षेत्रका उपल्लो जातका ब्राम्हण र क्षेत्री र राजनीतिक रूपमा शक्तिशाली, र मध्यम वर्गमा पर्ने यादवहरूलाई पनि समेट्दछ जो अन्य मधेशी समूहहरूको तुलनामा धेरै अवसरहरू प्राप्त छ, तथापी अवसरमा उनीहरूको पहाडी समुदाय भन्दा कम विकल्पहरू छन् ।

२६. श्रोत: Operational Guidelines for Gender Equality and Social Inclusion Mainstreaming in the Health Sector, MOHP/GoN, 2013.

('सामाजिक–सांस्कृतिक रूपले पिछडिएका') महिलाहरू मात्र नभई विकास साझेदारहरूले सबै महिलाहरूलाई वञ्चितीकरणमा परेका समूहअन्तर्गत राखेको देखिन्छ ।[२७] केही विकास साझेदारहरूले दलित र जनजातिहरूलाई लक्षित गरेको देखिन्छ ।

आदिवासी/जनजाति अर्न्तगत संविधानले केही नयाँ उपसमूहहरूको पनि चर्चा गरेको पाइन्छ । केही विकास साझेदारहरूद्वारा सञ्चालित आयोजनाहरूले अत्याधिक रूपमा लाभबाट वञ्चित, सीमान्तीकृत, र लोपोन्मुख जनजाति समूह (नेपाल आदिवासी जनजाति महासंघले गरेको वर्गीकरण अनुरूप) लाई लक्षित गरेको पाइन्छ । तर धेरै मात्रामा विकास साझेदारहरूले यस्तो भिन्नताहरूलाई केलाएको पाइन्न । तुलनात्मक रूपमा धेरै जनजातिहरू लाभ प्राप्त जनजातिहरू जस्तै नेवार, गुरुङ र थकाली भन्दा मानवीय विकासका कल्याणकारी कामहरूबाट वञ्चित भएकाले यो वर्गीकरण वास्तविक वञ्चितहरूको पहिचान गर्ने कामका लागि महत्वपूर्ण सुधार हुन सक्दछ ।

**तालिका ३: जेसी कार्य समूह सदस्यहरूले हाल लक्षित गरेका वञ्चितीकरणमा/जोखिममा परेका समूहहरूको सूची**

| समूह | वञ्चितीकरण वा जोखिम[२८] | टिप्पणी |
|---|---|---|
| महिला | सामाजिक/राजनीतिक वञ्चितीकरण | प्रायः सबै निकाय र क्षेत्र महिलासम्म पुग्न केन्द्रित देखिन्छन् । सर्वेक्षणमा उत्तर दिने जेसी कार्य समूहका केही सदस्यहरूको (जस्तै यु.एन.वुमन) अन्य लाभबाट विमुख वा वञ्चित समूहसँग नभई महिलामा नै केन्द्रित भएर काम गर्ने कार्यदेश रहेको हुन्छ । तर तिनीहरू महिलाभित्र पनि विभिन्न वर्गहरू पहिचान गर्न र सबैभन्दा बढी सामाजिक रूपले वञ्चित र जोखिममा परेका महिलाहरूलाई सहायता गर्न सचेत रहेका छन् ।<br><br>केही अल्पसंख्यक समूहहरू राजनीतिक रूपले शक्तिविहीन र सामाजिक हिसाबले सम्मानित नभए तापनि आर्थिक रूपमा सम्पन्न हुन सक्दछन् । तर, अधिकांश सामाजिक र राजनीतिक रूपमा वञ्चितीकरणमा परेकाहरू आर्थिक रूपले पनि वञ्चित र विपन्न हुन्छन् । महिलाका हकमा एक महिला सम्पन्न परिवारको भई तुलनात्मक रूपमा उनी वैभवशाली जीवन यापन गर्ने भए तापनि परम्परागत पितृसत्तात्मक संस्कारको कारणले उनको आर्थिक स्रोतमाथिको नियन्त्रण सीमित हुन्छ । धेरै अर्थमा उनी आर्थिक रूपले वञ्चित नै रहेकी हुन्छिन् । |
| सबै सामाजिक पहिचान र पृष्ठभूमिका विपन्नहरू | आर्थिक वञ्चितीकरण | केही विकास साझेदारहरूले आफ्नो सर्वेक्षण प्रतिउत्तरमा स्पष्ट रूपले गरिबीमा रहेकाहरूलाई सूचीमा समावेश गरेका छैनन् । तैपनि यो समूह धेरै विकास साझेदारहरूले लक्षित गर्नुपर्ने समूह हो (कार्यक्रमको लक्ष्य अनुरूप) । |
| दलित | सामाजिक/राजनीतिक वञ्चितीकरण | पहाडी दलित र मधेसी दलितलाई उनीहरूको वञ्चितीकरणका पक्षहरू भिन्न भएकाले छुट्याएर हेर्नु उपयुक्त हुन्छ । यसले तराई/मधेशका दलितलाई मधेसी समूहमा समावेश गरी उपलब्धिहरू आंकलन गर्न पनि सहयोग पुग्दछ । |
| आदिवासी/जनजाति | सामाजिक/राजनीतिक वञ्चितीकरण | पहाड र तराईका आदिवासी/जनजातिहरूलाई माथि उल्लेखित कारणले छुट्याएर हेर्नु उपयुक्त हुन्छ ।<br>बहुआयामिक वञ्चितीकरण सूचांक[२९] र बहुआयामिक समावेशीकरण सूचांक[३०] दुवैले कल्याणकारी पक्ष र राजनीतिक सहभागितामा भिन्न भिन्न आदिवासी/जनजातिहरूको भिन्नता रहेको देखाएको छ । त्यसकारणले आदिवासी/जनजातिहरूलाई नेफिनले गरे जस्तो उनीहरूको तुलनात्मक वञ्चितीकरणको आधारमा वर्गीकरण गर्नु उचित देखिन्छ । केही समूह लाभान्वित छन्, केही गम्भीर वञ्चितीकरणमा परेका छन् भने केही लोपको संघारमा पुगेका छन् ।<br>संविधानले किन आदिवासी जनता (Indigenous Peoples) र आदिवासी जनजाति (Indigenous Nationalities) भिन्न समूहको रूपमा प्रस्तुत गऱ्यो भन्ने बुझ्न पनि सहयोगी हुन्छ । त्यसैगरी थारूहरू भिन्न समूहको रूपमा सूचीमा राखिएको छ, र किन अनावश्यक देखिने "जातीय समूह" (Ethnic groups) को वर्गीकरण पनि राखिएको छ, त्यसबारे पनि बुझ्न जरुरी छ । |

[२७] तर महिलाको बृहत्तर वर्ग भित्र, थोरै विकास साझेदारहरूले मात्रै लाभबाट वञ्चित समुदायका महिलाहरूलाई किटानी साथ लक्षित गरेको पाइन्छ ।

[२८] वञ्चितीकरणमा र जोखिममा परेका समूहहरू यो दस्तावेजमा वञ्चितीकरण र जोखिममा परेकाहरूको परिभाषा बमोजिम गरिएको छ ।

[२९] Bennett, Lynn and Dilip Parajuli, 2013.The Nepal Multidimensional Exclusion Index: Making smaller Social Groups Visible and Providing a Baseline for Tracking Results on Social Inclusion", Himal Books, Kathmandu, Nepal.

[३०] Das, Prof Arun K.L., et al., 2014.Nepal Social Inclusion Index: Diversity and Agenda for Inclusive Development.Central Dept. of Sociology/Anthropology, Tribhuvan University, Kirtipur, Nepal

| समूह | वञ्चितीकरण वा जोखिम[२८] | टिप्पणी |
|---|---|---|
| अन्य पिछडा वर्ग Other Backward Classes (OBC) | सामाजिक/राजनीतिक वञ्चितीकरण | कुनै पनि जेसी कार्य समूहले सर्वेक्षणको प्रतिउत्तरमा स्पष्ट लक्षित नगरेको समूह । बहुआयामिक वञ्चितीकरण सूचाङ्क अनुसार यो समूह अत्यन्त वञ्चितीमा परेको देखाएको छ, त्यसैले जेसी कार्य समूह सदस्यहरू जो तराईमा काम गरिरहेका छन्, तिनको व्यवस्थापनले यसबारे पुनरावलोकन गर्नु उचित देखिन्छ । मधेसी वर्गीकरणसँग यो दोहोरिन्छ । |
| मधेसी | सामाजिक/राजनीतिक वञ्चितीकरण | यो समूहमा प्रभुत्वशाली, वञ्चितीकरणमा परेका र जोखिममा परेका समूहहरू समाविष्ट छन् । तर सम्पूर्ण मधेसी समूह भिन्न मात्रामा राजनीतिक वञ्चितीकरणमा परेका छन् । |
| मुस्लिम | सामाजिक/राजनीतिक वञ्चितीकरण | तर्कको हिसाबले यो "मुस्लिम तथा अन्य धार्मिक अल्पसंख्यक" हुनुपर्ने हो । तर मानव विकास सूचांकहरूले मुस्लिमहरू विपन्न देखिन्छन् । |
| लैंगिक तथा यौनिक अल्पसंख्यक | सामाजिक/राजनीतिक वञ्चितीकरण | पाँच भिन्न समूहहरू (Lesbian, Gay, Bisexual, Transgender/ Transsexual, Intersex) यसभित्र राखिएको छ । यौनिक अभिमूखको कारणले उनीहरूमाथि हुने विभेद र चुनौती, लैंगिक पहिचानको आधारमा हुने भन्दा भिन्न हुनसक्दछ । |
| नागरिकता विहीन व्यक्तिहरू | सामाजिक/राजनीतिक वञ्चितीकरण | नागरिकता सम्बन्धी केही प्रावधानहरूले गर्दा महिलाहरूबाट तिनका सन्तानले नागरिकता प्राप्त गर्न नसक्ने हुनाले यो समूहको संख्यामा वृद्धि हुनसक्दछ । |
| मानसिक र शारीरिक अपाङ्गता भएका व्यक्तिहरू | जोखिममा/ वञ्चितीकरणमा परेका | विभिन्न किसिमका मानसिक र शारीरिक अपाङ्गता भएकाहरू सबै समाविष्ट हुनुपर्ने देखिन्छ । अन्तरपक्षीयता यसमा सान्दर्भिक छ । यदि अपाङ्गता भएका व्यक्तिहरू यस तालिकामा सूचीकृत सामाजिक रूपले वञ्चितीकरणमा परेका समूहको सदस्यका भएमा उनीहरू थप वञ्चितीमा पर्दछन् । |
| दुर्गम क्षेत्रमा बसोबास गर्ने समुदाय | जोखिममा परेका | धेरै अर्थमा 'दुर्गम क्षेत्र' परिभाषित गर्न गाह्रो छ । नेपाल सरकारले कहिलेकाहिँ कर्णाली अञ्चललाई दुर्गम क्षेत्र मानेको पाइन्छ । अधिकांश विकास साझेदारहरूले कम सम्पर्क भएका र अत्याधिक गरिबी भएका जिल्लाहरूलाई केन्द्रित गरेको पाइन्छ । तर भौगोलिक क्षेत्र लक्षित कार्यक्रमले विपन्न क्षेत्रको सुविधा सम्पन्न समूहलाई पनि समेट्दछ । अनुगमनको लागि स्पष्टता आवश्यक छ । |
| बालबालिका (केटा र केटीहरू) | जोखिममा परेका | अन्तरपक्षीयता यसमा सान्दर्भिक छ । यदि बालबालिकाहरू यस तालिकामा सूचीकृत सामाजिक रूपले वञ्चितीकरणमा परेका समूहको सदस्य भएमा उनीहरूमा थप वञ्चितीकरण पर्दछ । |
| युवा | जोखिममा परेका | अन्तरपक्षीयता यसमा सान्दर्भिक छ । यदि युवाहरू यस तालिकामा सूचीकृत सामाजिक रूपले वञ्चितीकरणमा परेका समूहको सदस्य भएमा उनीहरूमा थप वञ्चितीकरण पर्दछ । |
| वृद्धवृद्धा/जेष्ठ नागरिक | जोखिममा परेका | अन्तरपक्षीयता यसमा सान्दर्भिक छ । यदि वृद्धवृद्धा/जेष्ठ नागरिकहरू यस तालिकामा सूचीकृत सामाजिक रूपले वञ्चितीकरणमा परेका समूहको सदस्य भएमा उनीहरूमा थप वञ्चितीकरण पर्दछ । |
| एचआइभी/एड्स प्रभावित | जोखिममा/सामाजिक वञ्चितीकरणमा परेका | एचआइभी/एड्सप्रतिको निन्दा भावले यस रोगबाट संक्रमितहरू सामाजिक वञ्चितीकरणमा पर्दछन् । अन्तरपक्षीयता यसमा सान्दर्भिक छ । यदि एचआइभी/एड्स प्रभावितहरू यस तालिकामा सूचीकृत सामाजिक रूपले वञ्चितीकरणमा परेका समूहको सदस्य भएमा उनीहरूमा थप वञ्चितीकरण पर्दछ । |
| यौन पेशामा संलग्न र बेचबिखनमा परेका व्यक्तिहरू | जोखिममा/सामाजिक/ राजनीतिक/आर्थिक वञ्चितीकरणमा परेका | यौन पेशामा संलग्न व्यक्तिहरू सामाजिक वञ्चितीकरणमा पर्दछन् । अन्तरपक्षीयता यसमा सान्दर्भिक छ । यदि यौन पेशामा संलग्न र बेचबिखनमा परेका व्यक्तिहरू यस तालिकामा सूचीकृत सामाजिक रूपले वञ्चितीकरणमा परेका समूहको सदस्य भएमा उनीहरूमा थप वञ्चितीकरण पर्दछ । तर, यौन पेशामा संलग्न र बेचबिखनमा परेका व्यक्तिहरू जुनसुकै सामाजिक पहिचानका भए पनि उनीहरू थप वञ्चितीकरणमा पर्दछन् । यौन पेशामा संलग्न र बेचबिखनमा परेका व्यक्तिहरू वञ्चितीकरणमा पर्नुका कारण सामान्यतया आर्थिक वञ्चितीकरण हो । उनीहरू श्रम सम्बन्धी हकविहीन हुनाले राजनीतिक वञ्चितीकरणमा पर्दछन् भने सामाजिक निन्दाको कारणले सामाजिक वञ्चितीकरणमा परेका छन् । उनीहरू दुर्व्यवहार र हिंसाबाट पनि जोखिममा रहेका हुन्छन् । |

| समूह | वञ्चितीकरण वा जोखिम[२८] | टिप्पणी |
|---|---|---|
| अनौपचारिक क्षेत्रमा काम गर्ने व्यक्तिहरू वा असुरक्षित पेशा /वैदेशिक श्रम र ज्यालाविहीन स्याहारका काममा रहेका व्यक्तिहरू | जोखिममा/सामाजिक/ राजनीतिक/आर्थिक वञ्चितीकरणमा परेका | अन्तरपक्षीयता यसमा सान्दर्भिक छ । अनौपचारिक क्षेत्रमा वा असुरक्षित पेशा र ज्यालाविहीन स्याहारका काममा रहेका व्यक्तिहरू औपचारिक अर्थतन्त्रबाट वञ्चित हुन्छन् र आर्थिक रूपले वञ्चितीकरणमा पर्दछन् । श्रम सम्बन्धी हकविहीन हुनाले राजनीतिक वञ्चितीकरणमा पर्दछन् भने सामाजिक निन्दा र सम्मानको अभावको कारणले सामाजिक वञ्चितीकरणमा परेका छन् । उनीहरू कामको स्थानमा हुने दुर्व्यवहार र हिंसाबाट पनि जोखिममा रहेका हुन्छन् । |
| भूकम्प तथा बाढी पीडित समुदाय | जोखिममा परेका | जेसी कार्य समूहका धेरै सदस्यहरू यस समूहहरूसँग काम गरिरहेका छन् । अन्तरपक्षीयता यसमा सान्दर्भिक छ । यदि भूकम्प तथा बाढीपीडित समुदायहरू यस तालिकामा सूचीकृत सामाजिक रूपले वञ्चितीकरणमा परेका समूहको सदस्य भएमा उनीहरूमा थप वञ्चितीकरण पर्दछ । |
| भूमिहीनहरू | जोखिममा परेका | जो भूमिहीन छन् वा जोसँग अत्यन्त सीमित भूमि छ । अन्तरपक्षीयता यसमा सान्दर्भिक छ । यदि भूमिहीनहरू यस तालिकामा सूचीकृत सामाजिक रूपले वञ्चितीकरणमा परेका समूहको सदस्य भएमा उनीहरूमा थप वञ्चितीकरण पर्दछ । |

केही विकास साझेदारहरूले मधेसीलाई वञ्चित समूहको रूपमा उल्लेख गरेको पाइन्छ । तर यस वर्गीकरणलाई पुनरावलोकन गर्न आवश्यक छ किनभने यसले मधेसी, दलित, तराई आदिवासी/जनजाति, मुस्लिम र अन्य पिछडा वर्गलाई समेट्ने हुँदा दोहोरिन्छ। यी सबै उपसमूहहरूलाई वञ्चितीकृतको रूपमा लिन सकिन्छ । तर, मधेसी समूहले सम्पन्न र राजनीतिक रूपले सम्बद्ध मधेसी ब्राह्मण तथा क्षेत्रीहरू र मध्यस्थानमा रहेका तर सशक्त यादव जस्तो समुदायलाई पनि समेट्दछ । कल्याणकारी कामहरूमा लक्षित गर्ने र विकास सुविधाहरू प्रदान गर्न समानताको हकको धारामा संविधानले गरेको प्रतिबद्धताको लागि यो वर्गीकरण समस्यामूलक देखिन्छ । तर मधेसी वर्गीकरण सामाजिक न्यायका हक अर्न्तगतको धारामा राजनीतिक प्रतिनिधित्व सुनिश्चित गर्ने कामको लागि लक्षित प्रावधानको लागि भने उपयागी हुने देखिन्छ । सर्वेक्षणको प्रतिउत्तरहरूमा कुनै पनि विकास साझेदारहरूले अन्य पिछडा वर्गको उल्लेख वञ्चित समूहको रूपमा नगर्नु विचारणीय पक्ष हो । जबकि यी समूहका अधिकांश समुदाय अत्यन्त विपन्न छन् । अछूतको रूपमा नरहेता पनि जाति प्रथाजन्य विभेद उनीहरूले भोगिरहेका छन् । केही विकास साझेदारहरू दुर्गम र पिछडिएको क्षेत्रबारे, अपाङ्गता भएका व्यक्तिहरू, यौनिक तथा लैंगिक अल्पसंख्यकहरूबारे सरोकार राख्दछन् । कसैले वृद्धवृद्धालाई पनि जोखिममा परेका समूहको रूपमा उल्लेख गरेका छन् । केही विकास साझेदारहरूले वञ्चितीकरणमा परेका ठूला समूहहरू जस्तै महिला, दलित, जनजाति भित्रका शक्ति सम्पन्नहरूले अरूको अनुपातमा बढी सुविधा लिने र त्यसबाट जोखिममा परेका/सीमान्तीकृत समूहभित्र नै दूरी बढ्दै गएको कुरा मनन गरेको पाइन्छ ।

संविधानबाट लिइएको तालिका २ र जेसी कार्य समूहका विकास साझेदारहरूले हाल कार्यान्वयन गरिरहेका विकास कार्यक्रमहरूमा लक्षित समूहहरूको सूची भएको तालिका ३ मा स्पष्ट रूपमा धेरै कुरा नमिल्दा छन् । नेपाल सरकारको जेसी अधिकारी र अन्य सम्बन्धित निकायहरूले अध्ययन गर्नु सान्दर्भिक हुनेछ । यसका मुख्य बुँदा निम्न छन्:

१) वञ्चितीकरण (सामाजिक/राजनीतिक/आर्थिक वञ्चितीकरणमा) र जोखिममा परेका बीचको भिन्नताबारे अवधारणागत स्पष्टता, र
२) जेसी कार्य समूहको सदस्यबीच आफ्नो सरोकारको मुख्य समूहहरूबारे साझा समझदारी ।

माथि उल्लेख गरिएका विकास साझेदार र मन्त्रालयहरूले उनीहरूको कामले विपन्न, सामाजिक रूपले वञ्चित र जोखिममा परेका समूहका सदस्यसम्म पुग्ने सुनिश्चितता गरुञ्जेल आफ्नो कार्यदेश (म्यान्डेट) बमोजिम निश्चित समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्नु तर्कसंगत छ । तालिका ३ मा प्रस्तुत गरिएको सूची नेपालमा वञ्चित र जोखिममा परेका मुख्य समूह पहिचान गर्नको लागि अन्तरिम निर्देशिकाको रूपमा सहयोगी हुन्छ र जेसी कार्य समूहले अरू छलफल गर्नुपर्ने विषयलाई अगाडि बढाउन मद्दत पुग्न सक्दछ ।



USAID, Nepal

अध्याय २


# परिवर्तनका साझा सिद्धान्त तर्फः असमानता र वञ्चितीकरणबाट समानता र समावेशीतिर

जेसी कार्य समूहका सबै सदस्यहरूको आफ्नो कामलाई दिशानिर्देश गर्ने स्पष्ट परिवर्तनको सिद्धान्त भएको देखिँदैन । यस्तो सिद्धान्त भएकाहरूले पनि फरकफरक खालको सिद्धान्त अँगालेका छन् । यद्यपि यी विविध अवधारणाहरूमा कसरी वञ्चितीकरणको निरन्तता हुन्छ ? कस्ता विकास कार्यक्रमहरूले व्यक्ति र समूहहरूले वञ्चितीकरणबाट छुट्कारा दिलाउन सक्दछ ? समाजलाई अझै कसरी समावेशी बनाउन सक्दछ ? भन्नेबारे एक प्रकारको सामान्जस्यता रहेको देखिन्छ (विकास साझेदारहरू र अन्तर्राष्ट्रिय गैसस र जेसी कार्यसमूहका सदस्यहरूबीच विभिन्न प्रकारका परिवर्तनका सिद्धान्त बारेको छलफल अनुसूची ५ हेर्नुहोस) ।

तल प्रस्तुत गरिएका चित्रहरू (चित्र १, चित्र २ र चित्र ४) ले वञ्चितीकरणको सुरुवात कसरी हुन्छ र त्यसलाई निराकरण गर्न के गर्न सकिन्छ भन्नेबारे वृहत्तर ढंगले सोच्न एक पद्धति अगाडि सार्दछ । यसमा मुख्य पक्षहरूमा के परिवर्तन आउन आवश्यक छ र कस्तो किसिमको हस्तक्षेप (Intervention) आवश्यक छ भन्नेबारे सुझाव दिइएको छ । विशेषगरी चित्र ४ ले रणनीतिक जेसीका तहमा मुख्य मुद्दा र क्षेत्रहरू पहिचान गर्न मद्दत पुग्छ । जसबाट सम्बन्धित विकास साझेदारका राष्ट्रिय कार्यक्रमले नेपालमा सामाजिक समावेशीकरणको मुद्दामा सघाऊ पुऱ्याउन सक्दछ (अनुसूची ६ मा परिवर्तनका सिद्धान्तलाई वर्तमान आयोजनामा कसरी प्रयोग गरिएको छ भन्ने प्रस्तुत गरिएको छ) ।

राज्य र नागरिक, अर्थतन्त्र र समाजबीचको पारस्परिक सम्बन्धलाई **चित्र १** ले देखाउँछ जहाँ उनीहरू जिउँदछन् र संस्थाहरूबाट प्रभावित हुन्छन् ।[३१] हामीलाई थाहा छ, आफू बस्ने राज्य, आर्थिक र सामाजिक संस्थाहरू नागरिकहरू आफैँले निर्माण गर्दछन् । नागरिकहरूले आफूबाट अपेक्षा गरिएको भूमिका, आफूले पाउनुपर्ने विशेष सुविधाहरू र जिम्मेवारीको खाका ती संस्थाहरू वा प्रणालीहरूबाट प्राप्त

**चित्र १: वञ्चितीकरणबाट समावेशीतिरः व्यक्तिहरूले संस्थाहरू निर्माण गर्दछ, संस्थाहरूले व्यक्तिहरूलाई बदल्छ**





[३१] राज्य, अर्थतन्त्र र समाजको परिधि र सीमारेखा एकछत्र हुँदैन (र यो द्वन्द्वको स्रोतपनि हुन सक्दछ ) तर यी तीन क्षेत्र एक आपसमा जेलिएको हुन्छ ।

गर्दछन् । संस्थाहरू भन्नाले 'मानवीय अन्तरक्रियाहरूलाई निर्धारण गर्ने नीति/नियम र मूल्यमान्यता' भन्ने बुझ्दा सहज हुन्छ ।[३२] माथि चर्चा गरिएझैँ यीमध्ये केही संस्था औपचारिक हुन्छन् – संविधान लगायत राज्यका कानुन तथा नीतिहरू, र तिनलाई कार्यान्वयन र लागू गर्ने सरकारी संयन्त्र । यी औपचारिक संस्थाहरूको समानन्तरमा वा अझै बढी शक्तिशाली रूपमा अनौपचारिक संस्थाहरू हुन्छन् जस्तो कि पितृसत्ता र लैंगिक सम्बन्धका मान्यताहरू, महिला/केटीहरू र पुरुष/केटाहरूबारेको सामाजिक दृष्टिकोण अर्थात् बुझाइ, उचनिचमा विभाजित जाति प्रथा, मानसम्मानको मान्यता, वफादारीता र नम्रता, नाता सम्बन्ध र राजनीतिक सम्पर्कको आधारमा हुने आपसी लेनदेन र सहयोग आदि पर्दछन् । बाहिरबाट आएका व्यक्तिहरूलाई यस किसिमको संस्थाहरूबारे देख्न र बुझ्न कठिन हुन्छ किनभने, सामान्यता यी कुराहरू व्यक्तिभित्र अप्रकट हिसाबले रहेको हुन्छ । महिला–पुरुष भूमिका जस्तै धेरैजसो यी संस्थाहरू 'स्वभाविक' हो भनेर ग्रहण गरिएका हुन्छन् । त्यसैले यस किसिमका अप्रकट पक्ष जसले उसको दृष्टिकोणलाई आकार दियो, त्यसलाई देख्न र महसुस गर्न सक्ने बनाउन र यसलाई परिवर्तन गर्न सकिन्छ भन्ने महसुस गराउन सचेतनामा वृद्धि र मनोवृत्तिमा परिवर्तनको आवश्यकता पर्दछ ।

**चित्र २** ले हरेक समाजमा त्यहाँ भित्रका शक्तिवान् र प्रतिष्ठित व्यक्तिहरूले संस्था सञ्चालन तथा नीति नियम निर्धारण गर्ने काममा धेरै प्रभाव पार्न सक्दछन् जसबाट उनीहरूको प्रभुत्व स्थायी हुन सकोस् भन्ने देखाउँछ । यो वास्तवमा कुनै सचेत तरिकाले प्रभुत्वशाली व्यक्ति वा समूहहरूले योजनाबद्ध हिसाबले गरेको हो भन्ने चाहिँ नहुन सक्छ । निश्चित समयमा यो सामूहिक हितको लागि उपयोगी रहेको पनि हुनसक्छ । समय बित्दै जाँदा यस्तो प्रभूत्व र हैकम स्वभाविक मानिन पुग्दछ – प्रचलित मूल्य र विश्वासहरूबाट समर्थित तथा यसभित्रका मानिसहरूले आफैँले यस्तो अवस्थालाई मानव निर्मित पद्धति नभई प्राकृतिक वा दैवी शक्तिबाट स्थापित भएको भन्ने मान्न पुग्दछन् । वञ्चितीकरणका निश्चित पक्ष हटाउन गाह्रो हुनुमा यो पनि एउटा कारण हो ।

**चित्र २ः वञ्चितीकरणबाट समावेशीतिरः राज्य, अर्थतन्त्र र समाजलाई निर्माण गर्न यी संस्थाका कस्ता व्यक्तिहरूले बढी प्रभाव पार्दछन् ?**




[३२] Douglass C. North. 1990. Institutions, Institutional Change and Economic Performance. Cambridge University Press.

**चित्र ३: वञ्चितीकरणबाट समावेशीतिरः नेपालमा को-को सामाजिक वञ्चितीकरणमा परेका छन् र को-को समावेश भएका छन् ?**

**समावेश भएका**

- पुरुष (विशेष गरी उच्च सामाजिक वर्ग/प्रतिष्ठित समूहका)
- सुविधा सम्पन्न/उच्च वर्गका
- नेपाली समाजका तलका आधारहरूमा प्रभुत्वशाली मानिने समूह
  - जात/जातिः खसआर्य
  - क्षेत्रः पहाड, त्यसैले पहाडी समुदाय
  - धर्मः हिन्दू
  - भाषाः नेपाली
  - पूँजीः जग्गाको स्वामित्व
- हेटेरोसेक्सुअल (अन्तरयौनिक)
- नागरिक/ नागरिकता हुने
- अपाङ्गता नभएका व्यक्तिहरू
- पूर्ण क्षमताका वयस्कहरू
- राजधानी र ठूला सहरहरूमा बसोबास गर्ने

**वञ्चितीकरणमा परेका**

- महिला
- विपन्न/तल्लो वर्ग
- नेपाली समाजका तलका आधारहरूमा सीमान्तीकृत/वञ्चित मानिने समूह (हरू)
  - जात/जातीः दलित, पिछडा वर्ग, आदिवासी जनजाति
  - क्षेत्रः तराई, मधेसी समुदाय
  - धर्मः मुस्लिम र अन्य गैर हिन्दू
  - भाषाः गैर नेपाली भाषा
  - पुँजीः भूमिहीन
  - एलजिबिटिआइ समुदाय
- नागरिकताविहीन
- अपाङ्गता भएका व्यक्तिहरू
- दुर्गम र कठिन भौगोलिक क्षेत्रमा बसोबास गर्ने समुदाय (जस्तै सुदूर पश्चिम र कर्णाली)

**जोखिममा नपरेका**

- भूकम्प, बाढी वा सुक्खाबाट प्रभावित नभएका क्षेत्रमा बसोबास गर्ने समुदाय
- एचआइभीबाट प्रभावित नभएका
- यौनकर्मी नभएका वा वेचविखनमा नपरेका
- पूर्ण क्षमताका वयस्कहरू

**जोखिममा परेका**

- भूकम्प, बाढी वा सुक्खाबाट प्रभावित भएका क्षेत्रमा बसोबास गर्ने समुदाय
- एचआइभीबाट प्रभावित भएका
- यौनकर्मी भएका वा वेचविखनमा परेका
- बालबालिका, किशोरकिशोरी र वृद्धवृद्धा

**श्रोतः** विकास साझेदारहरूद्वारा नेपाल सरकार र विकास साझेदारहरूबीच यो प्रारूप निर्माण गर्न गरिएको छलफलमा प्रस्तुत गरिएका प्रमाणहरूको आधारमा तयार पारिएको ।

आफ्नो समाज र राज्यका यी संस्थाहरूमा पर्याप्त प्रभाव पुऱ्याउन सक्नु नै आधारभूत रूपमा समावेशी हुनु हो । महिला र एलजिबिटिआइ व्यक्तिहरूका अनुपातमा, पुरुषहरू (उनीहरूको पहिचानको अन्य आयामहरूको आधारमा) प्रभूत्वशाली हुने गर्दछन् ।[३३] तर सामाजिक प्रभुत्वको अन्य निर्धारक तत्वहरू समय र समाजसापेक्ष फरक हुन सक्दछ । माथिको छलफलको आधारमा चित्र ३ ले नेपाली समाजमा हाल विद्यमान सामाजिक वञ्चितीकरण/समावेशीकरण र जोखिमहरूलाई सारमा प्रस्तुत गर्दछ ।

**चित्र ४** ले परिवर्तन ल्याउनका लागि जेसीले गर्ने कार्यक्रमहरूलाई तीन समूहमा प्रस्तुत गर्दछ, *तत्कालिक अवधि* (निलो रंग), *मध्यकालिक अवधि* (हरियो रंग) र *दीर्घकालीन अवधि* (रातो रंग) – जसले समावेशी राज्य र समाज निर्माणतर्फ डोऱ्याउँदछ । यी आमप्रकारको कार्यक्रमहरू हुन जसलाई भिन्न स्थानमा रहेका महिला, विपन्न, जोखिममा परेका र वञ्चित समूहहरूको निर्दिष्ट आवश्यकता पूरा गर्न र ऐतिहासिक समयअनुरूप विभिन्न अवसरहरूको लागि कार्य गर्नेतर्फ ढाल्नुपर्दछ । जेसी कार्य समूहले लैंगिक समानता र सामाजिक समोशीकरण हासिल गर्नका लागि तलका तीन महत्वपूण क्षेत्रहरू वा अधिकारका समूहहरूलाई पहिचान गरेको छ :


१. निर्णयमा सहभागी हुने र प्रतिनिधित्वको अधिकार,
२. समान मानव विकासको अधिकार र
३. सांस्कृतिक तथा भाषिक विविधता र समान सम्मानको अधिकार ।[३४]

यी पक्षहरूलाई **चित्र ४** मा देखाइएको कार्यक्रमको रूपरेखाले सम्बोधन गरेको छ । 'प्रतिस्पर्धालाई (वा खेलको मैदानलाई) सन्तुलित बनाउन कानुन, नीति, निर्वाचन प्रणाली र सुशासन संयन्त्रमा सुधार' र सशक्तिकरणको लागि संगठन र 'राजनीतिक सहभागितामार्फत प्रभाव (महिला, विपन्न, जोखिममा परेका र वञ्चितहरूको) वृद्धि गर्ने' प्रयासहरूले महिला, विपन्न, जोखिममा परेका तथा वञ्चित समूहहरूको निर्णय प्रक्रियामा सहभागी

[३३] दलित पुरुष र खसआर्य पुरुष आफ्नो समूह भित्र महिलाभन्दा उच्च दर्जामा रहेको मानिन्छ, तर दलित पुरुष भने खसआर्य पुरुष भन्दा तल्लो दर्जामा रहन्छ (अन्य कुराहरू समान रहेको अवस्थामा) । धार्मिक शुद्धताको हिसाबले हेर्दा अर्कोतिर खसआर्य महिला दलित पुरुष भन्दा माथिल्लो श्रेणीमा रहन्छ । परम्परागत मान्यताको मर्दाना र जनना भूमिका निर्वाह नगर्ने महिला र पुरुषलाई तल्लो दर्जाको मर्दाना (गे, ट्रान्सजेण्डर, फेमिनिन मेन) र जनानाको भूमिका ननिभाउने महिला (लेस्बियन, ट्रान्सजेण्डर र मस्कुलिन वुमेन) मानिन्छ । जनाना पक्ष जहिले पनि मर्दानापक्षको अधीनस्थ रहेको मानिन्छ र पराम्परागत जनाना भूमिका ननिभाउने महिला परम्परागत महिलाभन्दा माथि मानिन्छ ।

[३४] Terms of Reference (for) A Consultant for Defining an Operational Framework for Gender Equality and Social Inclusion (GESI) (for the) Social Inclusion Action Group (SIAG). January 6, 2016. SDC/Swiss Embassy, Nepal. Page 2. Note: the SIAG that commissioned this framework has since renamed itself as the GESI Working Group.

**चित्र ४: वञ्चितीकरणलाई घटाउन र 'शक्ति पुन:सन्तुलन' गर्न के गर्न सकिन्छ ?**




हुने र प्रतिनिधित्व गर्ने अधिकार सुनिश्चित गर्न सघाउ पुग्दछ। दोश्रो आयाम, 'समान मानवीय विकासको अधिकार' बारे **चित्र ४ मा** प्रस्तुत भएझैं 'महिला र अल्पसंख्यकहरूको पहुँचलाई पोषण, स्वास्थ, शिक्षा, सीप विकास तालिम, कानुनी सहायता र वित्तीय तथा उत्पादन श्रोतमा लक्षित गर्नाले' सम्बोधन हुन्छ । तेश्रो आयाम, 'सांस्कृतिक तथा भाषिक विविधता र समान सम्मानको अधिकार' बारे शक्तिशाली समूह, वञ्चित समूह र महिला, विपन्न र जोखिममा परेकाहरू समेतको चेतना अभिवृद्धि गर्ने र सम्पूर्ण राज्यका एकाइहरूले 'विविधताको सम्मान' प्रवर्द्धन गर्दछ भन्ने सुनिश्चित गराउन कानुनी सुधारमार्फत सम्बोधन गर्न सकिन्छ ।

परिप्रेक्ष्य, उपलब्ध अवसरहरू र निर्दिष्ट ऐतिहासिक कालको सापेक्षतामा परिवर्तन हुनसक्छन् । तर देशको परिस्थिति जस्तो भए पनि जेसी कार्यान्वयन पद्धतिको अधिकांश भागमा परिवर्तन आउने छैन । केही कार्यक्रमहरू मानवीय वा समुदाय केन्द्रित हुन्छ र केही संस्थाहरूतिर लक्षित हुन्छन्, यस्तो संस्थाहरू जुन वञ्चितीकरणजन्य यथास्थितिको निरन्तरतालाई आकार दिन्छन् र स्थायी बनाउँछन् । यी तत्वहरू स्थिर रहन्छन् । पहिलो, महिला, विपन्न, जोखिममा परेका र वञ्चित समूहलाई मानवीय स्रोत र आर्थिक अवसरहरूमा उनीहरूले इतिहासमा गुमाएका पक्षलाई पुन:प्राप्ति गर्न तथा आफ्नो अवस्थालाई राम्ररी बुझ्न र त्यसलाई परिवर्तन गर्न संगठित हुनका लागि तत्काल सहयोगको जरुरत पर्दछ । यसलाई व्यवहारमा ल्याउनका लागि महिला, विपन्न, जोखिममा परेका र वञ्चित समूहहरूको स्थानीय तथा राष्ट्रिय तहमा निर्णय प्रक्रियामा सहभागिता र प्रतिनिधित्व महत्वपूर्ण तत्वहरू हुन् । त्यसै गरी समान मानव विकासको लागि सेवा र स्रोतहरूमा पहुँच र

प्रयोग तथा सांस्कृतिक र भाषिक विविधताको सम्मान जस्ता कुराहरू अर्को महत्वपूर्ण तत्वहरू हुन् । त्यसैगरी प्रभुत्वशाली समूहलाई पनि वञ्चितीकरणका आयामहरूबारे र त्यसबाट छुट्कारा पाउने काममा उनीहरूको उत्तरदायित्वको बारेमा पनि सचेत गराउन आवश्यक छ । संस्थागत तहमा, नयाँ कानुन, नीतिहरू र प्रणालीहरू विकास गरिनुपर्दछ, जसबाट सरकारलाई यी परिवर्तनहरू लागू गर्ने काममा उत्तरदायी बनाउन मद्दत पुग्दछ ।

अन्त्यमा, सबैभन्दा बढी चुनौतीपूर्ण तत्व, मानिसहरूको मूल्य, मान्यता, विश्वास र व्यवहारमा परिवर्तन हुन आवश्यक छ । यो परिवर्तनको प्रक्रियामा विगतको प्रभुत्वशाली वर्ग र विगतमा वञ्चित पारिएको वर्ग दुवै उत्तिकै सम्मिलित हुनु आवश्यक छ । द्वन्द्वपश्चात र संविधान लेखनको अवधिले सामाजिक-राजनीतिक परिवर्तनबारे जनचेतना वृद्धि गर्न बल पुगेको छ । उदाहरणका लागि यसले बहिष्करणजन्य राज्यबाट समावेशी राज्य र समावेशी समाजतर्फको रूपान्तरण जटिल र दीर्घकालीन प्रकृतिबारे चेतनामा वृद्धि गरेको छ ।

समाजमा गाडिएर बसेका लैंगिक असमानता र सामाजिक वञ्चितीकरण जस्ता गलत अभ्यासमा परिवर्तन ल्याउनका लागि दुई फरक समयावधिमा काम गर्न जरुरी छ । पहिलो **तुरुन्तै गरिनु** पर्ने आवश्यक काम हो, महिला, विपन्न, जोखिममा परेका समूह र वहिष्कृत समूहको कार्यक्रम र आयोजनाहरूमाथि *मानव विकासका सम्पत्ति र उनीहरूको आवाज तथा क्षमता वृद्धि* गर्ने सेवा सुनिश्चित गरिनुपर्छ । त्यसका लागि निर्णय गर्ने तहमा सहभागिताको अधिकार, समान मानव विकासको अधिकार र सांस्कृतिक तथा भाषिक विविधताको सम्मान आवश्यक छ । साथै बिस्तारै भइरहेका प्रणालीगत परिवर्तनका लागि **दीर्घकालीन क्रियाकलापमा** सहयोग प्रदान गर्नु अति आवश्यक हुन्छ । यस अर्न्तगत *पहुँच र अधिकार* (उदाहरणका लागि सहभागिताको अधिकार, समान मानव विकासको अधिकार र सांस्कृतिक तथा भाषिक विविधताको सम्मान) निर्धारण गर्ने वर्तमान प्रणालीमा परिवर्तन गर्ने, र अवचेतनमा रहेका विभेदका बाधा र स्रोतहरूलाई हटाउने कुरा पर्दछ ।

नेपाल सरकार र विकास साझेदारहरूले परिवर्तनको प्रक्रियामा पहिलो पक्ष जस्तै सीमान्तीकृत भएका समुदाय (महिला, विपन्न, जोखिममा परेको समूह र वञ्चित समूह) को सेवा र अवसरहरूमा लक्षित कार्यक्रममा ध्यान दिएका छन् । तर, उनीहरू गहिरोसँग जरा गाडेका सांस्कृतिक पक्षका अवरोध र सीमान्तीकृत समुदायका सदस्यहरूमा असमान उपलब्धिलाई निरन्तरता दिने सामाजिक सिकाइका व्यवहारहरूबारे कम सचेत देखिन्छन् । यस पक्षबारे सचेत भए तापनि धेरै श्रोत, साधन, प्रयत्न र लामो समयको आवश्यकता पर्ने हुँदा उनीहरू निरुत्साहित हुन्छन् । नयाँ संविधानले नागरिक र राज्यबीचको सम्बन्धमा सबै पक्षहरू समावेश भएको अपेक्षाहरूको खाका प्रस्तुत गरेको छ । मूलतः सबै नागरिकहरूको समान अधिकार हुने र व्यवहारमा ती अधिकारहरूको प्रत्याभूति गरिने काममा राज्यलाई संविधानले जिम्मेवार बनाएको छ । संविधानको भाषा र अभिप्रायलाई व्यवहारिक पाइलाका रूपमा कानुन र नीतिहरूमा लिपिबद्ध गर्दै र अन्ततः दैनिक व्यवहार र मनोवृत्तिमा रूपान्तर गर्नु यसको परीक्षा हो । जेसी प्रक्रिया, नीति र मुलप्रवाहीकरण तथा लक्षित कार्यक्रमहरूले संविधानको समावेशी अभिप्राय र वञ्चितीकरणलाई निरन्तरता दिने परम्परागत व्यवहार र स्वार्थ बीचको खाडललाई मेटाउन मद्दत गर्दछ (अनुसूची ६ मा यस्तो परिवर्तनको सिद्धान्तमा निहित अमूर्त धारणा र विचारहरूलाई कसरी निश्चित परिप्रेक्ष्यमा र व्यवहारीक रूपमा प्रभावकारी रूपले कार्यान्वन गर्ने भन्नेबारे विस्तृत रूपमा दिशानिर्देश गरिएको छ) ।


© SDC, Nepal



Chudamani Joshi

अध्याय ३

# ३. जेसी कसरी कार्यान्वयन (क्रियाशिल बनाउने) "गर्ने" ?

यो परिच्छेदमा[३५] विकास साझेदारहरूको लागि आफ्नो कार्यक्रमहरूमा र नेपाल सरकार, सरोकारवालाहरू तथा गैरराज्य पक्षहरूसँग काम गर्दा –विस्तृत योजना बनाउँदा, कार्यक्रम छनोट गर्दा, बजेट छुट्याउँदा, कार्यान्वयन गर्दा, र अनुगमन र प्रतिवेदनका चरणहरूमा– जेसीले नीतिगत र संस्थागत तहमा सम्बोधन हुने कुरा सुनिश्चित गर्न मुख्य सुझावहरू प्रस्तुत गरिएको छ।

जेसी मूलप्रवाहीकरण पूर्ण रूपले हासिल त्यतिखेर मात्र हुन्छ, जुनबेला प्रभावकारी शासन, चुस्त सेवा वितरण, पर्याप्त वित्तीय सहयोग र राजनीतिक प्रतिबद्धता हुन्छ। बृहत्तर नीति तथा संस्थागत प्रारूपमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूको सम्बोधन हुन्छ।

नागरिकहरूलाई समतामूलक (न्यायोचित) ढंगले सुविधा प्रदान गर्न र त्यस्तो सेवा लिने उनीहरूको क्षमता अभिवृद्धि गर्न विकास साझेदारहरूले नेपाल सरकारलाई सहयोग पुऱ्याउँदछन्। विगतका वर्षहरूमा भएका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अभ्यासहरूले समावेशीताका नतिजाहरू हासिल गर्न सहयोग गरेको छ। विविध दृष्टिकोणहरूबाट निर्णयहरू प्रभावित हुन सकोस् भन्ने हेतुले समावेशी प्रतिनिधित्वलाई अनिवार्य गर्ने नीति –जसमा स्थानीय उपभोक्ता समूहदेखि राष्ट्रिय विधायिकासम्म पर्दछन्, जुन एउटा राम्रो अभ्यास हो। आर्थिक अवस्था स्तरीकरण, प्रोक्सी मिन्सटेस्टिङ (इन्डीकेटर टार्गेटिङ) आदिले कार्यक्रमगत हस्तक्षेपहरूलाई लक्षित गर्ने काममा सुधार ल्याउँदछ। व्यक्ति र सामूहिक सशक्तीकरणमा आधारित सामाजिक परिचालन जस्ता उपायहरू वञ्चितीकरणमा परेका तथा विपन्नहरूको आवाजलाई दरिलो पार्न, उनीहरूको निर्णायक क्षमता अभिवृद्धि गर्न र विभेदमा परेकाहरूको सोचमा परिवर्तन गर्न प्रभावकारी सिद्ध भएको छ। जेसी लक्षित मूलप्रवाहीकरणका प्रयासहरूले सेवामा पहुँच र आवाज सुनुवाई दुवैमा वृद्धि गरेको छ र यसले विभेदको मानिसकतासमेत सम्बोधन गरेको देखिन्छ। जेसीलाई सम्बोधन गर्ने बजेट निर्माण, उत्तरदायित्व प्रणाली र जनशक्तिमा विविधता आदिबारे उपयोगी पाठहरू सिकाएको छ। यो प्रारूप तयार गर्न गरिएका नेपाल सरकार, विकास साझेदारहरू र अन्तर्राष्ट्रिय गैससका दस्तावेजहरूको समीक्षा, परामर्श गोष्ठीहरूबाट तथा फिल्ड अध्ययनमा पाइएका यिनै सिकाइ र पाठहरूबाट तल दिइएका सुझावहरू तयार गरिएको हो।[३६]

तल दिइएका उपशीर्षकहरूमा जेसीको नीतिमा कसरी अवस्था विश्लेषण योजना निर्माण, कार्यक्रम छनोट, बजेट विनियोजन, अनुगमन र मूल्यांकन, रिपोर्टिङ कसरी गर्ने भन्नेबारेमा सुझाव दिइएको छ। त्यसैगरी कार्यान्वयन गर्ने संस्थाहरूको संस्थागत प्रबन्धमा जोड्न आवश्यक उपायहरूका बारे पनि सुझावहरू छन्। यी सुझावहरू विकास साझेदारहरूको आन्तरिक प्रयोजनका लागि र नेपाल सरकार तथा नागरिक समाजसँग काम गर्नको लागि उपयुक्त हुन्छ। विकास साझेदारहरूले आफ्नै कार्यक्रमहरू र आयोजनाहरूमा लागू गर्नुपर्ने केही साझा सुझावहरू पनि यसमा दिइएको छ। विकास साझेदारहरूले नेपाल सरकारसँग संयुक्त रूपमा गर्ने कामहरूबारे विस्तृत विवरण भने कार्यान्वयनको लागि सहयोग पुऱ्याउने आधारपत्र वा प्रतिवेदनमा दिइएको छ।

## ३.१ जेसीलाई नीतिहरूमा एकिकृत गर्ने उपायहरू

नीतिहरू घोषित अभिप्रायहरू हुन् जसमा माथिल्लो तह (उदाहरणको लागि संविधान, नेपालको कानुनी प्रारूप, संयुक्त राष्ट्रसंघका विभिन्न मानव अधिकार सम्बन्धी कानुनहरू र विकास साझेदार तथा अन्तर्राष्ट्रिय गैससहरूका आफ्नो कार्यदेश) देखि यी अभिप्रायहरूलाई यर्थाथमा रूपान्तरण गर्ने ठोस प्रक्रिया र नियमहरूसम्म पर्दछन्। जबसम्म जेसीका सरोकारहरूलाई यी सबै तहहरू– उपल्लो तहदेखि कार्यान्वयनका मसिना कामसम्म– विचार र सम्बोधन गरिँदैन, तबसम्म लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लक्ष्यहरू पूरा भएको मानिने छैन। पूर्वानुमानहरू, विश्वास, विभिन्न सामाजिक समूहरूबाट आएका महिला र पुरुषहरूको अवस्था, आदिको पर्याप्त जानकारीको आधारमा नीतिहरू बनेको हुनुपर्दछ, जसले वास्तविक आवश्यकताहरूलाई सम्बोधन गर्न सकोस्। महिला र विभिन्न सामाजिक समूहहरूको स्रोतर सेवाहरूमा पहुँच र यस्तो सेवाको पहुँचमा उनीहरूको निर्णय गर्ने अधिकारको सम्बन्धमा फरकफरक अवस्थाबारे सचेत रहेर नीति निर्माण गरिएको हुनुपर्दछ।

त्यस अतिरिक्त प्रेरणाको तहदेखि नीतिगत प्रक्रियाको तल्लो तहसम्मको ठाडो *(भर्टिकल)* निरन्तरता मात्रै होइन, सफल कार्यान्वयनका लागि सबै सरकारी निकायहरू, विकास साझेदार तथा अन्तर्राष्ट्रिय गैससहरू एक साथमा रही काम गर्न *तेर्सो*

[३५] यो परिच्छेद एडिबी, डिएफआइडी, र विश्व बैंकले २०११ मा प्रकाशित गरेको लैङ्गिक तथा सामाजिक समाबेशीकरणको मूल्यांकन प्रतिवेदनहरू र यो काम गर्दा संकलित गरिएको सूचनाबाट सूचित भएको छ।

[३६] विस्तृत विवरणको लागि हेर्नुहोस Background Report on Defining a Common GESI Framework and Roadmap for GESI WG, July 2016 .


SDC, Nepal

*समन्वय* अत्यन्त आवश्यक छ। एकैसाथ काम गर्ने वातावरणको लागि समझदारी बनाउन आवश्यक साझा प्रारूप र नीति तथा कार्यविधि तयार गर्नको लागि यी (तथा अन्य संघसंस्थाको) कार्यदेश र चाहना बुझ्नु पनि आवश्यक छ।

जेसी मैत्री नीतिहरू निर्माणका लागि, तलका आयामहरूबारे ध्यान दिनु आवश्यक छः

- महिला, विपन्न र जोखिममा परेका तथा वञ्चित समूहहरूको सेवाहरू प्राप्त र उपयोग गर्नमा विद्यमान क्षमता र उनीहरूले भोगिरहेका बाधा अड्चनहरू।
- लैंगिक, आय, जात/जाति, धर्म र स्थान विशेषमा रहेको सेवाहरूको आवश्यकता, पहुँच, र उपयोग, र लक्षित समूहको अवस्था र प्राथमिकताहरू।
- महिला, विपन्न, जोखिममा परेका र वञ्चितको रूपमा लक्षित समूह परिभाषित नगरेको अवस्थामा फरक लक्षित समूहहरूसम्म सेवाहरू पुऱ्याउन र उपयोग गर्न आवश्यक फरक रणनीति र कार्यविधि।
- शक्तिहीन र आवाज विहीन समूहलाई मुख्य पात्रको रूपमा स्थापित गराउन र उनीहरूको अधिकार संरक्षण र प्रवर्द्धन गराउनका लागि मानव अधिकारका अवधारणामा आधारित कार्यविधिलाई मूलप्रवाहीकरण गरिनुपर्ने।

तलको तालिका ४ मा नीती प्रक्रियामा जेसीलाई एकीकृत गर्ने काम र उपायबारे उल्लेख गरिएको छ।

## ३.२ आयोजना/कार्यक्रम चक्रमा जेसीको एकिकृत

आयोजना/कार्यक्रम चक्रमा जेसीको एकिकृत गर्न पाँच अनिवार्य तत्वहरूः

१. महिला, विपन्न, वञ्चित र जोखिममा परेका समूहहरूको स्पष्ट रूपमा पहिचान गर्ने र सेवा तथा अवसरको सन्दर्भमा उनीहरू किन वञ्चिती र जोखिममा छन् भन्ने कारणहरू पहिचान गर्ने।
२. आयोजना/कार्यक्रम चक्रमा आइपर्ने बाधा हटाउन नीति तथा कार्यक्रम निर्धारण गर्ने।
३. कार्यान्वयन।
४. योजना गरिएको स्रोत र कार्यक्रम महिला, विपन्न, जोखिममा परेका र वञ्चित समूहसम्म प्रभावकारी तरिकाले पुग्न सक्यो कि सकेन भन्ने बारे अनुगमन तथा मूल्यांकन गर्ने (यदि अनुगमन तथा मूल्यांकनको नतिजाहरूले आवश्यकता औंल्याएमा)।
५. पुनःमिलान र पुनःयोजना र निरन्तर अनुगमन तथा मूल्यांकन गर्ने।

**तालिका ४: जेसीलाई नीतिहरूमा जोडने उपायहरू**

| क्रियाकलाप/काम | विधि/तरिका/उपाय |
|---|---|
| नीति निर्माण | कुनै पनि नीति निर्माणको लागि अवधारणा पत्र वा कार्यविवरण (Terms of Reference) बनाउँदा यथेष्ठ (यो प्रारूपमा दिइएअनुरूप) रूपमा जेसीका सवालहरू, उद्देश्य, कार्य र क्रियाकलापहरूमा सम्बोधन हुनेछ। नीति निर्माणका लागि निर्देशिकाले सम्बन्धित क्षेत्रको विस्तृत नीतिगत सवाल, वादविवादहरूबारे जानकार र नीतिगत सवाललाई तलबाट हेर्न सक्ने र त्यसको प्रभाव विभिन्न सामाजिक समूहहरूमा कस्तो पर्दछ भन्नेबारे विश्लेषण गर्न सक्ने टोलीको चयन आवश्यक पर्नेछ। |
| नीति निर्माण टोली | नीति निर्माण टोलीमा जेसी विज्ञ (वा समाज विज्ञानमा तालिम प्राप्त र देशको वातावरणसँग परिचित) जसले महिला, विपन्न, वञ्चितीकरण र जोखिममा परेका विभिन्न समुदायहहरूको बाधाहरू बुझ्न र सम्बोधन गर्न सक्ने हुनुपर्नेछ। टोलीका सबै सदस्यहरूले जेसीमा अभिमुखीकरण प्राप्त गर्नुपर्नेछ। |
| दस्तावेज समीक्षा | नीति निर्माणका दस्तावेजहरूको समीक्षामा जेसी सवालहरू समाविष्ट हुनुपर्ने र सो सम्बन्धी सफल प्रयासहरू र सिकेका पाठहरू व्याख्या गरिएको हुनुपर्ने। |
| नीति निर्माण प्रक्रिया | नीति निर्माण टोलीले परामर्श र संवाद गर्नुपर्ने समूहः १) महिला समूहहरू, विपन्न, जोखिममा परेका र वञ्चित समूहहरूका दृष्टिकोण र प्राथमिकताहरू पहिचान गर्नको लागि, २) जेसी सवालहरूलाई राम्ररी समावेश भएको सुनिश्चित गर्न जेसी विज्ञ, र ३) सम्बन्धित क्षेत्र र विषयमा जिम्मेवार सरकारी र गैरसरकारी अधिकारीहरू। |
| नीति दस्तावेजको विषयवस्तु | नीति दस्तावेजको सबै भागहरू (विधि र दस्तावेज समीक्षासमेत) मा जेसी मूलप्रवाहीकरण गर्ने दिशा निर्देशलाई स्पष्ट उल्लेख गर्नुपर्दछ। सन्दर्भ र परिस्थिति विश्लेषणले महिला, विपन्न, जोखिममा परेका, वञ्चित समूहहरूको अवस्थाबारे खण्डीकृत तथ्यांक प्रस्तुत गर्दछ। चुनौती र अवसरहरूको पहिचानले महिला, विपन्न, जोखिममा परेका र वञ्चित समूहहरूले सेवाहरू प्राप्त गर्न र उपयोग गर्न भोगिरहेका कठिनाईहरूबारे व्याख्या गर्दछ। यस चुनौतीलाई सम्बोधन गर्न विभिन्न वैकल्पिक उपायहरूबारे छलफल गरिनेछ। लक्षित समूह को हुने भन्ने स्पष्ट पहिचान नखुल्ने 'लाभबाट वञ्चित' वा 'जोखिममा परेका' जस्ता सामान्य शब्दहरूको प्रयोग गर्नुको सट्टा लक्षित समूहको स्पष्ट परिभाषा गर्नुपर्ने र त्यो यथासम्भव स्थानीय भाषाको प्रयोगबाट गरिनुपर्ने। प्रस्तावित नीतिबाट कस्तो फाइदा हुन्छ भन्ने किटानी गर्न महिलाको भूमिका, जिम्मेवारी समय, स्रोतमा पहुँच र नियन्त्रणबारे कस्ता पूर्वानुमानहरू गरिएको छ, वञ्चित समुदायको क्षमताबारे कस्ता पूर्वानुमानहरू गरिएको छ र उनीहरूले कस्ता थप कामहरू, खर्च वा वित्तीय जोखिम उठाउन सक्नेछन् भन्नेबारे छलफल आवश्यक हुनेछ। |
| नीति कार्यान्वयन | नीति कार्यान्वयनका खांका तयारी गर्दा समावेशी हुनुपर्नेछ र कुन निकाय (वा सम्बन्धित निकाय भित्रका कुन अधिकारी) जेसी सम्बन्धित क्रियाकलापहरूको कार्यान्वयन गर्न जिम्मेवार रहनेछन् भन्ने स्पष्ट उल्लेख हुनुपर्ने।<br><br>प्रस्तावित नीतिको सबल र दुर्वल पक्षहरूको विश्लेषणमा यी नीतिहरूबाट कस्को पहुँच हुनेछ र कसले लाभ पाउनेछन्? कसले नियन्त्रण गर्नेछन्? को यसबाट कम लाभ पाउने छन् (नीतिले नसोचेका पनि हुन सक्ने हुनाले त्यसको विश्लेषण पनि आवश्यक छ )? नीतिबाट कसले लाभ पायो भन्नेबारे – महिला, पुरुष, बालिका, बालक (जात, वर्ग, स्थान, जाती, उमेर खण्डीकृत गरी) आवधिक तथ्यपूरक समीक्षाहरू समाविष्ट गर्ने। यी कामहरू कार्यान्वयन गर्ने निकायको अनुगमन तथा मूल्यांकनको अंगको रूपमा रहनेछ। |

विकास साझेदारहरूको लागि आयोजना/कार्यक्रम चक्र व्यस्थापनमा जेसीको एकिकृत कसरी गर्ने भन्नेबारे तलको छलफल केन्द्रित छ । यसमा विकास साझेदारहरूका लागि नेपाल सरकारलाई सहायता गर्दा कसरी उनीहरूको कार्यक्रम र आयोजनाहरूमा यी उपायहरूलाई जोड्ने भन्नेबारे केही सुझावहरू पनि समेटिएको छ ।

### ३.२.१ वञ्चित र जोखिममा परेका समूहहरूको स्पष्ट पहिचान गर्ने

कार्यक्षेत्र (कार्यक्रम/आयोजना क्षेत्र वा राष्ट्रिय) का समुदायको पहिचान गर्ने, जसले (क) ऐतिहासिक र अन्तरपुस्तागत वञ्चितीकरण भोगिरहेका छन्, (ख) आर्थिक वञ्चितीकरण र (ग) उमेरको कारणले जोखिममा रहेका (बालबालिका, वृद्धवृद्धा), रोग (एचआइभी/एड्स), क्षमता (शारीरिक वा मानसीक अपाङ्गता भएका व्यक्तिहरू), विपत्ति वा द्वन्द्व वा अन्य प्रकारका विशेष उच्च जोखिममा परेका (यौनकर्मी, वेचविखनमा परेका महिला) । यस्ता आयामहरूको अन्तरपक्षीय वञ्चितीकरण झेलिरहेका समूह (जस्तै दलित महिला जो विपन्न र अपाङ्ग छन्) को पनि पहिचान गर्नु आवश्यक छ ।

विद्यमान तथ्यांकको[३७] आधारमा महिला, विपन्न, जोखिममा परेका तथा विभिन्न सामाजिक समूहका व्यक्तिहरू लगायत विभिन्न सरोकारवालाहरूसँग छलफल गरी विपन्न को हुन्, सामाजिक पहिचानको कारणले कस्ले जोखिमको र/वा वञ्चितीकरणको सामना गरिरहनु परेको छ (उदाहरणको लागि दलित, आदिवासी/जनजाति र मधेसी) र को आफ्नो परिस्थितिको कारणले जोखिममा परेका छन् (उदाहरणका लागि उमेर, रोग आदि) उनीहरूको पहिचान गर्न आवश्यक छ । यी मध्ये कुनै पनि किसिमका वञ्चीतीकरण वा जोखिम भोगिरहनुपरेका र राजनीतिक, सामाजिक, आर्थिक वञ्चीतीकरण र/वा जोखिम भोगिरहेका समुदायका निम्ति, भिन्न कार्यविधि र रणनीतिको आवश्यकता रहन्छ भन्ने कुरा स्वीकार गरिनुपर्दछ ।

भिन्नभिन्न समूहमा वञ्चितीकरण फरकफरक स्वरूपका हुन्छन् । महिलाहरूले लैंगिक आधारमा हुने वञ्चितीकरण भोग्दछन्, दलितहरू जातिप्रथाजन्य वञ्चितीकरण भोग्दछन्, आदिवासी जनजातिहरू संस्कृति र भाषामा आधारित वञ्चितीकरण भोग्दछन्, मधेसीहरू राजनीतिक र पहिचानमा आधारित वञ्चितीकरण भोग्दछन्, मुस्लिमहरु धार्मिक अल्पसंख्यक, र दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता भौगोलिक वञ्चितीकरण भोग्दछन् भन्ने कुरा सम्भव भएसम्म गहिराइमा गएर बुझ्नुपर्दछ ।

### ३.२.२ बाधा र क्षमताहरूको अवस्था विश्लेषण

महिला, विपन्न, वञ्चितीकरण र जोखिम भोगिरहनु परेकाहरूको पहिचान गर्दाखेरि उनीहरूको बाधा र क्षमताहरूको अवस्था विश्लेषण गर्ने काम समेत पर्दछ । सबै नेपाली नागरिकहरूको सेवा र विकासका अवसरहरूमा समान पहुँच छैन । न त उनीहरू सबैसँग यी सुविधाहरू उपयोग गर्ने र त्यस्तो अवसरबाट फाइदा लिनसक्ने समान क्षमता नै छ । महिला, पुरुष, यौनिक र लैंगिक अल्पसंख्यकहरू, विपन्न, वञ्चितीकरणमा परेका समूहको स्रोत र सेवाहरू लिने क्षमता, आफ्नो जीवनमा प्रभाव पार्ने निर्णयहरूमा भाग लिने अधिकारबारे आपसमा ठूलो भिन्नताहरू रहेको छ । त्यसैले, यी विविध सेवाग्राहीहरूको वर्तमान सामाजिक र आर्थिक अवस्थाको बुझाई योजना निर्माणको तहमा सूचित हुनु पर्दछ ।

अहिलेसम्म पुग्न नसकिएका र लाभ पुऱ्याउन नसकेका

**तालिका ५: बाधा र क्षमताहरूको अवस्था विश्लेषण गर्दा जेसीलाई एकीकृत गर्ने उपाय**

| क्रियाकलाप/काम | विधि/पद्धति/उपाय |
|---|---|
| वञ्चितीकरण वा जोखिम भोगिरहेकाहरू र वञ्चीतीकरण वा जोखिमका कारणहरूको पहिचान गर्ने | गरिबी नक्सांकन, आर्थिक अवस्था स्तरीकरण, सामाजिक नक्शा, जोखिम विश्लेषण, गरिबीका कारणहरूको पहिचान तथा सहभागितामूलक ग्रामीण लेखाजोखा (पिआिरए) विधिबाट महिला, विपन्न र वञ्चितीकरण वा जोखिम भोगिरहेकाहरू र वञ्चीतीकरण वा जोखिमका कारणहरूको पहिचान गर्ने । कार्यक्रममा आवश्यक क्षेत्रहरूको पहिचान हुनका लागि समाजका विभिन्न तह (घर, बजार, समुदाय, राज्य) का सवालहरूको पहिचान गर्ने । |
| जेसी विश्लेषण गर्ने | विषयगत क्षेत्रसँग सम्बन्धित आयामहरूको पहिचान गर्ने र कसले कस्तो प्रकारको काम गरिरहेको छ भन्नेबारे सूचना संकलन गर्ने, कोसँग कुन किसिमको श्रोतमा पहुँच छ, कोसँग निर्णय लिनसक्ने अधिकार छ र कसले स्रोतको प्रयोगको निर्णय गर्दछ, सम्बन्धित विषय/क्षेत्रको संस्थागत प्रबन्धमा को समावेश भएको छ र को वञ्चित भएको छ आदिको सूचना संकलन गर्ने ।[३८] |
| नीति तथा कार्यक्रमको समीक्षा गर्ने | विद्यमान नीति तथा कार्यक्रमहरूले महिला, विपन्न, जोखिममा परेका र वञ्चितहरूको व्यवधानहरूको सम्बोधन गर्न सकेको छ कि छैन भन्ने पहिचान गर्ने र यदि छ भने कति, यदि छैन भने किन सकेन, कस्ता अन्य उपायहरू आवश्यक छ भनि समिक्षा गर्ने । |
| विद्यमान संस्थागत संरचना र प्रक्रिया र अनौपचारिक संस्थाहरूको विश्लेषण गर्ने | कस्ता विद्यमान संस्थागत संरचना र प्रक्रियाले जेसी नीति र कार्यक्रमहरू कार्यान्वयन गर्न सघाउँदछ ? कार्यक्रमले सेवा पुऱ्याउने जनसंख्याको विविधतालाई कर्मचारीहरूको बनोटको विविधताले प्रतिबिम्बित कत्तिको गर्छ ? कर्मचारीहरूको जेसी सम्बन्धी क्षमता (प्रतिबद्धता) को स्तर के छ भनि समिक्षा गर्ने । |

[३७] आवश्यक छुट्टाछुट्टै तथ्यांङ्क पाउनु चुनौतीपूर्ण छ तर उपयोगी केही श्रोतहरूमा गा.वि.स.स्तरको जनगणनाको तथ्यांक, Nepal Living Standard Survey (NLSS) को इलाका र त्यस भन्दा माथिको तथ्यांक, मन्त्रालयहरूको सेक्टरल डाटाबेस, सरकारले विकास साझेदारहरूको सहयोगमा गर्ने Nepal Labor Force Survey (NLFS), Nepal Demographic Health Survey (NDHS) जस्ता राष्ट्रिय सर्वेक्षणहरू, आयोजना बेसलाइन सर्वेक्षणहरू, ठुला कार्यक्रमहरू र प्राज्ञिक अनुसन्धानहरू पर्दछन ।

[३८] लिङ्ग, जात/जाति, स्थान, आयस्तर खण्डित । सान्दर्भिकता अनुसार बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू लगायतका अन्य जोखिममा परेकाहरूको तथ्यांङ्क पनि संकलन गर्ने ।

समूहहरूको पहिचान गर्नु र विभिन्न प्रकारका वञ्चित र जोखिम भोगिरहेकाहरूको सेवामा पहुँचको व्यवधानहरूबारे बुझ्नु र यस्ता व्यवधानहरूलाई समाधान गर्न सफल उपायहरूको निर्क्यौल गर्नु नितान्त आवश्यक छ ।

विकास साझेदारहरूले यी उपायहरू आफैंले पनि आफ्नो कार्यक्रमहरू तयारी गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ र राज्य तथा गैरराज्य पक्षहरूका कामलाई सहजीकरण गर्दा पनि कार्यान्वयनका यी पाइलाहरू आवश्यकता अनुसार मनन गर्नु पर्दछ (तालिका ५ हेर्नुहोला) ।

**नेपाल सरकारको अवस्था विश्लेषण कार्यमा विकास साझेदारहरूको सहयोग, समन्वय र साझेदारी**

विकास साभेदारहरूसँग काम गर्ने सरकारी निकायहरूलाई आफ्ना कार्यक्रमहरू तर्जुमा गर्दा आवश्यक यस किसिमको विश्लेषणको लागि सहयोगको आवश्यकता पर्न सक्दछ । नेपाल सरकारको सम्बन्धित निकायसँगको परामर्शमा विकास साभेदारहरूले नेपाल सरकारलाई यस किसिमको विश्लेषणको सहयोग कुन चरणहरूमा पुऱ्याउनु उपयुक्त हुन्छ भन्ने विचार गर्नुपर्दछ । उदाहरणको लागि, राष्ट्रिय योजना आयोग र जिल्ला विकास समितिहरू, गाविस/नगरपालिकाहरूले पञ्चवर्षिय/त्रिवर्षिय योजना निर्माण गर्नु अगावै योजनाहरू जेसीसँग सम्बन्धित उपलब्ध खण्डीकृत तथ्यांकहरू तथा प्रमाणमा आधारित विश्लेषणहरूमा आधारित छ भन्ने विकास साझेदारहरूले सुनिश्चित गर्न सक्दछन् ।

विकास साझेदारहरूले नेपाल सरकारलाई हालको राज्य पुन:संरचनाबारे पनि यस किसिमको विश्लेषणमा सहयोग गर्न सक्छन् । उदाहरणको लागि उनीहरूले जेसी सम्बन्धी तथ्यांकको अपूर्णतालाई सम्बोधन गरेर सरकारलाई दिगो विकास लक्ष्यहरूलाई स्थानीयकरण गर्नमा सहयोग पुऱ्याउन सक्छन् ।

विकास साझेदारहरूले नेपाल सरकारलाई मद्दत गर्न सक्ने उपायहरू:

- राज्य र अरु सेवा प्रदायकहरूले प्रदान गर्ने स्रोतर अवसरहरूमा महिला, पुरुष, यौनिक तथा लैंगिक अल्पसंख्यक, विपन्न, जोखिममा परेका र वञ्चित समूहका पहुँचको लागि कस्ता तत्वहरूले बाधा र सहयोग गर्दा रहेछ भन्ने विश्लेषण गर्नका लागि खण्डीकृत तथ्यांक र उपलब्ध प्रमाणहरूको[३९] विश्लेषण गर्न नेपाल सरकारका सम्बन्धित कर्मचारी र शाखाहरूलाई सहयोग गरेर,
- कहाँ सेवाहरू उपलब्ध छन्, कहाँ छैनन र कस्तो दूरी र भौगोलिक बाधाहरू विद्यमान छन्, कस्ता सामाजिक तथा सांस्कृतिक कारकहरूले पहुँचमा बाधा पारेको छ भन्ने विश्लेषण गरेर,
- परिवार र समुदाय तहमा हुने व्यवहारहरू, विश्वास, मूल्य, मान्यता, र परम्परा, श्रमको बाँडफाँड, सामाजिक अपेक्षाहरू र जोखिम र हिँडडुलमा महिला, पुरुष र भिन्न जात/जातीका सदस्यहरूको निम्ति विभेदहरू, तथा यसले महिलाहरूलाई, विपन्नलाई, जोखिममा र वञ्चितीमा परेकाहरूलाई स्रोत, अवसर र सेवामा पहुँचको लागि कसरी व्यवधान खडा गऱ्यो भन्ने विश्लेषण गरेर,
- नेपाल सरकारका सम्पर्क अधिकृत र जेसी इकाई/शाखालाई आफ्नो क्षेत्रमा जेसी सम्बन्धी क्षमता अभिवृद्ध गर्न सहयोग पुऱ्याएर ।

### ३.२.३ जेसी मैत्री योजना

आयोजना वा कार्यक्रमको तर्जुमा पूर्व सम्भावित लाभान्वितहरू मध्ये क-कसले के-के गरिरहेका छन्, क-कसको कस्तो स्रोतमा पहुँच छ, कोसँग निर्णयलाई प्रभावित गर्न सक्ने क्षमता छ (उदाहरणको लागि काम गर्नमा आत्मविश्वास र अधिकार भएका), र को-कोसँग निणर्य गर्ने वास्तविक शक्ति छ भन्ने कुरा बुझ्नु महत्वपूर्ण छ। जेसी सवालमा काम गर्ने सबै निकायहरू, समूहरू र व्यक्तिहरू समाविष्ट भएको सरोकारवालाहरूको विश्लेषण गर्ने र उनीहरूको रुचिबारे बुझ्न पनि जरुरी छ। यी विभिन्न किसिमका विश्लेषणहरूले परिवार र समुदाय तहको यथार्थबारे बुझ्न र सम्बन्धित विकास क्षेत्रको अर्थराजनीति (Political Economy) बुझ्न मद्दत गर्छ ।

योजना प्रक्रिया कार्यक्षेत्र (फिल्ड) तहको विश्लेषणबाट (माथि चर्चा भएझैं) पनि सूचित हुनुपर्दछ जसमा लैंगिक, जात/जाति, स्थान, आयस्तर खण्डीकृत तथ्यांकहरू र कार्यक्रमसँग सम्बन्धित प्रमाणहरू प्रयोग भएको हुनुपर्दछ । योजना प्रक्रियामा लक्षित समूह –महिला, विपन्न, जोखिममा परेका र वञ्चित समूहभित्र पनि विभिन्न व्यक्तिहरूको– मत अभिव्यक्ति सुनिश्चित गर्नुपर्दछ । अनौपचारिक संवादबाट र विभिन्न तहहरूमा आयोजना गरिने परामर्श गोष्ठीहरूमा सहभागी भई सबैले योजनाको विषयवस्तुमा प्रभाव पार्ने मौका पाउनु उत्तम हुन्छ ।

आधारभूत रूपमा यो चरण विभिन्न वञ्चित समूहहरूको बाधाहरूलाई पहिचान गर्ने र त्यसलाई निराकरण गर्ने संयन्त्र र कार्यविधि तय गरी कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रियामा ढाल्ने चरण हो । कार्यक्रम/आयोजनाको अंग र क्रियाकलापहरू (सामाजिक परिचालन, सशक्तिकरण, प्रतिनिधित्व कम भएका समूहहरूबाट निर्णयमा र लाभको

[३९] माथि उल्लेख भएजस्तै, खण्डीकृत तथ्यांङ्क र प्रमाणहरूको लागि केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय योजना आयोग र मन्त्रालयहरूका अनुगमन तथा मूल्यांकन शाखासँग काम गर्नुपर्दछ, सरकारी राष्ट्रिय सर्वेक्षण प्रतिवेदनहरू जस्तै जनगणना, NLSS, NDHS, NLFS, सेक्टरहरूको तथ्यांङ्क सेटहरू जस्तो HMIS, EMIS, विभिन्न विकास निकायहरूले गरेका अध्ययनहरू, त्रिभुवन विश्वविद्यालयले नर्वे सरकारको सहयोगमा सामाजिक समावेशीकरण/वञ्चितीकरण सम्बन्धी गरेका विस्तृत अनुसन्धानहरूको सन्दर्भ सामाग्रीहरू उपयोग गर्नुपर्दछ । र आवश्यक भएमा वर्तमान सूचना, तथ्यांकमा थप गर्न प्राथमिक प्रमाणहरू पनि संकलन गर्न सकिन्छ ।

**तालिका ६: जेसीमैत्री योजना निर्माणका उपायहरू**

| काम/क्रियाकलाप | विधि/पद्धति/उपाय |
|---|---|
| परिवर्तनको सिद्धान्त (Theory of Change), नतिजा तालिका, लगफ्रेम चाहिँ जेसी सम्बन्धित प्रमाणहरू र खण्डीकृत तथ्यांकको आधारमा विकास गर्ने । | नतिजा तालिका निर्माणमा महिला, विपन्न, जोखिममा परेका र वञ्चितहरूले पनि योगदान दिन सक्ने किसिमको विधिहरू र परिवर्तनको सिद्धान्त (Theory of Change) को उपयोग गर्ने । |
| उद्देश्यका तहहरू (नतिजा/उद्देश्य, प्रतिफल/उपज) तर्जुमा गर्दा महिला, विपन्न, जोखिममा परेका र वञ्चितहरूको बेग्लाबेग्लै सवालहरू छन् भन्ने कुरा मनन गर्ने । | परामर्शले सबै किसिमको बिचार/मतहरूलाई समात्ने, योजना निर्माणको लागि गरिएको विश्लेषण र प्रमाणहरू उद्देश्य र क्रियाकलाप निक्यौंल गर्न प्रयोग गर्ने । |
| विभेदमूलक व्यवहारहरूमा र सम्बन्धित सामाजिक-आर्थिक पक्षमा परिवर्तन आएको हेर्न सकिने नतिजा सूचकहरूको निर्माण गर्ने । यस्तो किसिमको सूचकलाई सम्बन्धित सामाजिक-आर्थिक पक्ष हेर्ने खण्डीकृत तथ्यांकको आवश्यकता पर्दछ । | नतिजा सूचकहरूको लागि उपयुक्त तरीकाले खण्डीकृत गरिएको बेसलाइन तथ्यांङ्क तयारीको चरणमा संकलन गर्ने । |

अंशमा समावेशी निश्चित गर्ने नियम, विभेदपूर्ण र हानिकारक सामाजिक व्यवहारहरू (जस्तै लैंगिक हिंसा, छुवाछुत, छाउपडी आदि) बारे विस्तृतमा विचार गरिनुपर्दछ ।

यस चरणमा योजनाकारहरूले १) कसरी प्रस्तावित कार्यक्रम/आयोजनाले महिला, विपन्न, जोखिममा परेका र वञ्चितहरूलाई प्रभाव पार्दछ, २) कसरी विद्यमान जेसी सम्बन्धी मान्यताहरू, मनोवृत्ति र व्यवहारहरू कार्यक्रम/आयोजनाले परिकल्पना गरेको प्रक्रिया र नतिजाहरूमा प्रभाव पार्दछ भन्ने बारे सोच्नुपर्दछ ।

जेसीलाई प्रभावकारी तरिकाले प्रवर्द्धन गर्नको लागि विकास साझेदारहरूले उनीहरूको परिवर्तनको सिद्धान्त (Theory of Change), नतिजा तालिका, सूचकहरू र तय गरिएका क्रियाकलापहरूले महिला, विपन्न, जोखिममा परेका र वञ्चितीकरणमा परेकाहरूलाई पार्ने बाधाहरू सम्बोधन गर्नेछ भन्ने सुनिश्चित गर्नुपर्दछ र यो जनताको क्षमता अभिवृद्धि र जेसीमैत्री र विभेदविहीनतातर्फ लैजाने अनौपचारिक र औपचारिक संस्थाहरूमा परिवर्तनको लागि दुवै काम गर्नुपर्दछ (तालिका ६ मा हेर्नुहोला) ।

**नेपाल सरकारसँग जेसीलाई योजना निर्माणमा एकीकृत गर्न साझेदारी**

विकास साझेदारहरूले नेपाल सरकारसँग जेसीलाई राष्ट्रिय र स्थानीय तहमा योजना निर्माणमा एकीकृतिकरण गर्न उपयुक्त ठाउँमा साझेदारी गर्नुपर्दछ। उदाहरणको लागि, केन्द्रिय तहमा, सरकारले आफ्नो आवधिक र वार्षिक योजना बनाउँदा धेरै खुड्किलाहरू पार गर्दछ । राष्ट्रिय योजना आयोगले पञ्च वा त्रिवर्षीय योजना तयार गर्दछ र मन्त्रालयहरूलाई बार्षिक योजना बनाउन निर्देशन गर्दछ, जुन उनीहरूले अर्थ मन्त्रालयबाट प्राप्त बजेट सीमामा रहेर गर्दछन् ।[४०]

सम्बन्धित मन्त्रालयहरूले निश्चित ढाँचाको फाराममा तार्किक रूपरेखासहित प्रस्तावहरू राष्ट्रिय योजना आयोग पठाउँदछन् । स्वीकृत भएका योजनाहरू बार्षिक बजेटमा पर्दछन् । स्थानीय तहमा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले १४ खुड्किलाहरू पार गर्नुपर्ने व्यवस्था बनाएको छ । गाविस र नगरपालिकाले यसैअनुरूप योजना प्रक्रिया अगाडि बढाउँदछ ।

नागरिक समाजसँग संघसंस्थाहरूको (जस्तै गैसस, समुदायमा आधारित संगठनहरू, प्रतिनिधिमूलक संस्थाहरू, महासंघ, उपभोक्ता समूहहरू) महिला, विपन्न, जोखिममा परेका र वञ्चितहरूलाई उपयुक्त स्थान र प्रक्रियाबाट सहजीकरण गर्न मुख्य भूमिका रहन्छ । विकास साझेदारहरूले लक्षित समूह लगायतका समुदायलाई उत्प्रेरित गर्न, उनीहरूको वर्तमान अवस्था पहिचान गर्न र उनीहरूको आवश्यकता र चाहना पत्ता लगाउन नागरिक समाजसँग काम गर्नुपर्दछ । जेसी सम्बन्धी अभ्यासहरू जसले विकास प्रक्रियालाई बाधा पुऱ्याउँदछ तिनका बारेमा जनस्तरमा छलफल गर्नुपर्दछ ताकि तिनको सम्बोधन योजना निर्माण गर्ने चरणमै हुनसकोस् ।[४१]

## ३.२.४ कार्यक्रम तर्जुमा र बजेट निर्माणमा जेसी

जेसीलाई मूलप्रवाहीकरण गर्न त्यस सम्बन्धी कामहरूका लागि वित्तीय स्रोतको प्रतिबद्धता अति आवश्यक छ, जुन संगठनले आफूलाई उपलब्ध श्रोतलाई कहाँ खर्च गर्ने भन्ने कुराको छनोटमा प्रतिबिम्बित हुन्छ ।

परियोजना/कार्यक्रम तर्जुमा र कार्यन्वयन गर्दा लैंगिक, जात/जाति, स्थानको यर्थाथताले गर्दा लाभान्वित समूहहरुको (Beneficiary Groups) क्षमता, चाहना, र आवश्यकतामा निश्चित रूपमा भिन्नताहरू हुन्छन् र त्यसकारण यस्तो भिन्नभिन्न अवस्थालाई सम्बोधन गर्न लचिलो हुन सक्नुपर्दछ भन्ने कुरा स्वीकार

४०. सन् २००७ देखि यता नेपाल सरकारले राजनीतिक संक्रमणको कारणले पञ्चवर्षिय नभई त्रिवर्षिय योजना बनाउदै आएको छ ।

४१. नागरिक समाजका सबै सँगठनहरू उपयुक्त ढंगले समुदायलाई उत्प्रेरित गर्न र संवाद गर्न सक्षम हुदैनन् र लक्षित समूह पहिचान गर्ने कुरामा पनि केही मत भिन्नताहरू हुन सक्दछन: यो अवस्थामा शक्ति सम्बन्धले पनि भूमिका खेलिरहेको हुन्छ । विकास साझेदारहरूले नागरिक समाजका सँगठनहरूलाई काम सुम्पदा यस कुरामा ध्यान राख्नु पर्दछ र लक्षित समूहको सहभागिता सुनिश्चित गर्न, नागरिक समाजका सँगठनहरूलाई जेसी सम्बन्धी आवश्यक तालिम प्रदान गर्न पनि आवश्यक हुन सक्छ ।

गर्नुपर्दछ । लाभ पुऱ्याउन खोजिएको समूह भित्रको यस्तो भिन्नतालाई आफ्नो रणनीतिमा समावेश गर्ने कार्यक्रमहरू (जस्तै अनुदान, रोजगारका अवसरहरू, विपन्नहरूको लागि भूमि कबुलियतमा दिने व्यवस्था) आदिले निश्चित समुदायलाई साँच्चिकै लाभ पुऱ्याएको देखिन्छ । तर लक्षित कार्यक्रमहरू अन्ततोगत्वा मूल कार्यक्रमहरूमा मूलप्रवाहीकरण गर्नुपर्दछ । मूल कार्यक्रमहरू (जसमा विकास साझेदारहरूको लक्षित कार्यक्रमहरूमा भन्दा बढी हिस्सा योगदान छ) लाई महिला, विपन्न, जोखिममा परेका र वञ्चितलाई परेको बाधा फुकाई साँचो अर्थमा मूल वा सर्वव्यापी (universal) बनाउनु नै यसका ध्येय हो । मूल कार्यक्रम/परियोजनाहरूमा जेसीको मान्यताहरूलाई मूलप्रवाहीकरण गर्ने र जोखिममा परेका र वञ्चितहरूमाथि आवश्यकता अनुसार जेसी केन्द्रित लक्षित कार्यक्रम सञ्चालन गर्नका लागि दुवै कार्यपद्धति अपनाउनुपर्ने देखिन्छ ।

आवश्यकता, रणनीति, कार्यदेश र कार्यक्रमगत तथा व्यय प्रभावकारीताको दृष्टिकोणबाट उपयुक्त आर्थिक व्यवस्थापनको छनोट गर्नुपर्दछ । त्यसैले छुट्टाछुट्टै तथ्यांकको संकलन, अनुगमन र मूल्यांकनले, विकास साझेदारहरू र सरकारको सीमित स्रोतलाई अत्यन्तै प्रभावकारी र कुशल तरिकाले जेसी प्रवर्द्धनको लागि सुनिश्चितता गर्दछ ।

**नेपाल सरकारसँग जेसीलाई बजेट विनियोजनमा एकिकृत गर्न साझेदारी :**

- नेपाल सरकारको बजेट बनाउने प्रक्रिया दिशानिर्देश गर्ने चरणबद्ध श्रृंखलाहरूले जेसीलाई एकिकृत गर्ने महत्वपूर्ण अवसर प्रदान गर्दछ । उदाहरणको लागि, जब राष्ट्रिय योजना आयोगले मन्त्रालयहरू र सम्बन्धित निकायहरूलाई कार्यक्रमको बजेट बनाउन निर्देशन दिन्छ, आयोगले मन्त्रालयगत तथा क्षेत्रगत बजेट बनाउनको लागि अर्थ मन्त्रालयसँग समन्वय गरी काम गर्दछ। मुख्य निकायहरूमा समावेशी वृद्धि गरी विकासको महत्वका प्रमाणहरू प्रस्तुत गरेर जेसीसँग सम्बन्धित क्रियाकलापहरूलाई वित्तीय सहयोग गर्नुपर्ने र त्यस विषयमा उनीहरूको ध्यानाकर्षण गर्न सकिने बजेट निर्माण प्रक्रिया एउटा महत्वपूर्ण रणनीतिक विन्दु हो ।
- कार्यक्षेत्र अध्ययन र परामर्श बैठकहरूले के देखाउँदछ भने, सरकारको बजेट भाषणमा निम्नकुराहरू समाबिष्ट रहन्छन् :
  १) 'समावेशी विकास र लक्षित कार्यक्रमहरूका' लागि खर्च,
  २) लैंगिक मैत्री बजेट (जिआरबि) अभ्यास, र
  ३) विपन्न-केन्द्रित खर्च ।
  यी पक्षहरुले विकास साझेदारहरूको लागि मन्त्रालयहरूलाई उनीहरूले निम्न काम गर्ने क्षेत्रमा सहयोग गर्ने अर्को अवसर प्रदान गर्दछ :
  (क) केन्द्रिय, स्थानिय तह र सम्बन्धित विभागहरूको कर्मचारीहरू र विविध सेवाग्राहीहरूसँग परामर्श प्रक्रिया थालनी गर्ने, (ख) के उपलब्धी भयो र महिला, विपन्न, जोखिममा परेका र वञ्चितलाई परेका बाधा व्यवधानहरू हटाउन अझै के गर्न आवश्यक छ भन्नेबारे गुणात्मक प्रमाणहरूको विश्लेषण र समीक्षा ।
- विकास साझेदारहरूको लागि अर्थ मन्त्रालय, लैंगिक मैत्री बजेटि निर्माणमा समिति, सम्बन्धित मन्त्रालय र बजेट

**तालिका ७: जेसी मैत्री कार्ययोजना र बजेट निर्माणका उपायहरू**

| काम/क्रियाकलाप | विधि/पद्धति/उपाय |
|---|---|
| कार्यक्रम/ परियोजनाका क्रियाकलापहरूमा जेसीको मूलप्रवाहीकरण | पहिचान गरिएका क्रियाकलापहरूले नागरिकलाई सम्बोधन गर्ने सुनिश्चित (महिला, विपन्न, जोखिममा परेका र वञ्चितलाई अवसर र सेवाहरू प्रदान गर्ने र उनीहरूको आवाजलाई बलियो पार्ने) र प्रणाली (असमान सामाजिक मान्यताहरूमा र विभेदकारी औपचारिक नीतिहरूमा परिवर्तन ल्याउने) मा काम गर्ने । आयोजनाका क्रियाकलापहरूबाट लाभ पुऱ्याउन खोजिएको समूहहरूमा सांस्कृतिक र भाषिक विविधताहरू रहेको हुन्छन् । ती विविधतालाई आयोजनाले सम्बोधन गर्नुपर्दछ भन्ने मान्यता सुनिश्चित गर्ने । |
| लक्षित कार्यक्रम र मूलप्रवाहीकरण दुवैको लागि वकालत गर्ने | निश्चित समूहलाई लक्षित गरेका क्रियाकलापहरू सहित, कार्यक्रमको स्रोत र लाभहरूमा पहुँच वृद्धि गर्न प्रमाणहरू प्रस्तुत गर्ने र अन्ततोगत्वा लक्षित नगरिएका र मूल कार्यक्रमहरूमा मूलप्रवाहीकरण गर्ने योजना बनाउने । |
| कार्यान्वयन गर्ने निकायको जेसी सम्बन्धी क्षमता अभिवृद्धि गर्ने कामहरू समावेश गर्ने | कार्यक्रमका कर्मचारीहरू, सरोकारवालाहरू, र लक्षित समूहको सीप र क्षमता वृद्धि गर्न अभिमूखीकरण र तालिमहरू समावेश गर्ने । छानिएका कर्मचारीहरूको मुख्य समूहलाई जेसीको गहिराइमा विश्लेषण गर्ने सीपमूलक तालिम प्रदान गर्ने ताकि तिनीहरूले अरुलाई प्राविधिक सहयोग गर्न सकुन् । |
| पर्याप्त वित्तिय स्रोत विनियोजन | जेसी सम्बन्धि कामहरूको लागि पर्याप्त वित्तियस्रोत विनियोजन गर्नु पर्दछ ।<br>महिला र पुरुष (विभिन्न सामाजिक समूहका) को जेसी सचेतनाको लागि र कार्यक्रम र संस्थागत तहमा महिला र वञ्चित समूहका सदस्यहरूको क्षमता अभिवृद्धि गर्नका लागि मानवीय र वित्तीय श्रोतको आकलन गर्ने, कर्मचारी र लाभान्वित समूहलाई शिशुस्याहारको लागि आवश्यक सहयोग, सुरक्षाको लागि कार्यक्षेत्रमा जान साथ दिने सहयोग, र महिला तथा वञ्चित समूहका सदस्यहरूले भोग्नु पर्ने बाधाहरू निराकरण गर्नेगरि जिम्मेवारीहरू पूरा गर्न आवश्यक अन्य सहयोगको लागि स्रोतको उचित व्यवस्था गर्ने ।<br>भर्ना, तालिम र संस्थागत क्षमता अभिवृद्धिको लागि विविधतायुक्त र लैंगिक प्रतिनिधित्व भएको संस्थाहरूको लागि पर्याप्त श्रोतको व्यवस्था गर्ने । फरक फरक विषय समूहहरूबीच प्रभावकारी सञ्जाल बनाउन पर्याप्त स्रोतर समयको व्यवस्था गर्ने र आवश्यक भएमा सूचना सामाग्रीहरू विविध भाषामा तयार गर्ने । |

विश्लेषणमा रुचि राख्ने सरोकारवालाहरूसँग वित्तीय विनियोजन विश्लेषणको लागि आवश्यक थप विधिको रूपरेखा तयार पार्न र कार्यान्वयन गर्न सामूहिक रूपमा काम गर्नु उपयोगी हुनसक्दछ ।[४२] यसले महिला, विपन्न, जोखिममा परेका र वञ्चितीकरणमा परेका सामाजिक समूहलाई सहायता गर्ने प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ बजेट विनियोजन र खर्च विश्लेषण गर्दछ । यसले महिला, विपन्न, जोखिममा परेका र वञ्चितीकरणमा परेका समूहलाई सेवा, स्रोत र लाभमा पहुँचको लागि बाधा फुकाउन मद्दत गर्न कस्ता क्रियाकलापहरू योजना गरिएको थियो र कस्ता क्रियाकलापहरू कार्यान्वयन गरियो भन्ने पहिचान गर्न सघाउँछ ।

## ३.२.५ जेसी अनुगमन, रिपोर्टिङ र मूल्यांकन

अनुगमन, रिपोर्टिङ र मूल्यांकन परिवर्तनको सिद्धान्तको अवधारणागत प्रारूपलाई पछ्याउनुपर्दछ । पहिलो, नागरिक केन्द्रित भएर, सम्बन्धित समूहको सम्पत्ति/आय, मानव विकास नतिजाहरू, सेवामा पहुँच र आवाजमा परिवर्तन र निर्णयमा प्रभाव पार्नसक्ने क्षमतामा परिवर्तनलाई परिमाणात्मक र गुणात्मक तथ्यहरूको माध्यमले आंकलन गर्न र दस्तावेजीकरण गर्न सक्नुपर्दछ । दोश्रो, प्रणालीमा परिवर्तन–अनौपचारिक व्यवहार र औपचारिक संरचनामा आएको परिवर्तनलाई हेर्न सक्नुपर्दछ ।

विकास साझेदारहरूले अनुगमन, रिपोर्टिङ र मूल्यांकनको लागि तथ्यांङ्क संकलन गर्दा विपन्नता, लिङ्ग, जात/ जाति, स्थान र आयोजनाको लागि महत्वपूर्ण अन्य तथ्यांङ्कहरू खण्डीकृत (छुट्टाछुट्टै) हिसाबले गर्ने कुरा सुनिश्चित गर्नु पर्दछ ।[४३] विकास साझेदारहरूले अनुगमन र रिपोर्टिङ टोलीमा महिला, वञ्चितीकरणमा परेका समुदायका सदस्यहरू प्रतिनिधित्व गराएर समावेशी बनाउनुपर्छ । अनुगमन र मूल्यांकन प्रणाली विकास गर्नका लागि तथ्यांङ्क विज्ञलाई पनि संलग्न गराउनु उपयुक्त हुन्छ । तथ्यांक विज्ञले गरेको नमुना खाँकाबाट प्राप्त विस्तृत परिमाणात्मक प्रमाणहरूको आधारमा आयोजनाले पाठहरू

**तालिका ८: जेसी मैत्री अनुगमन, रिपोर्टिङ र मूल्यांकनका उपायहरू**

| काम/क्रियाकलाप | विधि/पद्धति/उपाय |
|---|---|
| अनुगमन | • सुरुमा नै कसरी नतिजा सूचकहरूको मापन गरिनेछ भन्ने स्पष्ट उल्लेख गरिनु पर्दछ । सम्भव भएसम्म यी सूचकहरूको प्रयोग गरी मुख्य समूहहरूको प्रतिनिधिमूलक नमुनाबाट उनीहरूको अवस्थाबारे सूचना संकलन र विश्लेषण आयोजना तर्जुमाको अंगको रूपमा आयोजना सुरु हुनु अगावै वैज्ञानिक रूपमा आधार (बेसलाइन) सर्वेक्षणबाट गर्ने ।<br>• खण्डीकृत (छुट्टाछुट्टै) तथ्याङ्कको प्रारूप सुरुमा नै स्पष्ट रूपमा प्रस्तुत गर्ने ।<br>• अनुगमनको कार्यक्षेत्र (TOR) मा तथ्याङ्कशास्त्री र मानवशास्त्री/समाजशास्त्री रहनुपर्ने तथा जेसीबारेको जिम्मेवारी स्पष्ट उल्लेख हुनुपर्ने ।<br>• जहाँ सम्भव हुन्छ, त्यहाँ अनुगमन र मूल्यांकनमा स्थानीय सरोकारवालाहरू र लक्षित समूहको सहभागी गराइनुपर्ने ।<br>• महिला, विपन्न, जोखिममा परेका र वञ्चितहरूलाई प्रभावित गर्ने विषयहरूमा आएका परिवर्तनलाई छुट्टाछुट्टै तथ्यांङ्क र प्रमाणहरू संकलन गर्ने र निर्णयका लागि सूचित गर्ने । |
| रिपोर्टिङ | • रिपोर्टिङ फाराम जेसी दृष्टिकोणको उपयोग गर्दै बनाउनुपर्दछ । आवश्यक नतिजा सूचकहरूमा लाभान्वितहरूको खण्डीकृत तथ्यांङ्क यसमा समावेश रहनुपर्ने । सम्बन्धित नतिजा सूचकहरूमा भिन्न सामाजिक समूहका लाभान्वितहरूको बीचको तुलना आवधिक रूपमा तयार गर्ने । प्रतिवेदनमा जेसीको दृष्टिकोणबाट प्रभावकारी प्रयासहरू, चुनौतीहरू, सिकेका पाठहरू, र सुझावहरू सम्मिलित हुनुपर्ने । महिला, विपन्न, जोखिममा परेका र वञ्चितका आवाजहरू र उनीहरूले आयोजना अवधिमा प्राप्त गरेका लाभहरू बारेको घटना अध्ययनले उपयागी पाठहरू दिन सक्दछ । |
| मूल्यांकन | • मूल्यांकनमा जेसीसम्बन्धी प्रश्नहरू समावेश छन् भन्ने सुनिश्चित गर्ने, जुन परियोजना/कार्यक्रमको कार्य विवरण र अवस्था विश्लेषणसँग सम्बन्धित हुनुपर्छ ।<br>• मूल्यांकन टोलीमा जेसी विज्ञ समावेश गर्ने र मूल्यांकन टोलीका सबै सदस्यहरूमा मूल्यांकन गरिने आयोजना/कार्यक्रमको परिप्रेक्षमा जेसी सम्बन्धी केही न केही ज्ञान भएको सुनिश्चित गर्ने ।<br>• उपयुक्त विधि प्रयोग गरी महिला, विपन्न, जोखिममा परेका र वञ्चित समूहको सुझाव संकलन गर्ने ।<br>• महिला, विपन्न, जोखिममा परेका र वञ्चित समुदायमा परेको प्रभावलाई छुट्टाछुट्टै रूपमा हेर्न सकिने विधिहरूको विकास र उपयोग गर्ने ।<br>• परिमाणात्मक र गुणात्मक दुवै प्रकारको विधिहरू सम्भव भएको ठाउँमा उपयोग गर्ने ।<br>• महिला, विपन्न, जोखिममा परेका र वञ्चितले हाँसिल गरेका लाभहरू देखिने खण्डिकृत तथ्यांङ्क र मूल्यांकन प्रतिवेदन तयार गर्ने र अन्य विषयबस्तुको पनि टिप्पणी गर्ने ।<br>• महिला, विपन्न, जोखिममा परेका र वञ्चित समूहमा पर्न जाने असरबारे स्पष्ट उल्लेख गर्ने ।<br>• कुनै पनि मूल्यांकनको लागि, जेसी सम्बन्धी निष्कर्षहरू र सिफारिसहरू समावेश भएको व्यवस्थापन योजना तय गर्ने । |

४२. वित्तीय विनियोजन विश्लेषण विधि जेसीमैत्री बजेट विनियोजन र खर्च पहिल्याउन प्रयोग गरिने विधि हो । यो नेपाल सरकारले अभ्यास गर्ने जेण्डर रेस्पोन्सिभ बजेटिङ (जिआरबी) अभ्यास भन्दा फरक हो र नेपालमा केही आयोजना/कार्यक्रम/मूल्यांकन/समीक्षाले जेण्डर रेस्पोन्सिभ बजेटिङको एउटा उपभागको रूपमा लागू गरेको पाइन्छ । वित्तीय नियोजन विश्लेषण विधि नेपालमा धेरै किसिमका समीक्षाहरूमा प्रयुक्त गरिएको पाइन्छ (जस्तै बालबालिका स्वास्थ तथा परिवार स्वास्थ्य योजनामा जेसी, FHD, CHD and NHSSP, 2013, विश्व बैंक, एशियाली विकास बैंक र डि.एफ.आइ.डि.ले वित्तीय सहयोग गरेको सेक्टरल दृष्टिकोणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण २०१२, MEDEP, DFAT/UNDP, 2014 को लैङ्गिक प्रभाव मूल्यांकन २०१४, र संयुक्त राष्ट्र संघका दक्षिण र दक्षिण-पूर्व एशियाका (माल्दभ्सि, इन्डोनेशिया फिलिपिन्स) केहि कार्यक्रमहरू ।

४३. यो प्रारूपले विकास साझेदारहरूलाई जात/जातीगत हिसाबले छुट्टाछुट्टै तथ्यांकको मानक विकास गर्न सहयोग पुग्नेछ भन्ने आशा गरिएको छ । बिशेष आयोजनाको आवश्यकता अनुरूप छुट्टाछुट्टै विस्तृत तथ्यांकका लागि यसले स्थान दिन यो लचिलो भएता पनि, सन् २०११ को जनगणनाले प्रस्तुत गरेको वर्गीकरणलाई मानकको रूपमा सधै प्रयोग गर्नु आवश्यक छ । साझा मानक स्थापना गर्ने अन्तिम लक्ष्य हाँसिल गर्नको लागि नेपाल सरकारसँग यस विषयमा नजिक रहेर काम गर्नुपर्छ ।

सिक्न सक्छन् वा सक्दैन भन्ने निक्र्यौल गर्नसक्दछ। सम्बन्धित नतिजाहरूमा परिवर्तन आयो कि आएन भन्ने मापन गर्नको लागि संकलन गरिने परिमाणात्मक तथ्यांङ्कहरू बाहेक, अनुगमन टोलीले वञ्चितीकरण भोगिरहेका प्रतिनिधिमूलक संघसंस्थारू र अन्य समेत समुदायका महिला तथा पुरुषसँग परामर्श गर्नुपर्दछ। अनुगमन र मूल्यांकन कामको नतिजा र परिणाममा केन्द्रित रहनुपर्दछ । साथै यसको कार्यान्वयनको प्रक्रियालाई पनि हेर्नुपर्दछ : के गरिएको थियो वा यो कसरी गरिएको थियो, जेसीको दृष्टिकोणबाट कोसँग मिलेर गरिएको थियो भन्नेमा पनि अनुगमन केन्द्रित हुनुपर्छ (तालिका ८ मा हेर्नुहोला) ।

**नेपाल सरकारसँग जेसीलाई अनुगमन, मूल्यांकन र रिपोर्टिङ प्रक्रियामा एकिकृत गर्न साझेदारी :**

- मन्त्रालयहरूले तथ्यांक, सूचना र प्रतिवेदनहरू राष्ट्रिय योजना आयोगमा निर्दिष्ट अनुगमन, मूल्यांकन र रिपोर्टिङ फारमहरूमा बुझाउँदछ। ती फारममा केही सूचकहरूमा खण्डीकरणको माग गरिएको हुन्छ तर सबैतिर यो एकनासको भने हुँदैन।
- विकास साझेदारहरूले लैंगिक पहिचान र सामाजिक समूहहरूको खण्डीकृत विश्लेषणमा एकरूपता सुनिश्चित गर्नको लागि राष्ट्रिय योजना आयोगसँग विगतका कामहरूमा (उदाहरणको लागि गरिबी अनुगमन विश्लेषण प्रणाली र जिल्ला गरिबी अनुगमन विश्लेषण प्रणाली) थप गर्दै नजिक रहेर काम गर्नुपर्दछ । खण्डीकृत विश्लेषणमा एकरूपता जेसीको परिवर्तनको सिद्धान्त/जेसी अवधारणात्मक प्रारूपको अनुरूप हुनुपर्छ।

## ३.३ जेसीको लागि संस्थागत व्यवस्था

सामाजिक असमानताहरू सृजना गर्ने र त्यसलाई निरन्तरता दिने प्रक्रियाहरूको पहिचान गर्न संगठन भित्रको नियम र अभ्यासहरूको समीक्षा गर्नुपर्दछ । जेसीका नीतिहरू प्रतिका प्रतिबद्धताहरू कसरी अभिव्यक्त गरिएका छन् र प्रभावकारी तरीकाले कार्यान्वयन भएका छन् भन्ने कुरा नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयनमा कर्मचारीहरू माझ यसबारे रहेको ज्ञान, सीप र प्रतिबद्धतामा निर्भर रहन्छ । धेरै संस्थाहरूसँग औपचारिक नियम र कार्यविधिहरू हुन्छ तर अनौपचारिक मान्यताहरू र व्यवहारले नतिजाहरूलाई प्रभावित गर्दछ (तालिका ९ मा हेर्नुहोला) ।

**तालिका ९: जेसी मैत्री संस्थागत व्यवस्थाका लागि उपायहरू**

| काम/क्रियाकलाप | विधि/पद्धति/उपाय |
|---|---|
| संस्थागत व्यवस्था | • विभिन्न तहमा गरिएको जेसी सम्बन्धी कामको जिम्मेवारी बाँडफाँड पहिचान गर्ने र आवधिक रूपमा के प्रभावकारी भयो, के भएन र किन भन्नेबारे समीक्षा गर्ने ।<br>• सहभागीमूलक प्रक्रियाबाट वर्तमान कर्मचारीहरू वा टोलीको पहिचान गर्ने जसले जेसीका जिम्मेवारीहरूलाई प्रभावकारी ढंगले निभाउन सक्दछ । आवश्यक नयाँ सीपहरू र कार्यविधिहरूको निर्धारण गर्ने र सोही अनुरूप स्रोत/साधन र क्रियाकलाप तय गर्ने ।<br>• सहयोगका प्रावधान र प्रक्रियाहरू सहितको मानव संशाधन नीति जेसी मैत्री छ भन्ने सुनिश्चित गर्ने ।<br>• कर्मचारी भर्ना नीतिमा कम्तीमा पनि तल उल्लिखित पक्षहरू समावेश भएको हुनपर्नेः<br>▪ आवश्यकता परिपूर्ति सम्बन्धी सूचना उपयुक्त भाषामा प्रकाशित गरिनुपर्ने र सामान्यता वञ्चिती समूहको पहुँच पुग्ने माध्यमबाट प्रचार गरिनुपर्ने,<br>▪ भर्ना समितिको कार्य विवरणमा जेसी जिम्मेवारी तोकिनुपर्ने। यदि यो सम्भव नभएमा, जेसीमैत्री भर्ना निर्देशिका निर्माण गरिनुपर्ने,<br>▪ भर्ना समितिका सदस्यहरूमा जेसी विज्ञ रहनुपर्ने,<br>▪ उम्मेदवारको गुण वा दक्षता, उसको शैक्षिक योग्यताको आधारमा मात्रै मूल्यांकन नगरी, उसको भाषामा दखल, र स्थानीय सामाजिक आयामको बुझाई तथा अनुभवको आधारमा पनि गरिनुपर्ने ।<br>**जेसी जिम्मेवारीको संरचना र स्थानः** जेसी जिम्मेवारी स्पष्ट रूपमा एउटा टोली/इकाइलाई दिइनुपर्दछ। सम्भव भए सम्म, तालिम प्राप्त जेसी सल्लाहकारले जेसी सम्बन्धी प्राविधिक सहयोग पुऱ्याउने ।<br>**लैंगिक पक्ष सम्बन्धि व्यक्तिगत जिम्मेवारीमा सहयोगः** काममा पुरुष तथा महिला र तेस्रो लिंगीका कर्मचारीहरू पूर्ण रूपले भाग लिन सकुन् र साथमा व्यक्तिगत तथा सांस्कृतिक जिम्मेवारी र आवश्यकताहरू पनि निभाउन सफल होऊन् भन्ने हेतुले संस्थाले उचित व्यवस्था मिलाउने प्रयाश प्रयाश गर्नुपर्नेछ। यसमा शिशु स्याहार प्रबन्ध, महिला र पुरुषलाई सुत्केरी बिदा, र/वा व्यक्तिगत र पारिवारिक संकटहरू निवारण गर्न कार्यालय समयमा लचकताको आवश्यकता पर्दछ। कर्मचारी भर्नामा सकारात्मक विभेदको नीति अबलम्बन गर्नुपर्दछ।<br>**बढुवा र सरुवाः** कर्मचारी खटाइने स्थान र सरुवा गर्दा लैंगिक मैत्री आधारहरू उपयोग गरिनुपर्ने । यस्तो निर्णयमा सकरात्मक विभेदको नीति अबलम्बन गर्नुपर्दछ ।<br>**गुनासा तथा निराकरण संयन्त्रः** कर्मचारीहरूसँगको छलफल र परामर्शबाट गुनासा तथा निराकरण संयन्त्र विकास गरिनुपर्दछ । यौनजन्य दुर्व्यावहारको (sexual harassment) को मुद्दालाई हेर्ने विशेष संयन्त्रको निर्माण गर्ने र भाषिक सांस्कृतिक, जातिगत विभेदका सवाललाई हेर्ने संयन्त्रको विकास गर्ने र यसलाई प्रभावकारी रूपमा सुचारु बनाउने । |

**कार्यस्थलको संस्कार:** कार्यस्थलको संस्कार जेसी मैत्री हुनुपर्दछ । विभेदपूर्ण व्यवहार, विभेदपूर्ण भाषाको प्रयोग र भावभंगीमाहरूप्रति शून्य सहनशीलता (zero tolerance) नीति हुनुपर्दछ । विविधता/बहुलता समेटेको कर्मचारी समूह र विविध दृष्टिकोणलाई सम्मान गर्ने सकरात्मक वातावरणलाई प्रवर्द्धन गर्नुपर्दछ ।

**विविधता:** संस्थाको हरेका तहमा सकरात्मक भर्ना अभ्यासबाट बहुल प्रोफाइल बनाउने कुराको प्रवर्द्धन गर्नुपर्दछ । संस्थामा विविध अनुभव र दृष्टिकोण उपलब्ध होस् भन्नाका लागि कर्मचारी बनोटमा बहुलता/विविधता (workforce diversity) प्रवर्द्धन गर्नुपर्दछ ।

**कार्य जिम्मेवारी सूची (टिओआर):** कर्मचारीको कार्य जिम्मेवारी सूची (टिओआर) को उद्देश्य, जिम्मेवारी र आवश्यक योग्यतामा जेसी संलग्न गर्नुपर्ने ।

**क्षमता अभिवृद्धि:** संस्थाले निरन्तर रूपमा जेसी सम्बन्धी क्षमता र सीपको विकास गर्नुपर्दछ । ऐतिहासिक वञ्चितीकरण, कम अवसर प्राप्ति (opportunity/exposure) र कम अनुभवको कारणले महिला र वञ्चिती समूहका सदस्यहरूका लागि क्षमता अभिवृद्धिको बढी आवश्यकता हुनसक्छ जस्लाई संस्थाले सम्बोधन गर्नुपर्दछ ।

**कर्मचारी कार्य सम्पादन मूल्यांकन:** कर्मचारी कार्य सम्पादन मूल्यांकनमा जेसी सम्बन्धी सवाल र कामको समीक्षा गर्ने र कर्मचारीको जिम्मेवारीको क्षेत्रभित्र जेसीमैत्री व्यवहार/कामको समीक्षा गर्ने कुरा समावेश गर्ने ।



© SDC, Nepal




SDC, Nepal

# अनुसूची

## अनुसूची १: आइ.डि.पी.जी. जेसी कार्य समूहका सदस्यहरुको सूची (वर्णक्रम अनुसार)

- एसियाली विकास बैंक (एडिबी)
- अन्तर्राष्ट्रिय गैर सरकारी संस्था संघ
- संयुक्त अधिराज्यस्थित अन्तर्राष्ट्रिय विकास विभाग (डिएफआइडी)
- जर्मन विकास सहयोग, जिआइजेड
- अष्ट्रेलियाली दूतावास
- डेनमार्कको राजदूतावास
- फिनिस राजदूतावास
- फ्रान्सेली राजदूतावास
- नर्वेली राजदूतावास
- स्वीस राजदूतावास
- युरोपेली युनियन (इयु)
- संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)
- संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष
- संयुक्त राष्ट्रसंघीय शरणार्थी सम्बन्धि उच्च आयुक्तको कार्यालय
- संयुक्त राष्ट्रसंघका आवासीय प्रतिनिधिको कार्यालय
- संयुक्त राष्ट्रसंघीय लैंगीक समानता तथा महिला शसक्तीकरण सम्बन्धि निकाय (यु.एन.वुमन)
- अमेरीकी अन्तर्राष्ट्रिय विकास नियोग (यु.एस.ए.आइ.डी)
- विश्व बैंक


SDC, Nepal


SDC, Nepal



SDC, Nepal

# अनुसूची २ः परामर्श गरिएका व्यक्तिहरूको सूची

## क. केन्द्रीय तह

**क.१. सरकारः** १७ (राष्ट्रिय दलित आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सहरी विकास मन्त्रालय, खानेपानी तथा ढलनिकास विभाग, शहरी विकास तथा भवन निर्माण विभाग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, कृषि विकास मन्त्रालय, वन तथा भूसंरक्षण मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य मन्त्रालय)

**क.२. विकास साझेदारहरूः** १० (एडिबी, एआइएन, डिएफआइडी, फिनिस राजदूतावास, स्विस राजदूतावास/ एसडिसी, जिआइजेड, युएनडिपी, युएनवुमन, युएसएआइडी)

**क.३. परियोजना/कार्यक्रम कर्मचारीः** ३ (साना सिंचाइ कार्यक्रम, स्थानीय सडक तथा पुल सहायता एकाइ)

**क.४.गैससहरू/सिबिओहरू/महासंघ/समितिहरूः** १३ (नेपालका अपाङहरूको राष्ट्रिय महासंघ, दलित महिला महासंघ, इस्लाम संघ, मुलधार महिला सेवा केन्द्र, नेपाल आदिवासी जनजाति महासंघ, नेपाल आदिवासी जनजाति महिला महासंघ)

## ख. जिल्ला तह

**ख.१. सरकारः** ४८ (जिल्ला कृषि विकास अधिकृत- डडेलधुरा, बाँके, दोलखा, कास्की, मोरङ; जिविस- कास्की, मोरङ, डडेलधुरा, बाँके; जिल्ला शिक्षा अधिकारी- बाँके, कास्की, दोलखा, डडेलधुरा, मोरङ; जिल्ला वन अधिकृत- डडेलधुरा, बाँके, दोलखा, मोरङ; जिल्ला स्वास्थ अधिकृत- बाँके, दोलखा, कास्की, मोरङ; डिएलएसओ- डडेलधुरा, बाँके, दोलखा, मोरङ; डिआरओ- मोरङ; डब्लुसिडिओ- दोलखा, कास्की, मोरङ; डिडब्लुएसओ- डडेलधुरा, दोलखा, कास्की, मोरङ)

**ख.२. विकास साझेदारहरूः** २ (युनिसेफ, दोलखा)

**ख.३. परियोजना/कार्यक्रम कर्मचारीः** ११ (किसान/युएसएआइडी बाँके, एलजिसिडिपी बाँके, एलजिसिडिपी कास्की, एमपिडिएस डडेलधुरा, पिएएफ साझेदारी विकास कार्यक्रम/युएसएआइडी दोलखा)

**ख.४. गैससहरू/सिबिओहरू/महासंघ/समितिहरूः** २१ (दलित वर्ग उत्थान समन्वय समिति दोलखा, एमाले-माओवादी मोरङ, बहिरा विद्यालय समिति/अपाङ्ग संघ/बहिरा संघ दोलखा, जिल्ला अपाङ्ग सेवा समिति डडेलधुरा, आरआइसी डडेलधुरा, आरभिडब्लुआरएमपी डडेलधुरा)



UN Women Nepal


श्री गरीब नवाज सार्वजनिक जग्गा वन
व्यवस्थापन समूह
कपिलवस्तु
पृष्ठभूमी -
समूह गठन - वि.स. २०६६
वनको किसिम - वृक्षारोपण
हाल समूहमा आबद्ध घरधुरी - २२
कार्यसमितिको बनावट
व्यवस्थापन पूर्वको अवस्था
खाली र पर्ती जग्गा
छाडा प्रथा
नदी कटान हुने गरेको ।
व्यवस्थापन पछिको अवस्था
नदी कटान रोकथाम ।
चरिचरन र छाडा प्रथा बन्द ।
प्राकृतिक पुनरउत्पादन भइरहेको ।

© SDC, Nepal

# अनुसूची ३ : विकास साझेदारहरू बीच जेसी सम्बन्धी एकरूपता र भिन्नताहरूको नक्शांकन

तलको तालिकाले विकास साझेदारहरू र अन्तर्राष्ट्रिय गै.स.स.बीच लैंगिक समानता तथा सामाजिक समावेशीकरण (जेसी) अवधारणा, वञ्चितीकरणमा परेकाहरूको बारे परिभाषा, अवलम्बन गरिएका पद्धति र विधिहरूबारे एकरूपता र भिन्नताहरूबारे संक्षिप्त रूपरेखा[४४] प्रस्तुत गरिएको छ ।

| अवधारणा | विकास साझेदारहरू बीच साझा बुझाइ | विकास साझेदारहरू बीच मत भिन्नता/अन्तरविरोध | छलफलको लागि टिप्पणी/सुझाव |
|---|---|---|---|
| लैंगिक समानता बारेको परिभाषा | ● लैंगिक भूमिका, जिम्मेवारी, अवसर र निर्णय गर्ने अधिकार सामाजिक रूपले निर्मित महिला र पुरुषबीचको शक्ति सम्बन्धले स्थापित भएको हो भन्ने बुझाइमा एकरूपता छ । लैंगिक समानता भनेको सन्तुलित शक्ति सम्बन्धको अवस्था हो जतिखेर महिला र पुरुष दुवैलाई समान अधिकार, जिम्मेवारी, अवसर र निर्णय गर्ने अधिकार दिइन्छ । | ○ जात/जाती, स्थान, उमेर जस्ता अन्य समताको सवालहरूसँग जोडिएको परिभाषामा 'शक्ति' शव्दको प्रयोगले लैंगिक समानता भनेको सीमित जोड घटाउको खेल (zero sum game) हो जहाँ महिलालाई लाभ हासिल गरे पुरुषले गुमाउँछ भन्ने भान पार्न सक्दछ भन्ने सरोकार । (RCO, USAID, UNFPA and some other DPs) अवसरमा समानता र नतिजामा समानताबीच भिन्नता स्पष्ट गर्नुपर्ने (DFID) । | यो सरोकार (zero sum game) यतिखेर मात्रै सान्दर्भिक हुन आउँदछ जतिखेर लोकतान्त्रिक मुल्य मान्यता, आपसी सहयोग र संवादले नभई उत्पीडन र त्यसको स्वीकारोक्ति लाई सामाजिक सम्बन्धको प्राकृतिक स्वरूपको रूपमा लिइन्छ । |
| सामाजिक समावेशीकरणको परिभाषा | ● वर्तमान संस्था, नीति, प्रणाली, मनोवृत्ति र मूल्यहरूमा निहित बाधाहरूलाई सम्बोधन गरी ऐतिहासिक रूपमा वञ्चितीकरणमा परेका समूहहरूको समावेशीको लागि गरिने सचेत योजना । | ○ केही संस्थाहरूको सामाजिक समावेशीकरणको परिभाषा छैन (केयर नेपाल, युएनवुमन) । सामाजिक समावेशीकरण भनेको समाजमा भाग लिनको लागि पहिचानको आधारमा वञ्चितीकरणमा परेका जनताको क्षमता, अवसर, र स्वाभिमानमा सुधार ल्याउने प्रक्रिया हो (WB) । | सामाजिक समावेशीकरणलाई सबै जेसी कार्य समूहका सदस्यहरूले लैंगिक तथा विपन्नता जस्ता पक्षहरू समेतको अन्य वञ्चितीकरणको आयामहरूसँग सम्बन्धित वञ्चितीकरण हो भन्ने बुझ्नु पर्दछ । सामाजिक समावेशीकरण केवल प्रतिनिधित्वको सवाल मात्रै होइन भन्ने कुरामा पनि स्पष्टता चाहिन्छ । |
| ऐतिहासिक रूपमा वञ्चितीकरण परेकाबारे परिभाषा | ● लिङ्ग, जात/जाति, भाषा, वा स्थानको आधारमा निश्चित समूह माथि विगतमा भएको विभेद जुन पुस्तौनी रूपमा आएको छ । जसको कारणले यी समूहहरू सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र कानुनी रूपमा वञ्चितीकरणमा पर्दछ ।[४५] यो वञ्चितीकरण समाज निर्मित हो । | ○ एलजिबिटिआइ समुदाय माथि हुने विभेद यसमा समावेश छैन (लैंगिक वर्गीकरण भित्र नै यो परेको मानेमा बाहेक) ।<br><br>वञ्चितीकरणमा परेका र जोखिममा परेका बीचको भिन्नतामा अस्पष्ट, त्यसैले जोखिममा परेका समूह (जस्तै बालबालिका, युवा, वृद्धवृद्धा, एचआइभी संक्रमित, अपाङ्ग, भूकम्प, बाढी, मानव वेचविखनबाट जोगिएकाहरू, आदि) सरोकारको विषय रहेका जेसी कार्य समूहका सदस्यहरू/निकायहरू जेसी एजेन्डामा सम्मिलित हुन्छ वा हुन्न स्पष्ट नभएको । | एलजिबिटिआइ समुदाय स्पष्ट रूपमा उल्लेख हुनुपर्ने वा 'लैंगिक वर्गीकरण' भित्र नै परेको प्रष्ट पार्नु पर्ने ।<br><br>ऐतिहासिक रूपमा प्रसारित हुने विभेदको आधारमा वञ्चितीकरणमा परेका र जीवन चरण, शारीरिक अवस्था वा महाविपत्तीजन्य बाह्य घटनामा परेका कारणले जोखिममा परेका समूहबीचको भिन्नतालाई स्पष्ट खुलाउनुपर्ने ।<br><br>जेसी कार्य समूहले यी दुवै समूह आफ्ना सरोकारको रहेको कुरा स्पष्ट पार्नुपर्ने । |

[४४] जेसी कार्य समूह सदस्यहरू र एआइएन का सदस्यहरूलाई तयार गरिएको चेकलिस्टमा उत्तर प्रस्तुत गर्न अनुरोध गरिएको थियो । CARE, DFID, DFAT, GIZ, Helvetas, ADB, Oxfam, SDC, SNV, Norway, UN Women and USAID चेकलिस्ट अनुसारको काम सपन्न गरयो । विश्वबैंकले छुट्टै आफ्नो सूचनाहरू पठायो । तालिकामा प्रस्तुत सूचना विकास साझेदारहरूले दिएका सूचनाहरू र वेब अनुसन्धान मार्फत प्राप्त सूचनाको आधारमा तयार गरिएको हो ।

[४५] विकास साझेदारहरू र नेपाल सरकारका सम्पर्क अधिकारीहरू बीच ८ जुन २०१६ मा भएको परामर्श गोष्ठीको छलफलको आधारमा ।

| अवधारणा | विकास साझेदारहरू बीच साझा बुझाइ | विकास साझेदारहरू बीच मत भिन्नता/अन्तरविरोध | छलफलको लागि टिप्पणी/सुझाव |
|---|---|---|---|
| जोखिममा परेकाको परिभाषा | ●<br>जोखिम परिस्थितिजन्य हुन्छ | ○<br>वञ्चितीकरणमा परेका र जोखिममा परेकाको भिन्नतामा अस्पष्ट तर केही जेसी कार्य समूहका सदस्यहरू र निकायहरूले निश्चित किसिमको जोखिममा परेका समूहलाई लक्षित गरेका छन्, जो वञ्चितीकरणमा भने नपरेको पनि हुनसक्छ। | जेसी कार्य समूहका सदस्यहरू र निकायहरू जसले जोखिममा परेका र वञ्चितीकरणमा परेका दुवै समूहलाई लक्षित गर्दछ उनीहरूले आफ्नो नतिजा प्रारूपमा दुवै समूहहरूलाई परिभाषित गर्नुपर्ने, र अनुगमन/मूल्याकनमा दुवै समूहको प्रगतिको मापन छुट्टा छुट्टै गर्ने व्यवस्थाको लागि सिफारिस गरिएको। |
| वञ्चितीकरणमा परेकाहरू को हुन्? | ●<br>सबै जात/जाति, स्थान र लिङ्गका विपन्नहरू।<br>महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्तिहरू र भौगोलिक रूपले दुर्गम क्षेत्रका, नागरिकता प्रमाणपत्र विहीनहरू। | ○<br>केही निकायहरूले बालबालिका, वृद्धवृद्धा, एचआइभी एडस संक्रमित, विपतकारी प्रकोपहरूबाट प्रभावित लाई लक्षित गरेका छन् र उनीहरूलाई वञ्चित समूहको रूपमा समावेश गरेकाछन्। | जेसी कार्य समूहका सदस्यहरू जो वञ्चितीकरणमा काम गरिरहेका छन् उनीहरू वञ्चितीकरण र जोखिम बीचको भिन्नताबारे स्पष्ट हुनुपर्ने र दुवैलाई लक्षित गरेको भन्ने कुरा खुला रूपमा उल्लेख गर्नुपर्ने सुझाव रहेको। |
| जोखिममा परेकाहरू को हुन्? | ⊙<br>बालबालिका, युवा, वृद्धवृद्धा, एचआइभी एड्स संक्रमित, अपाङ्ग, भूकम्प प्रभावित, यौनकर्मी, मानव वेचविखनमा परेका। | ○<br>जोखिममा परेकाहरूको परिभाषामा भिन्नता। कहिले अपाङ्गता भएका व्यक्तिहरू जोखिममा परेकाहरूको परिभाषामा पारिन्छ भने कहिले वञ्चितीकरणमा परेकाको रूपमा। | अपाङ्गता भएका व्यक्तिहरू जो एचआइभी एड्स संक्रमित र वृद्ध छ भने कुनै समाजमा उसलाई दुवै वर्गमा राख्ने गरेका देखिन्छ, उनीहरूले शारीरिक खतरा र नकरात्मक सामाजिक पहिचानबाट पीडित हुन्छन्।<br>जोखिमका खतराहरूलाई सामान्यतया भौतिक सहयोगबाट सम्बोधन गर्न र तिनलाई हटाउन वा घटाउन सकिन्छ। त्यसका विपरीत, वञ्चितीकरणका कारणहरू निश्चित समाज, अर्थतन्त्र, राज्य र मानिसहरूको विश्व दृष्टिकोणको संरचनागत तहमा निहित हुने हुनाले परिवर्तन हुन समय लाग्दछ। |
| परिवर्तनको सिद्धान्त | ऐतिहासिक रूपमा वञ्चितीकरणमा परेका समूहको क्षमता अभिवृद्धि र सशक्तिकरण समावेशी राज्य र समाज निर्माणको कामलाई प्रवर्द्धन गरी गर्न सकिन्छ र लोकतान्त्रिक संस्थागत थलो जहाँबाट उनीहरूले आफूलाई वञ्चितीकरणमा पार्ने प्रणाली र संरचनालाई चुनौती दिन सक्दछ। समान सम्मानको र स्थानीय र राष्ट्रिय स्तरमा गरिने उनीहरूको जीवनमा असर पार्ने निर्णयहरूमा प्रतिनिधित्वको माग गर्न सक्दछ।<br>संक्षेपमा, समावेशी राज्य र समाज मानव अधिकारको प्रगतिउन्मुख कार्यान्वयनबाट उजागर हुन्छ। | ○<br>सबै निकायहरूको स्पष्ट परिवर्तनको सिद्धान्त छैन, तर नतिजा तालिका र लगफ्रेममा देखिने सकरात्मक परिवर्तनको सिद्धान्त (वञ्चितीकरण बाट समावेशीकरणतिर) धेरै जसो निहित रहेको देखिन्छ। | |

| अवधारणा | विकास साझेदारहरू बीच साझा बुझाइ | विकास साझेदारहरू बीच मत भिन्नता/अन्तरविरोध | छलफलको लागि टिप्पणी/सुझाव |
|---|---|---|---|
| पद्धतिहरू | ● <br> महिला सशक्तिकरण, मूलप्रवाहीकरण, लक्षित वर्ग केन्द्रीत सेवा प्रदान, सामाजिक परिचालन, समूह गठन, क्षमता अभिवृद्धि । <br> ⊙ <br> लैंगिक र वञ्चितीकरणका अन्य आयामहरूबीचको अन्तरपक्षीय सम्बन्ध । | ○ <br> दोहोरो वञ्चितीकरणका आयामहरू पहिचान गर्ने, लक्षित समूह प्रतिशत, अधिकारमा आधारित वकालत, जीविकोपार्जन विकास, सेवा प्रदान, महिला बालिकाहरूमाथि हुने हिंसाको सम्बोधन । | व्यवस्थापन/शासनमा सुधार? |
| विधिहरू | ● <br> लैंगिक विश्लेषण, सामाजिक विश्लेषण, अवस्था विश्लेषणको लागि विभिन्न पिआरए विधिहरूको प्रयोग, गरिबी नक्शांकन, सामाजिक नक्शांकन, मन्त्रालयहरूको जेसी निर्देशिका अनुसार कार्यान्वयन र जिबिसको १४ पाइला योजना तर्जुमा प्रक्रिया । | ○ <br> निश्चित प्रतिशत सहित लाभान्वितहरूको निर्धारण, जेसी विश्लेषण, गरिबीका अन्तरनिहित कारणहरूको विश्लेषण, वञ्चित समूह नक्शांकन । | |
| योजना, कार्यक्रम र बजेट तर्जुमा | ⊙ <br> उद्देश्य, सूचकको एकीकृत, कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व, कम्तीमा एकजना महिला मुख्य पदमा । | ○ <br> जिआरबी, लगानी विश्लेषण, वित्त प्रवाह विश्लेषण । | |
| अनुगमन | ⊙ <br> सेवामा पहुँच, प्रतिनिधित्व, लिङ्गको आधारमा छुट्टाछुट्टै तथ्यांक । | ○ <br> छुट्टाछुट्टै तथ्यांकको आवश्यकता र अनिवार्यता (कहिले लिङ्गको आधारमा मात्रै, कहिले जात/जाति, अपाङ्गता र स्थानको आधारमा) । | |
| संस्थागत सवालहरू | ● <br> जेसी सम्पर्क अधिकृत, सकरात्मक विभेद (विशेष गरी महिलाको लागि), महिला र पुरुषलाई सुत्केरी विदा । | ○ <br> श्रमशक्तिमा बहुलता (workforce diversity) को नीति, वञ्चितीकरणमा परेकाहरूलाई केन्द्रित गरेर भर्ना, वञ्चितीकरणमा परेका समूहहरूलाई इन्टरर्नसीप, शिशु स्याहार र स्तनपानको लागि लचिलो समय, काम बाँडने, कर्मचारी कार्य सम्पादनमा जेसी । | |

चिन्हहरू: ●:पूर्ण एकरूपता, ⊙:आंशिक एकरूपता, ○:अवधारणा र पद्धतिबारे बुझाइमा भिन्नता




SDC, Nepal

# अनुसूची ४ : नेपाल सरकारको निर्देशिकाहरूबाट लिइएका परिभाषाहरू

तल दिइएका परिभाषाहरू नेपाल सरकारको निर्देशिकाहरूबाट लिइएका हुन् :

**श्रोत:** Operational Guidelines for Gender Equality and Social Inclusion Mainstreaming in the Health Sector, Ministry of Health and Population (MoHP), 2013

लैंगिक भन्नाले महिला र पुरुषहरू बीचको सामाजिक रूपले निर्मित/निर्धारित शक्ति सम्बन्ध, जसले महिला र पुरुषहरूको समाजमा भूमिकाहरू, जिम्मेवारी र निर्णय अधिकार स्थापित गर्दछ ।

लैंगिक समानता तथा सामाजिक समावेशीकरण (जेसी) को अवधारणाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरू बीचको असमान शक्ति सम्बन्धहरूलाई सम्बोधन गर्दछ । विकासमा जेसी पद्धतिले यस्ता शक्ति सम्बन्धलाई पुन: सन्तुलित गर्न र हरेक व्यक्तिले जुनसुकै सामाजिक पहिचान भएता पनि समान अधिकार, अवसर र सम्मान प्राप्त गर्न सक्ने कुरा सुनिश्चित गर्ने आवश्यकता माथि केन्द्रित गर्दछ ।

सामाजिक समावेशीकरण भनेको यस्तो प्रक्रिया हो, जसबाट गरिबी र वञ्चितीकरणको जोखिममा रहेकाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा पूर्ण रूपले सहभागी हुन उनीहरूलाई आवश्यक सम्मान, अवसर र स्रोतप्राप्त गर्न र आफू बस्ने समाजमा स्वभाविक मानिने जीवनस्तर र सुखी अवस्थामा बाँच्न पाउने सुनिश्चित गर्दछ । यसले उनीहरूको जीवनमा असर गर्ने निर्णय प्रक्रियामा सहभागी हुन र आफ्नो मौलिक अधिकार उपभोग गर्न आवश्यक श्रोत, अवसर र सेवा प्राप्त गर्न पनि सुनिश्चित गर्दछ ।

**श्रोत:** Operational Guidelines for Mainstreaming GESI in MoUD, Ministry of Urban Development Government of Nepal, 2013

लैंगिक समता भन्नाले महिला र पुरुष दुवैप्रति निष्पक्ष रहने प्रक्रिया हो । लैंगिक समता भनेको महिला र पुरुषलाई लाभ र जिम्मेवारी वितरणमा निष्पक्षता र न्यायको सुनिश्चित गर्नका लागि चालिने कदमलाई सम्झनुपर्छ ।

लैंगिक समानताले हरेक मानिसहरू आफ्नो व्यक्तिगत क्षमताहरू विकास गर्न, सीमित लैंगिक भूमिकाभन्दा बाहिर रहेर, र स्व:निर्णय गर्ने स्वतन्त्र रहने अवस्थालाई जनाउँदछ । महिला र पुरुष बीचको फरक व्यवहार, आकांक्षा र आवश्यकताहरूको समान हैसियतमा मनन् गर्नु, त्यसको महत्वलाई बुझ्नु र समर्थन गर्नु हो ।

**श्रोत:** स्वास्थ्य क्षेत्रमा लैंगिकसमानता र सामाजिक समावेशी मूलप्रवाहीकरण सम्बन्धी कार्य निर्देशिका, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, (२०७०)

वञ्चित समूह भन्नाले सिलासिलाबद्ध रूपमा लामो समयदेखि आर्थिक, जातप्रथा, जातीय, लैंगिक, अपाङ्गता, यौनिक तथा लैंगिक अल्पसंख्यक एवं भौगोलिक कारणहरूले गर्दा पछि परेको समूह बुझ्नुपर्दछ । स्वास्थ्य क्षेत्रको जेसी रणनीतिले वञ्चित समूहको रूपमा राष्ट्रिय विकासका प्रयासहरूबाट लाभ लिन नसकेका 'महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरिक एवं दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता' लाई परिभाषित गरेको छ । विपन्न भन्नाले नेपाल जीवनस्तर सर्वेक्षण, २०६६/६७ ले परिभाषित गरेअनुसार औसत प्रतिव्यक्ति प्रतिदिन २२२० क्यालोरी बराबरभन्दा कम खाद्य पदार्थको उपभोग गर्ने घरपरिवार एवं व्यक्तिहरूलाई र प्रति व्यक्ति प्रति वर्ष रु. ११,९२९ भन्दा कम खाद्य पदार्थ र रु. ७,३३२ भन्दा कम गैरखाद्य पदार्थमा खर्च गर्ने लाई मानेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सामाजिक सुरक्षा इकाई निर्देशिकाले (डिसेम्बर २०१२) ले वर्षमा ६ महिना भन्दा बढी र १२ महिना भन्दा कम खाद्य सुरक्षा भएकोलाई विपन्न मानेको छ । यसले आफ्नै जग्गा, व्यवसाय र पेशाबाट वर्षमा ६ महिना भन्दा कम खान पुग्नेलाई अति विपन्नको रूपमा परिभाषित गरेको छ ।

**श्रोत:** Operational Guidelines for Mainstreaming GESI in MoUD, Ministry of Urban Development Government of Nepal, 2013

'वञ्चित समुह' भन्नाले महिला, दलित, आदिबासी जनजाति, मधेशी, मुस्लिम, अपाङ्ग, वृद्धवृद्धा र दुर्गम क्षेत्रमा बसोबास गर्ने समुदाय सम्झिनु पर्दछ । यी समूहहरू लामो समयदेखि आर्थिक, जातप्रथा, जातीयता, लैंगिक, अपाङ्गता, एवं भौगोलिक कारणहरूले गर्दा सिलसिलाबद्ध ढंगले वञ्चितीकरणमा पारिएको समूह बुझ्नु पर्दछ र यसमा यौनिक तथा लैंगिक अल्पसख्यंक


UN Women, Nepal


SDC, Nepal

समूह पनि पर्दछ ।



Chudamani Joshi

# अनुसूची ५ः जेसी साझा परिवर्तनको सिद्धान्तमा अभिव्यक्त हुने विभिन्न विकास साझेदारहरूको मुख्य धारणाहरू

२००६ देखि जेसी सम्बन्धी विकास साझेदारहरूको काममा परिवर्तनका तीन अन्तरसम्बन्धित कारकहरूको परिकल्पना गरिएका छ :

१) महिला, विपन्न र वञ्चितकरणमा परेकाहरूको जीविकोपार्जनको लागि अवसर र लाभहरूको पहुँचमा अभिवृद्धि गर्ने,

२) महिला, विपन्न, र वञ्चितीकरणमा परेकाहरूलाई उनीहरूको जीवनमा प्रभाव पार्ने संस्थाहरूमा अर्थपूर्ण हिसाबले भाग लिने, प्रभाव पार्ने र तिनलाइ उत्तरदायी बनाउने प्लेटफर्म उपलब्ध गराउने, र

३) 'खेलका नियमहरू' लाई बदल्नु (जस्तै औपचारिक नीतिहरू र गहिरोसँग अन्तरनिहित मनोवृत्ति र लैंगिक मान्यताहरू दुवै जसले दिनानुदिनका अनौपचारिक व्यवहारहरूलाई प्रभाव पार्दछ) जसले लैंगिक विभेद र सामाजिक वञ्चितीकरणलाई निरन्तरता दिन्छ ।[४६]


यो खाकालाई डिएफआइडी, एडिबि र विश्व बैंकले अहिले पनि अबलम्बन गर्दछन् र यसले एसडिसी र एसएनभीको सोचलाई पनि प्रभावित गरेको छ । यसले दुई तहहरूमा काम हुनुपर्ने अपिल गर्दछ :

१) सूक्ष्म तहमा प्रत्यक्ष रूपमा जनतासँग, उनीहरूको आवश्यकता- आधारभूत जीविकोपार्जन र आत्मनिर्णयको भावनाबोध दुवैका लागि काम गर्ने, र

२) उपल्लो तहमा प्रणालीहरूमा काम गर्ने, नीति र संस्थाहरू जसले जीविकोपार्जन र एजेन्सी (क्षमता) मा पहुँचलाई निर्धारित गर्दछ ।

यो दुई-तहगत पद्धति युएन वुमनको खाकासँग सामञ्जस्यता राख्दछ जसले नागरिकको तहमा जोड दिन्छ र 'आवाज, एजेन्सी (क्षमता) र सीप तथा परिवार र समूह स्तरमा परिवर्तन ल्याउने शक्ति' को लागि सबै भन्दा जोखिममा रहेका महिलासम्म पुग्न माग गर्दछ र 'संस्थागत गरिएका विभेदकारी मान्यताहरू र महिलालाई अधीनस्थ पार्दछ'[४७], तिनका विरुद्ध संस्थागत तहमा काम गर्न जोडदिन्छ ।

## बक्स १ः परिवर्तनका तीन पक्षहरू




४६ World Bank and DFID, 2006.Unequal Citizens: Gender, Caste and Ethnic Exclusion in Nepal – Summary, Kathmandu, Nepal. p. 9.

४७ राज्य, अर्थतन्त्र र समाजको परिधि र सीमारेखा एकछत्र हुँदैन – र यो द्वन्द्वको स्रोतपनि हुनसक्दछ – तर यी तीन क्षेत्र एक आपसमा जेलिएको हुन्छ ।

## बक्स २: केयर नेपालको समता र समावेशीताको अवधारणागत खाका




**रूपान्तरणकारी पद्धति र रणनीतिहरू, जसले समानताका मान्यताहरू र संरचनाहरू तथा सबै बहुल जनता र लिङ्गका व्यक्तिहरूबीच समानताको सम्बन्ध प्रवर्द्धन गर्दछ र प्रभाव पुऱ्याउन चाहेको समूहमा परिवर्तन ल्याउन मद्दत गर्दछः**

**एजेन्सी निर्माणः**
व्यक्तिमा अभिलाषा, ज्ञान, सीप र प्रतिभाको विकास

**सन्तुलित सम्बन्ध**
परिवार र समुदाय भित्रको शक्ति सम्बन्ध, र अझ बलियो र समतामूलक सम्बन्धको लागि प्रणाली विकास गर्ने, र

**संरचनाहरूलाइ चुनौती दिनेः**
शक्ति असन्तुलन, विभेदकारी सामाजिक मूल्य/मान्यताहरू, नीतिहरू र संस्थाहरू लगायतका अन्तरनिहित संरचनागत तथा संस्थागत बाधाहरू

केयर नेपालले समता र समावेशीताको निम्ति अघि सारेको नयाँ खाकाको प्रतिनिधित्व पनि यसमा भएको देखिन्छ जसले सन्तुलित शक्ति सम्बन्धको विकासको लागि र असमान शक्ति सम्बन्धलाई टिकाइराख्ने औपचारिक र परम्परागत संरचनालाई चुनौती दिन वञ्चित व्यक्ति र समूहहरूको स्वत्वमा (एजेन्सी) टेवा दिनुपर्ने कुरामा जोड दिन्छ (हेर्नुहोस बक्स २)।

युएसएआइडीको समावेशीताको पाँच आयामहरू बारेको अवधारणा (जस्तै, १. कानुनी अधिकार, नीति र संस्थाहरू, २. सांस्कृतिक मान्यताहरू, विश्वास र अनुभुतिहरू, ३. भूमिका, जिम्मेवारी र समयको उपयोग, ४. स्रोत, सेवा र अवसरहरूमा पहुँच, उपयोग र नियन्त्रण), ५. शक्ति र निर्णय प्रक्रियाको ढाँचाले पनि धेरैजसो तिनै पक्षहरूलाई समेट्दछ र समावेशीताको प्रक्रियामा यी सबै आयामहरूमा परिवर्तनको लागि हस्तक्षेप गर्नुपर्ने कुरा देखाउँदछ।

डिएफआइडीले नयाँ खाका यसमा थपेको छ जुन विशेषगरी समावेशीतालाई दिगो विकास लक्ष्य (एसडिजि) का 'कोही पनि पछाडि नछोडिऊन्' भन्ने प्रतिबद्धताहरूसँग जोड्नको लागि उपयोगी हुन्छ (हेर्नुहोस बक्स ३)। यसले पनि आर्थिक समावेशी र छिटोभन्दा छिटो वञ्चितीकरणमा परेका व्यक्ति र समूहहरूको दैनिक जीवनमा सुधारको लागि आधारभुत सेवाहरूमा सुधारमा जोडदिन्छ। औपचारिक र अनौपचारिक संरचनाहरूमा, सामाजिक मान्यताहरूमा, विभेदकारी कानुन र संस्थाहरू, र वञ्चितीकरणमुखी राजनीतिक सहमतिहरू जसले निश्चित समूहलाई निरन्तर बहिष्करणमा पार्दछ र 'पछाडि छाड्दछ' तिनमा दीर्घकालीन कामको लागि आह्वान गर्दछ।

यो खाँकामा अरू थप तत्व पनि रहेका छन्– तथ्य, सन्दर्भ र प्रमाणहरूको आधारमा उन्नत किसिमको बुझाइ। जेसी कार्य समूहको लागि यो अत्यन्तै महत्वपूर्ण छ। तर यसले अहिलेसम्म आवश्यक सामूहिक ध्यान प्राप्त गर्न सकेको छैन।

**युरोपेली संघः** युरोपेली संघको बाह्य क्रियाकलापहरूमा लैंगिक कार्ययोजना (२०१६-२०२०) मा प्रक्षेपित चार निर्णायक पक्षहरूको कार्यान्वयनमा युरोपेली संघ पूर्ण प्रतिबद्ध रहेको छ :

१) बालिकाहरू र महिलाहरूको शारीरिक तथा मानिसक सम्पूर्णता सुनिश्चित गर्न,
२) महिला तथा बालिकाहरूको सामाजिक र आर्थिक अधिकार/सशक्तीकरण प्रवर्द्धन गर्न,
३) बालिकाहरू र महिलाहरूको आवाज र सहभागिता अभिवृद्धि गर्न, र
४) युरोपेली संघको प्रतिबद्धताहरू अझ प्रभावकारी ढंगले पूर्ति गर्न संस्थागत संस्कारहरूमा परिवर्तन गर्न।

## बक्स ३ : कोही पनि पछाडि नछोडिउन्–डिएफआइडी खाका

**कोही पनि पछाडि नछोडिउन् – पहिला सबै भन्दापछाडि रहेकोसम्म पुगौं**

**सहभागिता र सक्रियता**

| कामको लागि बुझौं<br>तथ्य, परिवेश र प्रमाण | परिवर्तनको लागि सशक्त पारौं<br>आवाज, सशक्तिकरण र उत्तरदायित्व | अवसरमा समावेश गरौं<br>समावेशी उत्पादन, संस्था र सेवाहरू |
|---|---|---|
| तथ्यांक सम्बन्धी क्षमतावृद्धि र प्रगति मापन र रिर्पोटको लागि **छुट्टाछुट्टै** तथ्यांकको प्रयोग | **आवाज, विकल्प र नियन्त्रण** वृद्धि गरौं | **समावेशी उत्पादन, आर्थिक समावेशीता** प्रवर्द्धन गरौं |
| **को पछाडि छाडिएका छन्** र कहाँ र किन वञ्चितीकरणमा परेका छन् पत्ता लगाऔं | **हानिकारक मान्यताहरू** परिवर्तन गरौं र विभेदकारी कानुनहरूमा सुधारौं | समावेशी **राजनीतिक सहमति, संस्था, प्रणाली** र स्थिरता प्रवर्द्धन गरौं |
| फरक सन्दर्भमा **के काम प्रभावकारी भएछ** भन्ने पहिचान गर्न प्रमाण जुटाऔं | नागरिक समाजलाई पछाडि छाडिएकाहरूको प्रतिनिधित्व गर्न र सहयोग गर्न सघाऔं र **सरकार र कार्यान्वनकर्ताहरूलाई उत्तरदायी** बनाऔं | **समावेशी आधारभुत सेवाहरूमा** पहुँच, पहुँचमूलक पूर्वाधार र सामाजिक सुरक्षा सुनिश्चित गरौं |

**साझेदारी र उत्तरदायित्व**



USAID, Nepal



SDC, Nepal

# अनुसूची ६: आयोजना तहमा परिवर्तनको सिद्धान्तका (टिओसी) अवधारणाहरूलाई अनुगमन गर्न सकिने कार्यक्रमिक यर्थाथमा रूपान्तरण

जेसी 'कसरी' भन्ने कुरामा केन्द्रित रहको भाग ३ बाट अगाडि संक्रमणको लागि हामी परिवर्तनको सिद्धान्तहरूलाई[४८] (नेपालमा) वास्तविक परियोजनामा प्रयोग भएको एउटा उदाहरण प्रस्तुत गर्न चाहन्छौं । नेपालमा निश्चित रूपमा यस किसिमको परिवर्तनको सिद्धान्तहरू आयोजना र कार्यक्रको तहमा धेरै वटा विकास भएका छन् । तर हामी अमूर्त अवधारणा र विचारहरू (माथिका टिओसीहरूमा) बाट कार्यान्वयन तहमा हुने व्यवहारिक र मसिना कामहरूमा हुने जटिल संक्रमणलाई चित्रण गर्नको लागि हामीले यसलाई उदाहरणको रूपमा लिएको छौं । यो त्यो चरण हो, जतिखेर टिओसीमा समावेशी गर्न वा कम्तीमा पनि यसमा योगदान पुऱ्याउन परिकल्पना गरेका आयोजनाका क्रियाकलापहरू, राष्ट्रिय र स्थानीय शक्ति संरचनाका जटिल यर्थाथताहरू र यसका परिवर्तनलाई रोक्न खोज्ने पक्षहरूसँग साक्षात्कार हुन्छ । यहींनेर राष्ट्रिय र स्थानीय परिप्रेक्ष बुझ्न प्रयास गर्ने र धेरै किसिमका यर्थाताहरूलाई सम्बोधन गर्दै आयोजनालाई लचिलो र सृजनात्मक तरिकाले तय गर्ने कार्य महत्वपूर्ण हुन्छ ।


यो टिओसीमा कार्यान्वयनका विस्तृत पक्षहरूको रूपरेखा समावेश गरिएता पनि यो हामीले समीक्षा गरेका टिओसीका अमूर्त अवधारणाहरूसँग स्पष्ट सम्बन्ध राख्दछ । चित्रको पुछारमा रहेको समस्याको कथन र माथिल्लो आधा भागमा रहेको प्रभाव, उपलब्धि र प्रगतिका तहमा, यो टिओसी माथि उल्लेखित खाकामा उल्लेखित कस्तो परिवर्तन खोजिएको हो र त्यस्तो परिवर्तन गर्नको लागि के गर्न आवश्यक छ भन्ने सन्दर्भमा सामञ्जस्ता राख्दछ । चित्रको बायाँ पट्टिको भाग जनतामा केन्द्रित छ जसलाई सहायताको आवश्यकता छ र दायाँतिर संस्था र संगठनहरू छन् जसमा परिवर्तनको आवश्यकता छ । यी परिवर्तनहरूको लागि आयोजना जीवनस्तर र क्षमतामा सुधार गर्न तथा वञ्चितहरूको प्रभाव विस्तार गर्न आवाज र क्षमतामा सुधार गर्न र उत्तरदायी र सक्षम संगठनहरू र समतामूलक निति/नियमहरू बनाउन प्रतिबद्ध छ । यी सबै कुराहरू हामीले पहिले चर्चा गरेका प्रारूपहरूमा पनि पाएका छौं । तर यसमा कार्यान्वयनको पक्षमा जोड दिइएकाले नयाँ तत्व थप गरेको छ, त्यो हो कार्यक्रम कार्यान्वयन गर्ने सेक्टरले संगठनहरूको क्षमता अभिवृद्धिको भाग ।

विशेषगरी व्यवधानहरूको विश्लेषणमा र तिनका विरुद्ध आवश्यक निर्दिष्ट हस्तक्षेपहरूको तर्जुमामा, यो टिओसी अन्य अमूर्त र सामान्य टिओसीहरू भन्दा भिन्न छ (हेर्नुहोस्, चित्र १, चित्र २, र चित्र ४) र विशेष आयोजना वा कार्यक्रममा जेसी कार्यान्वयन गर्नको लागि व्यवहारीक विधि बन्न सक्दछ । परिवेशबारेको गहिरो ज्ञान र सबै तहका सरोकारवालाहरूसँगको लामो छलफल यसको लागि नितान्त आवश्यक छ ।

[४८] Inception Report, Impact Study on Empowerment of Women, Dalits, Indigenous Nationalities and Other Hard Core Poor through Micro-Enterprise Development, UNDP and DFAT, June 2016. This ToC was developed for the assessment of the GESI impact of the program and is not the ToC of MEDEP which is focused on poverty alleviation but has attempted to mainstream GESI to its fullest.



UN Women, Nepal


माथिल्लो प्रभाव
महिला, दलित, आदिबासी जनजाति र अति विपन्नहरू आर्थिक, सामाजिक र राजनैतिक अधिकार उपयोग गर्न सक्ने छन
महिला, दलित, आदिबासी जनजाति र अति विपन्नहरू माथि परिवार समुदाय, बजार र राज्य तहबाट हुने सबै प्रकारका विभेदमा कमी
प्रभाव
महिला, दलित, आदिबासी जनजाति र अति विपन्नहरुको सशक्तीकर
नतिजा
लघु व्यवसाय कार्यक्रममा (जस्तै MEDEP / MEDPA) मा लैगिंक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण
उपलब्धी
१. महिला, दलित, आदिबासी जनजाति र अति विपन्नहरूको जीवीकोउपार्जन क्षमतामा वृद्धि
२. महिला, दलित, आदिबासी जनजाति र अति विपन्नहरूको सशक्तीकरण, आवाज र प्रभाव पार्ने क्षमतामा वृद्धि
३. महिला, दलित, आदिबासी जनजाति र अति विपन्नहरु मैत्री ऐन नियम, असमतामुलक औपचारीक र अनौपचारीक नीति, मनोवृत्ति, सामाजिक मान्यताहरुमा परिवर्तन
४. नीति, संस्थागत व्यवस्था, कार्यक्रम, बजेट र अनुगमन र रिपोर्टिंगमा लैगीक समानता र सामाजिक समावेशीकरणको लागि MEDEP, MEDPA र अन्य संस्थाहरूको क्षमतामा आभिवृद्धि
कार्यक्रमहरु
महिला, दलित, आदिवासी जनजाति र अति विपन्नह(रूलाई नाफामूखी लघुव्यवसाय स्थापना र सञ्चालनमा सक्षम बनाउन वित्त, प्रविधि, बजार, प्राविधिक ज्ञान र अन्य आवश्यकताहरूको पहुँचमा सुधार गर्ने
सचेतनामा अभिवृद्धि र महिला, दलित, आदि(वासी जनजाति र अति विपन्नहरूको सहयोगको लागि लघु व्यवसाय सम्बन्धि सेवा, सरकारी सुबिधा, स्थानिय योजना निर्माण प्रक्रिया, गाविस, नगरपालिका र जिा(वसको बजेटबारे लक्षित समूहलाई सुसूचीत गर्ने
नीतिगत परिवर्तनका क्षेत्र पहिचान गर्ने, परिवर्तनको लागी वकालत गर्ने, आवश्यक परिवर्तनको लागि सारभुत प्राविधिक सहयोग उपलव्ध गराउने, लैंगिक समानताको लागि सामाजिक मान्यता, कानून र सेवाका प्रावधानमा परिवर्तन र सचेतना वृद्धि, । महिला/बालिकामाथि हुने हिंसा विरुद्ध पुरुष/बालक, महिला /बालिकाको मनोवृत्ति परिवर्तन गर्ने, जातिप्रथाजन्य विभेद सम्बोधन गर्न गैरदलितसँग काम गर्ने
आवश्यकताबारे लेखाजोखा र क्षमतामा कमीको विश्लेषणका आधामा मानव स्रोत, सीप र प्रणालीमा सुधार, लैससासलाई MEDEP, MEDPA र अन्य सरोकार राख्ने संस्था जस्तै BDSPO र DMEGA आदिमा मूलप्रवाहीकरण दिगो बनाउने योजना बनाउने
बाधाहरु
सजिलो ऋण उपलव्ध हुन नसक्नु, बजारको माग अनुसार उत्पादन गर्ने ज्ञान र सीप नहुनु, सिमित बजार श्रृंखला, बजार व्यवस्था, महिला, दलितलाई पर्ने सामाजिक सांस्कृतिक व्यवधान र आदिबासी जनजातिलाई पर्ने भाषिक व्यवधान
महिला, दलित, आदिवासी जनजाति र अति विपन्नमा उपलब्ध सेवा र तिनमा पहुँचमा पुग्ने चेतनाको कमी, लैंगिक, आय सामाजिक पहिचानको कारणले, लाभबाट वञ्चित भएको कारणले कमजोर आवाज र प्रभाव पार्ने क्षमता रहनु, आवाज र उत्तरदायीत्व बढाउन लैससास मैत्री र सहयोगी संस्थाको कमी
लघु व्यवसायमा लैससास निर्देशित गर्ने सिमित औपचारीक नीति, पुरुष उच्च जातको प्रभुत्व कायम राख्ने र विभेदलाई क्षमा दिने सामाजिक मान्यता, स्वशक्ति ह्रास, महिलाको मोलमोलाई गर्ने शक्ति र घुमफिर गर्ने विकल्पमा कमी
दैनिक रुटिनमा लैससासलाई सम्बोधन नगर्ने संस्थागत प्रणाली, संरचना, प्रक्रिया, कर्मचारीमा कार्य जिम्मेवारीमा लैससास ज्ञानलाई प्रयोग गर्ने सिमित बुझाइ र सीप
समस्या
पुरुष र महिलाबीच र भिन्न सामाजिक समूहहरू बीच असमान शक्ति सम्बन्ध, जात/जाती/आय/स्थान र लिंगमा आधारीत विभेद गर्ने र महिला, दलित, आदिवासी जनजाति र अति विपन्नहरूलाई लघुव्यवसायको विकासको निम्ति उपलब्ध स्रोत र अवसरहरूमा पहुँचमा व्यवधान खडा गर्ने सामाजिक मान्यताहरू



USAID, Nepal



SDC, Nepal



UN Women, Nepal